# समृद्धिको आरम्भ

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
सिंहदरबार, काठमाडौँ

समृद्धिको
आरम्भ

*प्रकाशक*
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौँ

संस्करण : दोस्रो

*डिजाइन/लेआउट*
महेन्द्र श्रेष्ठ / किरण माली

*प्रकाशित मिति* : २१ फागनु २०७६

*छपाइ व्यवस्थापन*
एम एस माउस प्रा.लि.
बागबजार, काठमाडौँ

२०७६ साल फागुन ३ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेको दुई वर्ष पूरा भएको छ। यस अवधिमा भएगरेका कामहरूको केही झलकलाई यस पुस्तकले समेटेको छ।

हिजो चुनावको बेलामा घोषणापत्रमार्फत जनतासमक्ष गरिएका वाचालाई सरकारले यहाँ आफ्नो लक्ष्यका रूपमा प्रस्तुत गरेको छ। निर्धारित लक्ष्यलाई हासिल गर्न सरकारले कस्ता नीति लियो ? कस्तो कार्यक्रम र बजेट विनियोजन गर्‍यो ? र, त्यसको कार्यान्वयनपश्चात् के परिणाम हासिल भयो भन्ने जिज्ञासा यस पुस्तकले मेटाउने छ।

सम्पूर्ण मन्त्रालयहरूले गरेका सबै कामको उपलब्धि प्रस्तुत गर्न यहाँ संभव थिएन। त्यसो गरिएन। तर, समेटिएका उपलब्धिहरूले **समृद्ध नेपाल, सुखी नेपाली**को साझा राष्ट्रिय आकांक्षा पूरा गर्न सरकार कसरी क्रियाशील छ भन्ने एउटा स्पष्ट तस्बिर देखाउँछ।

सरकार संचालनको दुई वर्ष अवधि पूरा भएको दिन फागुन ३ गते प्रकाशित पुस्तक 'आरम्भ' को पुनः डिजाइन र सामान्य भाषिक सम्पादनपश्चात् 'समृद्धिको आरम्भ' का रूपमा यसलाई प्रस्तुत गरिएको छ। यसले सम्पूर्ण जिज्ञासु महानुभावहरूलाई तथ्यको आधारमा सत्यमा पुग्ने र वस्तुस्थिति आत्मसात् गर्न सहयोग पुर्‍याउनेछ।

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
सिंहदरबार, काठमाडौँ

२१ फागनु २०७६

धन्यवाद !

*रिसर्च कन्सेप्ट एण्ड डिजाइन*
पोजेटिभ मेडिया एण्ड रिसर्च सेन्टर

*कन्सेप्ट* - बरदान गौतम
*रिसर्च* - विनोदकुमार चौधरी
*संयोजन* - नेत्रलाल सुवेदी
*डिजाइन (प्रथम संस्करण)* - भक्त थापा मगर

# विषयसूची


१. **आर्थिक क्षेत्र** ........ १

- अर्थ मन्त्रालय ........ ३
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ........ २१
- ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ........ ३९
- कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय ........ ५७
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ........ ७५
- वन तथा वातावरण मन्त्रालय ........ ८३
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ........ ९१

२. **सामाजिक क्षेत्र** ........ १०१

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ........ १०३
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ........ ११५
- खानेपानी मन्त्रालय ........ १२३
- युवा तथा खेलकूद मन्त्रालय ........ १३५
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ........ १४१
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ........ १५१

३. **पूर्वाधार क्षेत्र** ........ १५९

- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ........ १६१
- संचार तथा सूचना प्रविधि मन्त्रालय ........ १७९
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ........ १८७
- शहरी विकास मन्त्रालय ........ १९५

४. **सुशासन तथा अन्तरसम्बन्ध** ........ २०५

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २०७
- गृह मन्त्रालय ........ २१३
- रक्षा मन्त्रालय ........ २२३
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ २२७
- परराष्ट्र मन्त्रालय ........ २३१

**केही प्रमुख विश्व सूचक तथा सूचकांकमा नेपाल** ........ २३९

# आर्थिक क्षेत्र



- अर्थ मन्त्रालय
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



# अर्थ मन्त्रालय

## बजेट

रु. ३० अर्ब २२ करोड*

\+

रु. ३३ अर्ब ९१ करोड**

=

कूल

रु. ६४ अर्ब १३ करोड

३० लाख ५८ हजार करदाता करको दायरामा

एक नेपाली एक बैंक खाता अभियान अन्तर्गत करिब ६२ प्रतिशत नेपालीको खाता

प्रमुख विकासका साझेदारहरूबाट आगामी तीन वर्षभित्र करिब रु. ६ खर्ब बराबरको सहायता उपलब्ध गराउने आशय र प्रतिबद्धता



प्रदेश र स्थानीय तहलाई अतिरिक्त स्रोतको रोयल्टी बाँडफाँट

नेपाल उच्च आर्थिक वृद्धि गर्ने १० मुलुक भित्र समावेश

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

- **निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण अंगका रूपमा सामेल र प्रोत्साहन गरिनेछ।**
- **लगानीमैत्री वातावरण, अनुकूल श्रम सम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गरिनेछ।**

**लक्ष्य १**

## नीति र कार्यक्रम

- कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र सहरी विकासलाई आर्थिक वृद्धिको संवाहकका रूपमा पहिचान गरिएको छ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यी क्षेत्रमा केन्द्रित गरिनेछ।
- वैदेशिक लगानी तथा विकास साझेदारबाट प्राप्त स्रोतलाई यी क्षेत्रमा परिचालन गरिनेछ।
- साविकको सीमा क्षेत्र विकास कार्यक्रमलाई मधेस समृद्धि कार्यक्रममा आवद्ध गर्ने।



## उपलब्धि

- कृषिजन्य र औद्योगिक उत्पादनलाई संरक्षण तथा प्रबर्द्धन गरी स्वदेशी उत्पादनको उपभोगमा आत्मनिर्भर हुन तथा अनावश्यक र स्वास्थ्यका लागि हानिकारक वस्तुहरूको आयातलाई निरुत्साहित गर्न भन्सारका दरहरूमा संशोधन गरिएको छ।
- निर्यात व्यापारको प्रबर्द्धनको लागि आफ्नो उत्पादनको बीस प्रतिशतभन्दा बढी निकासी गर्ने सबै प्रकारका कच्चा पदार्थको आयातमा वण्डेड वेयर हाउसको सुविधा उपलब्ध हुने व्यवस्था मिलाइएको छ।
- कृषिमा आधारित सहकारी उद्योग पैठारी गर्ने ढुवानी साधनमा ५० प्रतिशत छुट दिइएको छ।
- कपडा उद्योगहरूले आफ्नो स्वःप्रयोजनको लागि आयात गर्ने मिल मेशिनरी र पार्टपूर्जा एवं केमिकलहरूमा एक प्रतिशत मात्र भन्सार महसुल लगाइएको छ।
- स्वदेशमा प्रशस्त सम्भावना भएका कपडा, धागो, चिया, आधारभूत औषधि, महिलाहरूले प्रयोग गर्ने स्यानेटरी प्याड, फिड सप्लिमेण्ट जस्ता उद्योगको संरक्षण र प्रबर्द्धनका लागि यस्ता उद्योगहरूले पैठारी गर्ने औद्योगिक मेशिनरी तथा यन्त्र उपचारमा लाग्ने भन्सार महसुल दर घटाइएको छ।
- नविनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको प्रयोग गरी 'स्टार्ट अप' व्यवसाय गरेका तर करको दायरामा नआएका व्यक्तिहरूले २०७६ पुस मसान्तभित्र मूल्य अभिवृद्धि कर र आयकरको दायरामा आएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अघिका कर, जरिवाना, थप दस्तुर, शुल्क तथा व्याज मिनाहा हुने व्यवस्था मिलाइएको छ।
- शेयर कारोबारको पूँजीगत लाभ करको गणना भारित औसत लागत विधि बाट गर्ने व्यवस्था मिलाई शेयर लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिलाई लाग्दै आएको करको दर ५ प्रतिशत कायम गरिएको छ।
- भन्सारमा पेश गर्नुपर्ने सबै किसिमका कागजातहरू विद्युतीय माध्यमबाट बनाउने व्यवस्था मिलाई भन्सार जाँच पास प्रणालीलाई सरल बनाउन प्रक्रिया थालिएको छ।
- पूँजी निर्माणका लागि सञ्चित मुनाफालाई आफ्नै उद्योगमा पुनर्लगानी गरेमा लाभांश कर छुट हुने हालको व्यवस्थालाई विस्तार गरी सबै उत्पादनमूलक र पर्यटन उद्योगहरूलाई समेत यस्तो सुविधा दिइएको छ।
- एक सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योगहरूलाई आयकरमा सहुलियत दिन प्रस्ताव गरिएको छ।
- बैंकिंग क्षेत्रबाट निजीक्षेत्रलाई जाने कर्जामा संकुचन आउन नदिन बजेटमा आन्तरिक कर्जा लिनसक्ने व्यवस्था भए पनि अहिलेसम्म यस्तो कर्जा लिइएको छैन।
- व्यापार सहजीकरणलाई थप सरल र स्वचालित बनाउने क्रममा अन्तर्राष्ट्रिय व्यापार स्वचालित प्रणालीबाट जाँच पास गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ।

**सार्वजनिक–निजी साझेदारीलाई महत्वका साथ अवलम्बन गरिनेछ। अर्थ नीतिको महत्वपूर्ण आधारका रूपमा सहकारिताको मूल्य मान्यतामा आधारित सहकारी प्रणालीलाई प्रबर्द्धन गरिनेछ।**

लक्ष्य
१

## नीति र कार्यक्रम



- सरकारले कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र सहरी विकासलाई आर्थिक वृद्धिको संवाहकका रूपमा पहिचान गरेको छ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यी क्षेत्रमा केन्द्रित गरिनेछ।
- वैदेशिक लगानी तथा विकास साझेदारबाट प्राप्त स्रोतलाई यी क्षेत्रमा परिचालन गरिनेछ।
- गैरआवासीय नेपालीहरूलाई नेपालमा आफ्नो, ज्ञान, सीप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिनेछ।

## उपलब्धि

वित्तीय कारोबार गर्ने सहकारीहरूलाई नगरपालिका क्षेत्रभित्र पाँच प्रतिशत र उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र भए दश प्रतिशत मात्र कर लाग्ने व्यवस्था मिलाइएको छ।

सरकारको वार्षिक बजेट तथा आवधिक र दीर्घकालीन योजनाहरूको तर्जुमा यथार्थपरक, वस्तुनिष्ट र कार्यान्वयन योग्य बनाउने क्रममा आवश्यक अध्ययन र अनुसन्धान गरी सरकारलाई सुझाव दिन 'थिङ्क टयाङ्क' को व्यवस्था गरिनेछ।

लक्ष्य 3

**ठूला पूर्वाधार निर्माण, आयात प्रतिस्थापक तथा निर्यातमूलक उद्योग र राष्ट्रिय प्राथमिकताका अन्य आयोजनाहरूमा विदेशी लगानी भित्र्याइने छ।**

## उपलब्धि

वैदेशिक सहायता परिचालनमा क्रमशः वृद्धि भइरहेको छ।

प्रमुख विकासका साझेदारहरूबाट आगामी तीन वर्षभित्र करिब रु.६ खर्ब बराबरको सहायता उपलब्ध गराउने आशय र प्रतिबद्धता प्राप्त भइसकेको छ।



**आधुनिक प्रविधिसहित सडक, रेल, विमानस्थल, नहर लगायतका ठूला भौतिक पूर्वाधारहरूको तीव्र विकास गरिनेछ।**

लक्ष्य
४

## नीति र कार्यक्रम

- पूर्वाधारका महत्वपूर्ण आयोजनाहरू समयमै सम्पन्न गरी आर्थिक वृद्धिको सुदृढ आधार तयार गर्ने सरकारको नीति रहेको छ।
- स्रोत, साधन, जनशक्ति परिचालन र अनुगमनको विशेष व्यवस्था गरी लामो समयदेखि अधुरो रहेका राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित समयभित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।



## उपलब्धि

- ठूला आयोजना शीघ्र कार्यान्वयनका लागि छुट्टै कानूनी व्यवस्था गरिएको छ।
- विकास आयोजनाहरूमा तीनै सिफ्टमा काम गर्न प्रोत्साहित गरिएको छ।
- उच्च पदमा कार्यरत कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरूलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाइएको छ।
- आयोजना प्रमुखको कार्यसम्पादन ९० प्रतिशतभन्दा कम भएको अवस्थामा बाहेक निजलाई अन्यत्र सरुवा गरिने छैन।
- आयोजना प्रमुखहरू निजामती सेवा बाहिरबाट समेत प्रतिस्पर्धाका आधारमा छनोट गरी आयोजना अवधिभरका लागि नियुक्त गर्ने प्रणालीको शुरुवात गरिएको छ।
- सार्वजनिक खरिद कानूनमा संशोधन गरी विकासमैत्री बनाइएको छ।
- सडक ठेक्का दिँदा ढल र विजुलीको पोल व्यवस्थापन तथा बिजुलीको तार सार्ने वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरिने प्रक्रिया सुरु गरिएको छ।
- निर्माण सम्पन्न भएपछि कम्तिमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने व्यवस्था गरिएको छ।

**व्यापक रूपमा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न उद्योगहरूको विकास गरिनेछ।**

लक्ष्य ५



## उपलब्धि

मुलुक आत्मनिर्भर भएका चिया, कफी, दुग्ध पदार्थ, घ्यू, कुखुराको मासु, केराउ, बदाम, आलु चिप्स, बिस्कुट, चाउचाउ, आइसक्रीम, जुस, मिनरल वाटर, चिनी तथा सख्खर चक्लेट, चुईगम, पास्ता, जस्तापाता, जुत्ता चप्पल, धागो र त्रिपाल लगायतका कृषिजन्य तथा औद्योगिक वस्तुहरूको स्वदेशी उत्पादन लाई संरक्षण गर्न त्यस्ता वस्तुहरूको आयात भन्सार दर बढाएइको छ।

चिया, कपड़ा एवम् डेरी उद्योगलाई प्रोत्साहन गर्न यी उद्योगहरूमा लाग्दै आएको आयकरमा पचास प्रतिशत छुट दिने प्रस्ताव गरिएको छ।

लघु उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न त्यस्ता उद्योगलाई पाँच वर्षका लागि आयकर छुट दिने र महिलाहरूले सञ्चालन गरेको यस्तो व्यवसायमा थप दुई वर्ष आयकर छुट दिने प्रस्ताव गरिएको छ।

औद्योगिक विकासलाई प्रोत्साहन गरी स्वदेशी उत्पादनलाई थप आकर्षित गर्न तयारी वस्तुको भन्दा औद्योगिक कच्चा पदार्थको आयातमा लाग्ने महशुल कम गरिएको छ।

लक्ष्य ६

**उत्पादकत्व र उत्पादन वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, आर्थिक परनिर्भरता घटाउने र व्यापार घाटा समाप्त पार्ने औद्योगिक तथा वाणिज्य नीति अवलम्वन गरिनेछ।**

## नीति र कार्यक्रम



- देशका सबै क्षेत्रको उत्पादकत्व वृद्धि गर्न राष्ट्रिय रणनीति बनाइनेछ।
- कूल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान र सेवा क्षेत्रको गुणस्तर वृद्धि गरिनेछ।
- विप्रेषण र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। नेपाली अर्थतन्त्रको विश्व अर्थतन्त्रसँगको आबद्धता बढाइनेछ।

## उपलब्धि

- आन्तरिक स्रोत परिचालनमा वृद्धि गरिएको छ।
- विभिन्न संघसंस्था र कोषहरूमा निष्क्रिय रहेको रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न थालिएको छ।
- विप्रेषण आयलाई अनावश्यक उपभोग, अनुत्पादक क्षेत्रमा लगानी र निष्क्रिय राख्ने प्रवृत्तिमा परिवर्तन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिएको छ।
- राजश्व चुहावट र अपचलन तथा अवैध मुद्रा र सम्पत्ति शुद्धीकरण विरुद्ध कठोर कदम चालिएको छ।
- सरकारी खर्च व्यवस्थापनलाई नतिजामा आधारित बनाइएको छ ।
- यसै वर्ष लागु भएको नयाँ विकास सहायता नीति बमोजिम अन्तर्राष्ट्रिय सहायता परिचालन थालिएको छ।

**राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई सुदृढ गर्दै सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रका संघ, प्रदेश र स्थानीय तहको सर्वाङ्गीण विकासको योजना कार्यान्वयन गरिनेछ।**

**लक्ष्य ८**

## नीति र कार्यक्रम

- संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई समन्वय, पारस्परिक सहयोग र सहकार्यका आधारमा व्यवस्थित गरिनेछ।
- अन्तर-प्रदेश परिषद्, प्रदेश समन्वय परिषद्, अन्तर-सरकारी वित्त परिषद्जस्ता संरचनाहरूलाई सुदृढ र सक्रिय बनाइनेछ।
- साझा अधिकार सूचिमा रहेका अधिकारहरूको प्रयोगमा कार्यगत स्पष्टता ल्याई पारस्परिक सम्बन्धका आधारमा संघ, प्रदेश र स्थानीय तहबाट हुने कार्यलाई व्यवस्थित गरिनेछ।
- संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनालाई कार्यमूलक बनाउन आवश्यक जनशक्ति परिचालन गरिनेछ।
- आवश्यकता र सामर्थ्यको विश्लेषण गरी नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक बनाइनेछ।



## उपलब्धि

- अन्तर-प्रदेश परिषद्, प्रदेश समन्वय परिषद् र अन्तर-सरकारी वित्त परिषदजस्ता संरचनाहरू बीच अन्तर संवाद थालिएको छ।
- साझा अधिकार सूचीमा रहेका अधिकारहरूको प्रयोगमा कार्यगत स्पष्टता गरी संघ, प्रदेश र स्थानीय तहबाट हुने कार्यलाई व्यवस्थित गरिएको छ।
- नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई आवश्यकता र सामर्थ्यको विश्लेषण गरी समन्यायिक बनाइएको छ।
- स्थानीय तहले उठाउने राजस्व र राजस्व बाँडफाँट सम्बन्धी कार्यलाई थप सुदृढ बनाउन राजस्व सुधार कार्ययोजना तर्जुमा गरी एकरूपता कायम गरिएको छ।
- संघ, प्रदेश र स्थानीय तहले कानून बनाउँदा समन्वय गर्ने संयंत्र विकास गरिएको छ।
- जिल्ला समन्वय समितिलाई स्थानीय तहको क्षमता विस्तार, विकास निर्माण कार्यको अनुगमन, तथ्य संकलन एवं प्रतिवेदन तयारी र गैर सरकारी संस्थाहरूको अनुगमन कार्यमा प्रभावकारी उपयोग गरिएको छ।
- प्रदेश र स्थानीय तहले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा सञ्चालन गर्ने आयोजनाहरूका लागि रु १० अर्ब समपुरक अनुदान छुट्याइएको छ।
- प्रदेश र स्थानीय तहले आयोजना तयारीका चरणहरू पूरा गरी माग गरेमा समपूरक अनुदान कार्यविधि, २०७५ बमोजिम यस्तो अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ।
- विशेष अनुदान कार्यविधि, २०७५ अनुरूप हुनेगरी कुनै प्रदेश वा स्थानीय तहलाई विशिष्ट प्रकृतिको कार्य गर्नका लागि विशेष अनुदान उपलब्ध गराउन रु १० अर्ब व्यवस्था गरिएको छ।

लक्ष्य ८

**आगामी पाँच बर्षमा नेपाललाई बिकासशील राष्ट्रको पंक्तिमा पुऱ्याइनेछ।**

## नीति र कार्यक्रम

- लगातार तीन वर्षदेखिको आर्थिक वृद्धिदरको उत्साहजनक प्रवृत्तिलाई थप उन्नत बनाउँदै आगामी चार वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरिनेछ।
- फराकिलो आधारसहितको उच्च आर्थिक वृद्धिदर हासिल गरिनेछ।
- फराकिलो आधारसहितको उच्च आर्थिक वृद्धिदर हासिल गर्न स्रोत र साधनको दक्षतापूर्ण प्रयोग गरिनेछ। राष्ट्रिय बचत क्षमता अभिवृद्धि गरिनेछ।
- सरकारी लगानी अर्थतन्त्रका प्रमुख संवाहक क्षेत्रमा प्राथमिकताका साथ केन्द्रित गरिनेछ।
- निजी तथा सहकारी लगानीलाई यिनै क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। सरकारको तर्फबाट ठूला आयोजनाहरू प्रवर्द्धन गरी नागरिकको लगानी आव्हान गरिनेछ।

## उपलब्धि

मुलुक उच्च आर्थिक वृद्धिको बाटोमा अगाडि बढिसकेको छ। गणतन्त्र स्थापना पछिको एक दशकमा औसत ४ प्रतिशतभन्दा कम दरको आर्थिक वृद्धि भएकोमा विगत तीन वर्षमा सरदर ६.५ प्रतिशतभन्दा बढीले आर्थिक वृद्धि भइरहेको छ। डिसेम्बर २०१९ मा बेलायतबाट प्रकाशित The Economist पत्रिकाले नेपाललाई उच्च आर्थिक वृद्धि गर्ने १० मुलुक भित्र समावेश गरेको छ।

गत आर्थिक वर्षमा रु. ६७ अर्ब ४० करोड घाटामा रहेको भुक्तानी सन्तुलन अहिले रु. २७ अर्ब २९ करोडले बचत भएको छ।

लक्ष्य १

**१० बर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरिकी डलर पुग्ने गरी आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने राष्ट्रिय अर्थतन्त्र निर्माण गरिनेछ।**

## नीति र कार्यक्रम



- आगामी आर्थिक वर्षमा दोहोरो अङ्क नजिकको र पाँच वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरिनेछ। नेपालीको हालको प्रतिव्यक्ति आय पाँच वर्षमा दोब्बर बनाइनेछ। दश वर्षभित्र नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नति गरिनेछ। दीगो विकासका लक्ष्यहरू निर्धारित समयभन्दा अगावै हासिल गर्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्। राष्ट्रिय आयको ठूलो हिस्सा सीमित वर्गले मात्र उपभोग गर्ने स्थितिको अन्त्य गरी नेपालीबीचको आय असमानता कम गर्दै लगिने छ। आर्थिक विकासमा सहभागी हुने, योगदान गर्ने र प्रतिफल प्राप्त गर्ने अवसर सम्पूर्ण नेपालीलाई उपलब्ध गराइनेछ।
- देशको वर्तमान आर्थिक स्थितिका सम्बन्धमा २०७४/०७५ मा जारी भएको श्वेतपत्रले देशको समग्र आर्थिक स्थिति कठिन अवस्थामा रहेको देखाएको छ। श्वेतपत्रमा देखिएका समस्याहरूको ठोस समाधान खोजिनेछ।

## उपलब्धि

आर्थिक तथा सामाजिक पूर्वाधारको निर्माण, पुनर्निर्माण र नव निर्माण कार्यमा तीव्रता आई कृषि, उद्योग र सेवा क्षेत्रको विस्तार मार्फत आगामी आर्थिक वर्षमा ८.५ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरिएको छ।

मुद्रास्फीति दर ६ प्रतिशतमा सीमित रहने गरी तथा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुऱ्याउने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा गरेको छ।

**यस शताब्दीको अन्त्य अर्थात वि.सं. २०९९ सालसम्म नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी आर्थिक र सामाजिक विकासका योजना र कार्यक्रमहरू अगाडि बढाइने छन्।**

**लक्ष्य १०**

## नीति र कार्यक्रम

- आगामी पच्चीस वर्षको दीर्घकालीन सोचसहित २०७६ साउनदेखि पन्ध्रौ योजना कार्यान्वयन गरिनेछ। क्षेत्रगत कार्यक्रमहरूलाई दीगो विकासका लक्ष्यहरूसँग आबद्ध गरिनेछ। सन् २०३० अगावै दीगो विकासका लक्ष्यहरू हासिल गरी मध्यमस्तरीय आय भएको मुलुक बन्ने, वि.सं. २१०० सम्ममा उच्च मध्यमस्तरीय आय भएको सभ्य, सुसंस्कृत र विकसित मुलुक बनाउने अठोट प्रस्तावित नीति तथा कार्यक्रमले गरेको छ।
- मौसम प्रतिकूलताका कारण समयमा खर्च गर्न कठिन हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेटमध्ये आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भदेखि नै खर्च गर्न मिल्ने गरी निकासा गर्ने व्यवस्था मिलाइनेछ।



### उपलब्धि

- आगामी पच्चीस वर्षको दीर्घकालीन सोचसहित २०७६ साउनदेखि पन्ध्रौं योजना कार्यान्वयन शुरु गरिएको छ।
- निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउन आवश्यक पर्ने सूचना तथा तथ्याङ्क उपलब्ध हुने खुला तथ्याङ्क प्रणाली विकास गरिएको छ।
- राष्ट्रिय आय, कृषि र औद्योगिक तथ्याङ्क गणना विधिलाई अध्यावधिक गर्न प्रक्रिया थालिएको छ।

लक्ष्य ११

**प्रत्येक स्थानीय तहका केन्द्र र वडामा न्यूनतम एक बैंकको शाखा खोलिनेछ। प्रत्येक परिवारलाई नि:शुल्क बैंक खाता खोल्ने व्यवस्था मिलाइनेछ।**

## नीति र कार्यक्रम

- वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता वृद्धि गरी नियमन र सुपरीवेक्षण प्रभावकारी बनाइनेछ। सबै नेपालीलाई वित्तीय पहुँच सुनिश्चित गरिनेछ।
- प्रत्येक नेपाली नागरिकको बैंक खाता खोलिनेछ।
- सरकारी, निजी र संगठित क्षेत्रबाट हुने सबै प्रकारका भुक्तानी बैंक खातामा मात्र हुने व्यवस्था गरिनेछ।




## उपलब्धि

- एक वर्षभित्रै ८ स्थानीय तह बाहेक सबै स्थानीय तहमा बैंकका शाखा कार्यालयहरू स्थापना भइसकेका छन्।
- *एक नेपाली एक बैंक खाता अभियान* अन्तर्गत करिब ६२ प्रतिशत नेपालीको खाता रहेको छ।
- बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या ९ हजार ३ सय ९४ पुगेको छ।
- मूल्यवृद्धि वाञ्छित सीमाभित्र रहेको छ।
- निजी क्षेत्रमा जाने कर्जामा वृद्धि भएको छ। ९ विभिन्न क्षेत्र र विषयमा सहुलियतपूर्ण कर्जा उपलब्ध भएको छ। रु. ३ लाखसम्मको निक्षेपको सुरक्षण गरिएको छ।


**प्रदेश र स्थानीय तहमा पूर्वाधार विकासका लागि आगामी पाँच वर्षसम्म राष्ट्रिय राजस्वको ५० प्रतिशत हिस्सा उपलब्ध गराइनेछ।**

लक्ष्य

१३

## नीति र कार्यक्रम

- आम नागरिकको देशप्रति सम्मान्भाव तथा अपनत्व सिर्जना हुनेगरी समतामूलक प्रादेशिक विकास रणनीति अवलम्वन गरिनेछ।
- प्रदेश र स्थानीय तहहरूको सम्भावनाका आधारमा विशिष्ट पहिचानसहितको विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- एक प्रदेश वा एक स्थानीय तहले अनुकरण गर्ने र आपसमा स्वस्थ प्रतिस्पर्धात्मक विकासका अभियान सञ्चालन गर्ने प्रदेश तथा स्थानीय तहहरूलाई उत्प्रेरित गरिनेछ।
- प्रदेश र स्थानीय तहको क्षमता विकास गरिनेछ। जिल्ला समन्वय समितिको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाइनेछ।



## उपलब्धि

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार खर्चको आवश्यकता, मानव विकास सूचकांकको अवस्था, राजस्व क्षमता तथा प्रदेश र स्थानीय तहहरूबीच रहेका आर्थिक, सामाजिक र अन्य असमानता समेतका आधारमा प्रदेशलाई रु ५५ अर्ब ३० करोड र स्थानीय तहलाई रु ८९ अर्ब ९५ करोड समानीकरण अनुदान विनियोजन गरिएको छ।

चालु आर्थिक वर्षमा सशर्त अनुदानतर्फ प्रदेशलाई रु ४४ अर्ब ५५ करोड र स्थानीय तहलाई रु १ खर्ब २३ अर्ब ८७ करोड विनियोजन गरिएको छ।

राजस्व बाँडफाँटतर्फ प्रदेश र स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र न्यून विकास सूचकाङ्कलाई आधार लिइएको छ। यस अन्तर्गत प्रदेश र स्थानीय तहमा कूल रू १ खर्ब ३० अर्ब ८९ करोड बाँडफाँट हुने प्रक्षेपण गरिएकोछ।

प्रदेश र स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता मानव विकास सूचकाङ्क, पूर्वाधार, खर्चको आवश्यकता, राजस्व क्षमता तथा ती तहहरूमा रहेका आर्थिक, सामाजिक तथा अन्य विभेद समेतका आधारमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको छ। यस्तो अनुदान वापत रु.१ खर्ब ३५ अर्ब ५० करोड ७३ लाख विनियोजन गरिएको छ।

प्रदेश र स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, पूर्वाधार एवम् खर्चको आवश्यकतालाई आधार लिई मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट संकलन हुने अन्तशुल्कको रकममध्ये प्रदेश र स्थानीय तहमा रु १ खर्ब १४ अर्ब २४ करोड बाँडफाँट हुने प्रक्षेपण गरिएको छ।

सशर्त अनुदानतर्फ प्रदेशलाई रू. ६३ अर्ब १३ करोड ५५ लाख र स्थानीय तहलाई रु.१ खर्ब ९ अर्ब ८४ करोड ५६ लाख विनियोजन गरिएको छ।

प्रदेश र स्थानीय तहले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा सञ्चालन गर्ने आयोजनाहरूका लागि समपूरक अनुदान उपलब्ध गराउन र प्रदेश वा स्थानीय तहलाई विशिष्ट प्रकृतिको कार्य गर्नका लागि विशेष अनुदान उपलब्ध गराउन रू.२० अर्ब विनियोजन गरिएको छ।

मुलुकले छोटो अवधिमै वित्तीय संघीयता संस्थागत गरेको छ। यस क्रममा प्रदेश र स्थानीय तहलाई गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा रु. २ अर्ब ४० करोड समेत थप गरी रु. ३ खर्ब ४१ अर्ब २९ करोड स्रोत हस्तान्तरण गरिएको छ।

यसै आर्थिक वर्षदेखि प्रदेश र स्थानीय तहलाई अतिरिक्त स्रोतको रूपमा रोयल्टी बाँडफाँट अन्तर्गत रु. २ अर्ब ४६ करोड ८० लाख हस्तान्तरण गरिएको छ।

**सबैको लागि व्यक्तिगत आयकर नम्बर उपलब्ध गराउने।**

लक्ष्य
१३

## नीति र कार्यक्रम



- एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीतिलाई कार्यान्वयन गर्न जुनसुकै आन्तरिक राजस्व कार्यालयबाट सरल रूपमा स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था मिलाएको छ।

## उपलब्धि

सबैको लागि व्यक्तिगत आयकर नम्बर अभियान तथा करको दर होइन दायरा विस्तार गर्ने नीति अन्तर्गत आ.व. २०७४/७५ मा १८ लाख ४ हजार रहेकोमा आ.व. २०७५/७६ मा २१ लाख ७१ हजार पुगेको र चालू आ.व.को पहिलो ५ महिनामा मात्र थप ८ लाख ८७ हजार थप भई कूल ३० लाख ५८ हजार करदाता करको दायरामा आएका छन्।

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## बजेट

रु. १० अर्ब ७० करोड*

+

रु. ११ अर्ब ३८ करोड**

=

कूल

रु. २२ अर्ब ८ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- हालसम्म ३२ वटा औद्योगिकग्राम घोषणा
- वैदेशिक लगानीको प्रतिवद्धतामा १३२.५ प्रतिशतमा वृद्धि
- स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई प्रदान गरिने सेवाहरू एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले उद्योग विभागमा एकल विन्दु सेवा केन्द्रको स्थापना
- आयात ४.३ प्रतिशतले घटेको तथा निर्यात २७ प्रतिशतले वृद्धि भएको
- भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**लक्ष्य १**

**जनतालाई पायक पर्ने स्थानमा एकीकृत सेवा केन्द्र स्थापना गरी राज्यबाट जनताले प्राप्त गर्ने सम्पूर्ण सेवा प्रदान गरिनेछ। लगानी प्रोत्साहन गर्न कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरी व्यवसाय गर्ने लागत घटाइने छ।**

## नीति र कार्यक्रम

- लगानीकर्ताका लागि आवश्यक सबै सेवा छिटोछरितो रूपमा एक स्थानबाट उपलब्ध गराउने।
- नेपालले मूल्य अभिवृद्धि गरी निकासी गर्न सक्ने उत्पादनमुलक उद्योगमा विदेशी लगानी भित्र्याउन प्रोत्साहित गर्ने।
- उद्योग दर्ता गर्ने प्रक्रिया सरल पार्ने।
- कबोल गरेको अवधिभित्र उत्पादन सुरु गर्ने उत्पादनमूलक उद्योगलाई कर सहुलियत दिने।
- उद्योगका लागि आवश्यक सड़क र विद्यूत पूर्वाधार निर्माण गर्ने।





## उपलब्धि

स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रदान गरिने सेवा एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले उद्योग विभागमा एकल विन्दु सेवा केन्द्रको स्थापना भई सञ्चालनमा आएको छ।

केन्द्रबाट अध्यागमन, नेपाल राष्ट्र बैंक, वन तथा वातावरण, भूमि, राजस्व र श्रम सम्बन्धी निकायबाट प्रदान हुने सेवा र लगानीकर्ता सहजीकरण केन्द्र सञ्चालन गरी लगानीकर्तालाई सहजीकरण गरिएको छ।

नेपालमा व्यवसाय गर्ने वातावरणमा उल्लेखनीय सुधार भएको छ।

पछिल्लो एक वर्षमा मात्र सहज व्यवसायसम्बन्धी सूचकांकमा नेपाल १६ स्थान माथि पुगेको छ। दक्षिण एसियामा राम्रो गर्ने मध्येमा नेपालले तेस्रो स्थान ओगटेको छ।

विदेशी लगानी बढ्दै गएको छ।

गत वर्षको तुलनामा वैदेशिक लगानीको प्रतिबद्धतामा १३२.५ प्रतिशतले वृद्धि भई ९३ अर्ब ७४ करोड़ लगानी प्रतिबद्धता प्राप्त भइसकेको छ।


स्वदेशी तथा वैदेशिक गरी कूल लगानी प्रतिबद्धतामा ३९ प्रतिशतले वृद्धि भई १ सय ५२ अर्ब पुगेको छ।

**‘एक प्रदेश न्यूनतम एक आधुनिक औद्योगिक क्षेत्र’ नीतिअनुरूप सबै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गरिनेछ। यी औद्योगिक क्षेत्रमा १० वर्षभित्र १० लाख व्यक्तिले रोजगारी प्राप्त गर्नेछन्। प्रत्येक स्थानीय तहमा न्यूनतम एक उद्योगग्राम विकास गरिनेछ। लगानीकर्तालाई उद्योग स्थापना भएको पाँच वर्षसम्म विद्युत्, पानी र करमा विशेष छुट दिइनेछ।**

**लक्ष्य**
**१**

## नीति र कार्यक्रम

- सातै प्रदेशमा औद्योगिक क्षेत्रहरूको निर्माण र सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरिने।
- निर्यातमूलक उद्योग स्थापनाको लागि विशेष आर्थिक क्षेत्र र अन्तर्देशीय आर्थिक क्षेत्र स्थापना एवं विस्तार गर्ने।
- अत्यावश्यक वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूको स्थापना र क्षमता विस्तारलाई प्रोत्साहित गर्ने।
- उदयपुर सिमेन्ट उद्योग र हेटौंडा सिमेन्ट कारखानाको क्षमता विस्तार गर्ने।
- कृषि, वन तथा खानीजन्य उद्योगमा लगानी प्रोत्साहन गरी औद्योगिक उत्पादन बढाउने।





- विश्व बजारमा प्रतिस्पर्धी उत्पादन गर्नसक्ने ठूला उद्योग स्थापना गर्ने नीति अवलम्बन गर्ने।
- बन्द र रुग्ण उद्योगहरूलाई सम्भाव्यताका आधारमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने।
- निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण अंगका रूपमा सामेल र प्रोत्साहन गर्ने।
- नेपाली उत्पादनको विशिष्ट पहिचान र गुणस्तर कायम हुने गरी ब्रान्डिङ गर्ने।
- सिमेन्टलाई प्रमुख निर्यातयोग्य वस्तुको रूपमा विकास गर्ने।
- साना तथा घरेलु उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन निकासी गृहको स्थापना गरी सहकारीबाट भएका उत्पादनलाई पनि आबद्ध गर्ने।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली गलैंचा, पश्मिना, चिया, कफी तथा हस्तकलाका सामानको पहिचान स्थापित गर्न अन्तर्राष्ट्रिय मान्यताको गुणस्तर प्रमाणीकरण, लेबलिङ र ट्रेडमार्कमार्फत ब्रान्डिङ गर्ने।

## उपलब्धि

- प्रत्येक स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना गर्ने उद्देश्यअनुरूप हालसम्म ३२ वटा औद्योगिक ग्राम घोषणा गरिएको छ।
- सुर्खेत र धनकुटामा निर्माण गरिएका औद्योगिक ग्राम सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ।
- औद्योगिक उत्पादनको निर्यातमा ५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरिएको छ।
- लगानीमैत्री वातावरण तयार गरिएको छ। श्रम सम्बन्धलाई अनुकूल बनाइएको छ। लगानी तथा मुनाफाको सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ।

लक्ष्य 3

**मुलुकका विभिन्न भागमा फेला परेको खनिज र पेट्रोलियम पदार्थको अन्वेषण, उत्खनन्, प्रशोधन र प्रयोग गरिनेछ।**



## नीति र कार्यक्रम

- सार्वजनिक निजी क्षेत्र साझेदारीमा खानी उद्योगहरूलाई अगाडि बढाउने।
- नवलपरासीको धौवादीमा रहेको फलाम खानीबाट आगामी आर्थिक वर्षदेखि व्यावसायिक उत्पादन सुरु गर्ने।
- दैलेखको पेट्रोलियम, जाजरकोटको बहुमूल्य पत्थर र तामा, पर्वत र तनहुँको फलाम र मुस्ताङको युरेनियम खानी तथा सम्भाव्य स्थानमा सुन खानी उत्खननका लागि आगामी वर्ष अध्ययन कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने।
- बहमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गर्ने।
- प्रशोधित बहुमूल्य पत्थरको निकासी प्रवर्द्धन गर्ने।
- सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गर्ने।

## उपलब्धि

धौबादी फलाम कम्पनी लिमिटेडको स्थापना गरिएको छ।

चिनियाँ प्रयोगशालामा धौवादीमा रहेको फलामको नमूना परीक्षण सफल भएको छ। प्रतिदिन ८ सय टन फलाम उत्पादन गर्दा ३० वर्षसम्म फलाम उत्पादन गर्न सकिने सम्भावना देखिएको छ।

नेपालमा पेट्रोलियम अन्वेषण कार्यको लागि चीनसँग भएको सम्झौताअनुसार दैलेखमा पेट्रोलियम अन्वेषण कार्य सुरु भएको छ।

लक्ष्य ४

**प्रत्येक प्रदेशमा विशेष आर्थिक क्षेत्र विकास गरिनेछ।**

## नीति र कार्यक्रम




- निर्यातमूलक उद्योग स्थापनाका लागि सरकारी तथा निजी साझेदारीमा विशेष आर्थिक क्षेत्र र अन्तर्देशीय आर्थिक क्षेत्र स्थापना एवं विस्तार गर्ने।
- नुवाकोट र काभ्रे (पाँचखाल) मा आर्थिक क्षेत्र स्थापना गर्ने।



## उपलब्धि

भैरहवा विशेष आर्थिक क्षेत्रको निर्माण सम्पन्न भई पाँचवटा उद्योगहरू सञ्चालनमा आइसकेका छन्।



बाराको सिमरा विशेष आर्थिक क्षेत्रभित्र गार्मेन्ट प्रशोधन क्षेत्रको लागि पूर्वाधार तयार भएको छ।



काभ्रेको पाँचखालमा विशेष आर्थिक क्षेत्र निर्माण कार्य अगाडि बढेको छ।



लक्ष्य
५

**सबै पसलमा मूल्यसूची अनिवार्य गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ। कृत्रिम मूल्यवृद्धि, सिन्डिकेट, गुणस्तरहीनता र भ्रमपूर्ण विज्ञापन, नापतौल ठगीलगायतलाई कडाइका साथ नियन्त्रण गरिनेछ।**

## नीति र कार्यक्रम

- नेपाल गुणस्तर चिह्न प्राप्त गर्नुपर्ने क्षेत्रको विस्तार गर्ने।
- गुणस्तर चिह्न प्राप्त वस्तुहरूको गुणस्तर सुनिश्चित गर्नुका साथै नक्कली गुणस्तर चिह्न प्रयोग गरी गुणस्तरहीन वस्तु विकी वितरण रोक्न अनुगमनलाई सशक्त तुल्याउने।
- सबै प्रकारका सिन्डिकेट, कार्टेलिङ र मिलेमतोलाई कठोरताका साथ अन्त्य गर्ने।
- स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्ने।
- उपभोग्य वस्तुको गुणस्तर नियमन र अनुगमन गर्ने संस्थाहरूको क्षमता विकास गरी समन्वयात्मक रूपमा परिचालन गर्ने।
- आधारभूत उपभोग्य वस्तुहरू र पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार गर्ने।






## उपलब्धि


बजारमा बिक्री हुने वस्तुको उपभोगका सम्बन्धमा उपभोक्ता, बिक्रीकर्ता र उत्पादकलाई चेतनामूलक जानकारी गराउने कार्यलाई प्रभावकारी ढंगले निरन्तरता दिइएको छ।



बजार अनुगमन र उपभोक्ताको गुनासो व्यवस्थापनका लागि सञ्चालनमा ल्याइएको मोबाइल एप्समार्फत कुनै पनि उपभोक्ताले फोटो वा भिडियोसहित उजुरी गर्न सक्ने व्यवस्था मिलाइएको छ।



भारतको गोरखपुरदेखि नेपालको सुनवलसम्म रासायनिक मल उत्पादन गर्न आवश्यक हुने प्राकृतिक ग्यास आपूर्ति गर्न पाइपलाइन निर्माणको पूर्व सम्भाव्यता अध्ययन शुरु गरिएको छ।



**प्रत्येक स्थानीय तहमा खाद्यान्न, औषधी र अत्यावश्यकीय वस्तुको संकटकालीन मौज्दातको विशेष व्यवस्था गरिनेछ। त्यसका लागि शीतभण्डार र गोदामघरको व्यवस्था गरिनेछ। प्रत्येक स्थानीय तहमा सहकारी संस्थाहरूमार्फत सुपथ मूल्यका पसल खोल्ने व्यवस्था मिलाइनेछ। यातायातलगायतका क्षेत्रमा विद्यमान सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्य गरिनेछ।**

## लक्ष्य ६

## नीति र कार्यक्रम

- आपूर्ति व्यवस्थामा आकस्मिक अवरोधबाट पर्ने प्रभाव न्यूनीकरण गर्न आपूर्ति एवं भण्डारण प्रणालीलाई प्रभावकारी बनाउने।
- सहकारी पसलहरूले खरिद गर्ने उपभोग्य वस्तुको थोक मूल्य पसलको व्यवस्था गर्ने।
- राज्य सुरक्षा परिचयपत्र भएका नागरिकले सुपथ मूल्यमा आधारभूत खाद्यान्न प्राप्त गर्ने व्यवस्थाको लागि अनुदान दिने।
- दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी गर्न अनुदान दिने।
- सबै प्रकारका कार्टेलिङ र सिन्डिकेट अन्त्य गरी आपूर्ति व्यवस्थालाई प्रतिस्पर्धी बनाउने।
- उपभोक्ता हित संरक्षण गर्दै बजार अनुगमनलाई प्रभावकारी बनाउने।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत राज्यले तोकेको समर्थन मूल्यमा खाद्य वस्तु खरिद गर्ने र त्यस्ता वस्तुहरूको सुलभ आपूर्ति सुनिश्चित गर्ने प्रबन्ध मिलाउने।





## उपलब्धि

दैनिक उपभोग्य वस्तुको उत्पादन, व्यवस्थापन र वितरण प्रणाली सुदृढ गर्न साविकको नेसनल ट्रेडिङ लिमिटेड र नेपाल खाद्य संस्थानलाई एकअर्कामा गाभी खाद्य व्यवस्था तथा व्यापार कम्पनी स्थापना गरिएको छ।



देशभर खाद्यान्नको अभाव हुन नदिने नीति अनुरूप दुर्गम जिल्लामा खाद्यान्न ढुवानी गरी पर्याप्त सञ्चिति राखिएको छ।




यस वर्षको कात्तिक मसान्तसम्म दुर्गम जिल्लामा करिब २४ हजार क्विन्टल, तराईमा ७० हजार क्विन्टल र काठमाडौंलगायतको सुगम पहाडी क्षेत्रमा ३४ हजार क्विन्टल चामल मौज्दात रहेको छ।



**लक्ष्य ८**

**उत्पादक र उपभोक्ताबीचको मध्यस्थकर्ता व्यवस्थापन, प्रतिस्पर्धी ब्याजदर तथा ढुवानी लागत, श्रम कानुनको परिपालना, उत्पादन अवरोध न्यूनीकरण र आवश्यक पूर्वाधारको व्यवस्था गरी उत्पादन लागत कम गरिनेछ।**

## नीति र कार्यक्रम

- चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलसहितको सुख्खा बन्दरगाह, रसुवागढीको सुख्खा बन्दरगाह र भैरहवा तथा नेपालगन्जमा अन्तर्राष्ट्रिय चेकपोस्ट निर्माण कार्य सुरु गर्ने।
- मुस्ताङको नेचुङ र ताप्लेजुङको ओलाङचुङगोलामा भन्सारको पूर्वाधार विकास गर्ने।
- तातोपानी नाका सुधार गर्ने।
- उत्तरतर्फका अन्य व्यापारिक नाकाहरूमा समेत पूर्वाधार विकास गर्ने।
- निर्यातजन्य वस्तुहरूको पहिचान, विकास तथा उत्पादन अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्ने।
- निर्यात प्रबर्द्धनका लागि विदेशस्थित सबै कूटनीतिक नियोगहरूमा हस्तकला र आधारभूत निर्यातजन्य सामानहरूको स्थायी प्रदर्शनी कक्षको लागि आवश्यक वस्तु खरिद गर्ने।
- काठमाडौमा हस्तकला बिक्री तथा प्रदर्शनीस्थल निर्माण कार्यलाई अघि बढाउने।
- सबै प्रदेशमा क्रमशः त्यस्ता प्रदर्शनी कक्ष स्थापना गर्ने।

## उपलब्धि

धान उत्पादन सुरु हुनुअगावै धानको न्यूनतम समर्थन मूल्य तोकिएको छ।



हालसम्म १२ हजार ३ सय मेट्रिक टन धान खरिद गरिसकिएको छ।



धान खरिद गरेको र आन्तरिक वितरण प्रणालीमा सुधार गरेको हुनाले चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिभन्दा २ अर्ब ९० करोड कम चामल आयात भएको छ।



उखु किसानले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न सकून् भनेर उखु पेल्ने समयअगावै उखुको न्यूनतम समर्थन मूल्य निर्धारण गरिएको छ।




**स्वदेशी उत्पादनको नेपाल गुणस्तर सुनिश्चित गरी बजार अनुगमन प्रभावकारी बनाइनेछ। नक्कली गुणस्तर चिह्न प्रयोग गरी गुणस्तरहीन वस्तु बिक्री वितरण रोक्न प्रभावकारी अनुगमन गरिनेछ।**

**लक्ष्य**
**८**

## नीति र कार्यक्रम

- बढ्दो व्यापार घाटा नियन्त्रण गर्न निर्यात प्रवर्द्धनका अतिरिक्त अनावश्यक आयात घटाउन सेफगार्ड, एन्टिडम्पिङ र काउन्टरभेलिङ कानुनको प्रभावकारी कार्यान्वयन गर्ने।
- कृषि आयातमा एन्टिडम्पिङ शुल्क लगाउनुपर्ने वस्तुको पहिचानसहित कार्यान्वयन गर्ने।
- नेपालको अन्तर्राष्ट्रिय व्यापार घाटामा कमी ल्याउने।
- नेपालको निर्यात व्यापारको विविधीकरण गर्ने।
- निकासी विन्दुहरूमा क्वारेन्टाइन सेवा विस्तार गर्नुको साथै संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- काठमाडौंमा कन्टेनर फ्रेट स्टेसन निर्माण गर्ने।



## उपलब्धि

पछिल्लो एक दशकमा वार्षिक औसत २०.४ प्रतिशतले बढेको व्यापार घाटा चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.३ प्रतिशत घटेको छ।

उपभोग नगर्दा पनि हुने वस्तु एवं जनस्वास्थ्यमा हानी पुऱ्याउने वस्तुको आयातमा गरिएको कडाइका कारण आयात ४.३ प्रतिशतले घटेको छ भने निर्यात २७ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०७५/०७६ को पहिलो पाँच महिनामा निर्यात-आयात अनुपात १:१६.२ रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा १:१२.२ मा रहेको छ।

आर्थिक वर्ष २०६९/७० मा ६८ प्रतिशत भारतमा र ३२ प्रतिशत अन्य मुलुकमा निकासी भएकोमा हाल अन्य मुलुकमा ४० प्रतिशतभन्दा बढी निकासी हुन थालेको छ।

भारतसँग रेल सेवा सम्झौताको म्याद ५ वर्षका लागि नवीकरण भएको छ।

विराटनगर र वीरगन्जदेखि भारतको कोलकाता/हल्दियासम्म नेपाली रेल सञ्चालन गर्ने सम्बन्धमा सैद्धान्तिक सहमति भएको छ।

भारतको एउटै कम्पनीको कार्गो रेलले मात्र नेपालमा कन्टेनर ढुवानी गर्न अनुमति भएकोमा भारतीय रेल्वेमा दर्ता भएका अन्य आधिकारिक कार्गो रेल सञ्चालकलाई कन्टेनर ढुवानी गर्न अनुमति दिने विषयमा भारत सकारात्मक भएको छ।

चीनका चारवटा सामुद्रिक बन्दरगाह तियान्जिन, सेन्जेन, लियान्युगाङ र झ्याङजियाङ तथा तीनवटा सुख्खा बन्दरगाह लान्जाओ, ल्हासा र सिगात्सेको प्रयोग सम्बन्धमा चीन सरकारसँग सम्झौता भएको छ।

## उपलब्धि

- चीनतर्फ पारवहनका लागि रसुवा, कोदारी, यारी, किमाथान्का, नेचुङ (कोराला) र ओलाङचुङगोला गरी ६ वटा नाका प्रयोग गर्न सकिने सहमति भएको छ।

- नेपालमा दर्ता भएका ढुवानीका साधन अनुमति लिएर सिगात्सेसम्म आउन जानसक्ने सहमति भएको छ।

- कोलकातामा नेपालले आफ्नै कन्टेनर फ्रेट स्टेसन निर्माण गरी सञ्चालनमा ल्याएको छ।

- लार्चाको सुख्खा बन्दरगाह सञ्चालनमा आई तातोपानी नाकाबाट व्यापारिक वस्तुको आयात निर्यात हुन थालेको छ।

- काठमाडौंको चोभारमा सुख्खा बन्दरगाह निर्माण कार्यलाई तीव्रता दिइएको छ।

- विगतमा नेपालको अन्तर्राष्ट्रिय व्यापारका लागि भारतसित आर्थिक वर्ष २०७२/७३ मा भएको सहमतिअनुसार विशाखापटनम बन्दरगाहसमेत उपलब्ध भएको छ।


- भारतका धामरा र मुन्द्रा बन्दरगाह उपलब्ध गराउन भारत सरकारसँग पहल गरिएको छ।

- एक वर्षको अवधिमा भारत, चीन, भुटान, बंगलादेश र म्यान्मारसँग व्यापार तथा पारवहन वार्ता गरिएको छ। कम्बोडियासँग Trade and Investment Framework Agreement मा हस्ताक्षर भएको छ भने भियतनामसँग यस्तो सम्झौता गर्ने आशयपत्रमा हस्ताक्षर भएको छ।

**पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाई तीन महिनाको माग धान्न सक्ने बनाइनेछ। नेपाल आयल निगमको आपूर्ति, लागत संरचना र मूल्य निर्धारण प्रणालीको पुनरावलोकन गरिनेछ।**

लक्ष्य
९

## नीति र कार्यक्रम



- प्रविधिमा आएको परिवर्तन, विद्युत्को उपलब्धता, जनसंख्या एवं देशको आर्थिक वृद्धि समेतको गहन विश्लेषणका आधारमा सन् २०३४ सम्मको पेट्रोलियम पदार्थको मागको प्रक्षेपण गरी सोही अनुरूप पेट्रोलियम पदार्थको भण्डारण र आपूर्तिका लागि पूर्वाधार निर्माण र आपूर्ति व्यवस्थापनको योजना तयार गर्ने।
- निर्माणाधीन अमलेखगन्ज-रक्सौल-मोतिहारी खण्डको पेट्रोलियम पाइप बिच्छाउने कार्य यसै वर्ष सम्पन्न गरी पेट्रोलियम पदार्थको आयातलाई सहजीकरण गर्ने।

## उपलब्धि

भारतको मोतीहारीदेखि अमलेखगन्जसम्म पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुन थालेको छ।



लक्ष्य
१०

**नयाँ संरचनाहरू भूकम्प र आगलागी प्रतिरोधी बाढीपहिरोबाट सुरक्षित बनाइनेछ। काठमाडौं उपत्यकाको वातावरणीय स्वच्छता कायम गर्न ध्वनि, धुलो, वायु प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापन गर्न सहयोग गरिने।**

## नीति र कार्यक्रम

- मुख्य मुख्य सहरहरूमा वायु गुणस्तर मापन केन्द्रहरू विस्तार गर्ने तथा वातावरण परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाउने।



## उपलब्धि

२०७२ सालको भूकम्पअघि २१ वटा सेस्मिक स्टेसन तथा २९ वटा जीपीएस स्टेसनबाट भूकम्पीय निगरानी भइरहेकोमा भूकम्प मापन गर्ने सञ्जालको विस्तार भई ४२ वटा सेस्मिक स्टेसन तथा ५१ वटा जीपीएस स्टेसन सञ्चालनमा छन्।

भूकम्पीय सूचनाको गुणस्तर अभिवृद्धि भई भूकम्पको स्थान, समय र गहिराइको सूचना एकीन भई प्रभावकारी रूपमा सूचित गर्न सकिने भएको छ।



# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## बजेट

रु. १ खर्ब १२ अर्ब ९७ करोड*

+

रु. १ खर्ब १३ अर्ब ४८ करोड**

=

कूल

रु. २ खर्ब २६ अर्ब ४५ करोड*

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- २०७५ जेठ १ गते मुलुक लोडसेडिङमुक्त
- जनताको जलविद्युत कार्यक्रम अन्तर्गत विभिन्न २२ आयोजनाहरू निर्माणका लागि छनौट
- ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना सहित यसै आर्थिक वर्षभित्र १ हजार मेगावाट विद्युत उत्पादन हुने
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नेपालमै पहिलोपटक टनेल बोरिङ प्रविधिबाट १२.२ किमी सुरुङ निर्माण कार्यको ब्रेक-थ्रु
- कूल १४ लाख ७६ हजार ७३१ हेक्टर जमिनमा दीगो तथा भरपर्दो सिंचाइ सुविधा

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**पाँच वर्षमा सम्पूर्ण सिँचाइयोग्य कृषि भूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गरिनेछ। तराई/मधेस र भित्री तराईको कृषिभूमि सिँचाइ गर्न तमोर-मोरङ डाइभर्सन, सुनकोसी-कमला र सुनकोसी-मरिन-बाग्मती डाइभर्सन, कालीगण्डकी-तिनाउ डाइभर्सन, रापती-सुराई डाइभर्सन, भेरी-बबई डाइभर्सन, पश्चिम सेती-कैलाली-पाण्डुनजस्ता नदी डाइभर्सन योजना अगाडि बढाइनेछन्।**

## लक्ष्य १

## नीति र कार्यक्रम

- पाँच वर्षभित्र सबै सिँचाइयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउने गरी निर्माणाधीन आयोजना सम्पन्न गर्ने र नयाँ आयोजना सुरु गर्ने।
- प्रदेश तथा स्थानीय तहसँगको लागत सहभागितामा साना सिँचाई, टार सिँचाइ, स्यालो ट्युवेललगायतका साना तथा मझौला आयोजना सञ्चालन गर्ने।
- कृषिका सुपर जोन, जोन, पकेट र ब्लकहरूमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने।
- भेरी-बबई डाइभर्सन आयोजनाको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्ने र ४६ दशमलव ८ मेगावाट विद्युत उत्पादन गर्ने।
- सिक्टा सिँचाइ आयोजनाको सम्पूर्ण कार्य चार वर्षभित्र सम्पन्न गर्ने र पश्चिम मूल नहरको समस्याग्रस्त खण्ड मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याउने।
- रानी जमरा कुलरिया सिँचाइ आयोजनाको पहिलो चरणबाट सिँचाइ सुविधा उपलब्ध गराउने।
- निर्माणाधीन राष्ट्रिय गौरवका रानी जमरा, भेरी बबई डाइभर्सन र बबई आयोजना अघि बढाउने।
- सुनसरी-मोरङ तथा नारायणी लिफ्ट सिँचाइ प्रणालीलाई पुनर्स्थापना गर्न, कालीगण्डकी-तिनाउ, तमोर-चिस्याङ, माडी-दाङ, राप्ती-कपिलवस्तु,

पश्चिम सेती-कैलाली पाण्डुन डाइभर्सन तथा कन्काई बहुउद्देश्यीय आयोजना लगायतका आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गर्ने।

तमोर-चिसाङ, सुनकोसी-मरिन, सुनकोसी-कमला, कालीगण्डकी-तिनाउ र पश्चिम सेती-कैलाली-पाण्डुन सिँचाइ लगायतका नदी पथान्तरण आयोजनाको सम्भाव्यता अध्ययन तथा बृहत् दाङ उपत्यका सिँचाइ आयोजना सुरु गर्ने।

## उपलब्धि

आर्थिक वर्ष २०७५/७६ मा ४३ हजार ३ सय ७५ हेक्टर जमिनमा सिँचाइ सेवा विस्तारका लागि संरचना निर्माण भएको छ। जसवाट कूल १४ लाख ७६ हजार ७ सय ३१ हेक्टर जमिनमा दीगो तथा भरपर्दो सिँचाइ सुविधा पुगेको छ।

विभिन्न नदीहरूको व्यवस्थापनबाट करिब १ हजार ७० किलोमिटर तटबन्ध गरिएको छ। यसवाट सार्वजनिक तथा व्यक्तिगत गरी करिब ११ हजार ९ सय ५३ हेक्टर जमिनको उकास भएको छ।

सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा विकास गरिएको छ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नेपालमै पहिलोपटक टनेल बोरिङ प्रविधिबाट १२.२ किलोमिटर सुरुङ निर्माण कार्य तोकिएको समयभन्दा अघि ब्रेक-थ्रू भएको छ। यसवाट बाँके तथा बर्दियाको ५१ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सेवा उपलब्ध हुनेछ।

कञ्चनपुर जिल्लाको करिब ३० हजार हेक्टर जमिनमा टनकपुर ब्यारेजबाट सिँचाइ सेवा उपलब्ध गराउन महाकाली सिँचाइ आयोजनाको मूल नहरको थप १६ किलोमिटर खण्ड निर्माण कार्य भइरहेको छ। भारतीय पक्षबाट १.२ किलोमिटर टनकपुर लिंक नहरको निर्माण कार्य समेत सुरु भएको छ।

मध्य तथा पूर्वी तराईका करिब १ लाख २२ हजार हेक्टर जमिनमा भरपर्दो सिंचाइ सुविधाका लागि सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ।

भेरी-बबई डाइभर्सन, रानी जमरा कुलरिया, सिक्टा र बबई सिँचाइ आयोजनाहरूको निर्माण कार्यलाई तीव्रता दिइएको छ।

**चुरे तथा महाभारत क्षेत्रबाट बग्ने नदीको मुहानमा बाँध निर्माण गरी बाढी नियन्त्रण, विद्युत् उत्पादन, सिंचाइ तथा माछापालन कार्यक्रम लागू गरिने छन्। भूमिगत सिंचाइ सम्भाव्य भएका तराई-मधेस र अन्य स्थानमा स्यालो तथा डिप ट्युबवेल र पहाडी भूभागमा अवस्थित समथर भूभाग, बेंसी तथा टारमा सौर्य ऊर्जा एवं अन्य प्रविधिमा आधारित लिफ्ट सिंचाइ सञ्चालन गरिनेछ। आकाशे पानी संकलन तथा भण्डारण, थोपा तथा फोहोरा सिंचाई, प्लास्टिक पोखरी र तालतलैया एवं पानीका अन्य स्रोत प्रयोगद्वारा कृषियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ।**

लक्ष्य ६

## नीति र कार्यक्रम

- मानव बस्ती, कृषियोग्य जमिन र अन्य राष्ट्रिय महत्वका स्रोत र सम्पदाको सम्बर्द्धन गर्न नदी किनारमा तटबन्ध निर्माण गर्ने।
- प्रदेश तथा स्थानीय सरकार समेतको संलग्नतामा हरित प्रविधिको प्रयोगलाई जोड दिँदै नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यलाई नदी बेसिनहरूमा विस्तार गर्ने।
- कोशी, त्रियुगा, कमला, नारायणी, कर्णालीलगायत नदीहरूमा तटबन्ध निर्माण आयोजना सम्पन्न गर्ने।
- प्रदेश र स्थानीय तहसँगको सहकार्यमा समुदाय समेतको सहभागितामा नदी नियन्त्रण कार्यलाई अभियानको रूपमा अघि बढाउने।
- जलस्रोतका बहुउद्देश्यीय आयोजनाहरू विकासमा प्राथमिकता दिई खानेपानी, सिंचाइ, विद्युत, नदी नियन्त्रण र वातावरण प्रवर्द्धन पक्षलाई समेत समेट्ने।
- साना सिंचाई, टार सिंचाइ, स्यालो ट्युबवेल लगायतका साना तथा मझौला आयोजना प्रदेश तथा स्थानीय तहसँगको लागत सहभागितामा सञ्चालन गर्ने।
- सौर्य ऊर्जासमेत उपयोग गरी लिफ्ट सिंचाइ प्रणाली विकास गर्ने।

- प्रदेश तथा स्थानीय तहको सहभागितामा तराई-मधेसका सौर्य ऊर्जामा आधारित भूमिगत सिंचाइ सुविधा उपलब्ध गराउने।
- उच्च पहाडी भूभागका उपयुक्त स्थानमा ठूला पोखरीहरू निर्माण गर्ने। पोखरीको पानी उपयोग गरी उच्च प्रविधिमा आधारित थोपा सिंचाइ प्रणाली सञ्चालन गर्ने।
- नदीप्रणाली व्यवस्थित गर्दा उपलब्ध हुने नदी उकास जमिनमा आवश्यकताअनुसार वस्ती विकास र वृक्षारोपण गर्ने।


## उपलब्धि

सिक्टा सिंचाइ आयोजनाको पूर्वी मूल नहरको सेटलिङ बेसिनको कार्य सम्पन्न भई ४३ किलोमिटरसम्म प्रमुख संरचनाहरूको निर्माण कार्य सम्पन्न हुन लागेको छ।

बबई सिंचाइ आयोजनाको पूर्वी मूल नहरका साथै पश्चिम मूल नहरको २५ किलोमिटरसम्मको निर्माण कार्य सम्पन्न भई २९ हजार ५ सय हेक्टरमा सिंचाइ सुविधा उपलब्ध भएको छ।

समृद्ध तराई मधेस सिंचाइ विशेष कार्यक्रम लागू भएको छ।

नयाँ प्रविधिमा आधारित सौर्य सिंचाइलाई कार्यान्वयन ल्याइएको छ।



आगामी पाँच वर्षमा सबै उत्पादन क्षेत्र र सडकमा चौबीसै घण्टा पर्याप्त विद्युत् उपलब्ध गराइनेछ। आगामी तीन वर्षमा काठमाडौं उपत्यकाभित्र विद्युतीय सवारी साधन मात्र उपयोग गर्ने कार्ययोजना लागू गरिनेछ। बिजुलीबाट बञ्चित घरपरिवारमा दुई वर्षभित्र विद्युत् उपलब्ध गराइनेछ। आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहोर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट १५ हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ। संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा च्यालेन्ज फन्डमार्फत नवीकरणीय ऊर्जाका बहुउपयोगी प्रविधिहरूको प्रवर्द्धन गरिनेछ।

लक्ष्य 3

## नीति र कार्यक्रम

- आगामी तीन वर्षभित्र सबै नेपालीको घरमा आधुनिक ऊर्जा र पाँच वर्षभित्र सबै घरपरिवारलाई माग बमोजिमको विद्युत् उपलब्ध गराउन जलविद्युत् र सबै प्रकारका नवीकरणीय ऊर्जाको विकास तथा विस्तारमा जोड दिने।
- विसं २०७५ देखि २०८५ सालसम्मको अवधिलाई ऊर्जा दशकको रूपमा मनाई आयोजनाहरू कार्यान्वयन गर्ने।
- सार्वजनिक र निजी क्षेत्रको लगानीबाट साना, मझौला र ठूला जलविद्युत् आयोजना निर्माण गरी पाँच वर्षभित्र ५ हजार मेगावाट र १० वर्षभित्र १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने।
- सम्भाव्य स्थलहरूमा सौर्य ऊर्जा, वायु ऊर्जा, भू-तापीय ऊर्जा एवं अन्य नवीकरणीय वैकल्पिक ऊर्जा प्रविधिलाई प्रोत्साहन गर्ने।
- ऊर्जाको ठूलो स्रोत जलस्रोत क्षेत्रलाई समृद्धिको संबाहक क्षेत्र बनाउने।
- सबै प्रदेशमा कम्तीमा दुई ठूला जलविद्युत् तथा सौर्य आयोजनाहरूको विकास गर्ने।
- सबै नेपालीको घरमा आधुनिक ऊर्जा पुऱ्याई उज्यालो नेपाल बनाउनेगरी जलविद्युत र नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्ने।
- जलविद्युत्, सौर्य, जैविक, वायुलगायतका नवीकरणीय ऊर्जाको उपयोगबाट ऊर्जाको पहुँच कम भएका प्रदेश नं २, कर्णाली र सुदूर पश्चिम प्रदेशलाई सर्वप्रथम पूर्ण रूपमा अँध्यारोमुक्त प्रदेश घोषणा गर्ने।

- तराई मधेसका जिल्लामा खाना पकाउनका लागि प्रयोग भइरहेको गुइँठाको प्रतिस्थापन र ऊर्जाको पहुँच नपुगेका क्षेत्रमा स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालन गर्ने।
- आगामी आर्थिक वर्षमा तराई मधेस तथा पहाडी क्षेत्रका सम्भाव्य स्थानहरूका विपन्न २५ हजार घरपरिवारलाई गोवर ग्यास प्लान्ट जडानमा अनुदान दिने।
- सहरी तथा व्यावसायिक बायोग्यास प्लान्ट जडानका लागि समेत अनुदान दिने।
- फोहोरमैलाबाट ऊर्जा उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्न स्थानीय तहलाई फोहोर व्यवस्थापन अनुदान उपलब्ध गराउने।
- नेपाल सरकार, स्थानीय तह र समुदायको सहकार्यमा ग्रामीण विद्युतीकरणलाई तीव्रता दिने।

## उपलब्धि

- उज्यालो नेपालको अभियानअन्तर्गत २०७५ जेठ १ गतेदेखि नै मुलुकलाई लोडसेडिङमुक्त गरिएको छ।
- राष्ट्रिय प्रसारण प्रणालीबाट ७८ प्रतिशत र अफग्रिड प्रणालीबाट करिब १० प्रतिशत सहित ८८ प्रतिशत जनसंख्यामा विद्युत सेवा पुगेको छ।
- दुई वर्षअगाडि ३७ लाख ६८ हजार घरधुरीमा विद्युत सेवाको पहुँच रहेकोमा अहिले ८ लाख ५२ हजार वृद्धि भई कूल ४६ लाख २० हजार घरधुरीमा विद्युत सेवाको पहुँच पुगेको छ।
- प्रति व्यक्ति विद्युत् खपत २ सय ४५ किलोवाट घण्टा पुगेको छ।
- ६० मेगावाटको माथिल्लो त्रिशुली ३ ए र १४ मेगावाटको कुलेखानी तेस्रो जलविद्युत् आयोजनाबाट विद्युत उत्पादन भइसकेको छ।
- निजी क्षेत्रबाट २ सय २५ मेगावाट र वैकल्पिक ऊर्जाअन्तर्गत ८.५ मेगावाट विद्युत् उत्पादन भएको छ।
- हाल नेपालको राष्ट्रिय विद्युत् प्रणालीको जडित क्षमता १ हजार ३ सय ३७ मेगावाट पुगेको छ।


**लक्ष्य**

**४**

**आन्तरिक खपतबाट बचेको उत्पादित ऊर्जा निर्यात गर्न प्रसारण लाइनहरू निर्माण गरिनेछ।**

## नीति र कार्यक्रम

- उत्पादित विद्युतको आन्तरिक खपत एवं द्विपक्षीय तथा क्षेत्रीय विद्युत व्यापार प्रवर्द्धनका लागि आन्तरिक प्रसारण एवं वितरण र अन्तरदेशीय प्रसारण प्रणालीहरूको विस्तार तथा सुदृढीकरण गर्ने।
- ढल्केवर, हेटौंडा, र इनरुवामा निर्माणाधीन सबस्टेसन सम्पन्न गरी नेपालमा पहिलो पटक ४ सय केभी प्रणालीमा आधारित ढल्केवर सवस्टेसन सञ्चालन गर्ने।





## उपलब्धि

नेपाल-भारत सीमादेखि भारतको गोरखपुरसम्मको १ सय २० किलोमिटर लम्बाइको ४ सय केभी अन्तर्देशीय विद्युत् प्रसारण लाइन निर्माणका लागि नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडको ५०:५० प्रतिशत शेयर पूँजी रहनेगरी संयुक्त स्वामित्वको कम्पनी स्थापना गर्न दुई देशबीच सहमति भएको छ।



नेपाल र चीनबीच ऊर्जा सहकार्य सम्झौता सम्पन्न भई योजना बनाउने कार्य अन्तिम चरणमा छ।



गल्छी-रसुवागढी-केरुङ ४ सय केभी क्षमताको अन्तर्देशीय विद्युत प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण गर्न नेपाल विद्युत प्राधिकरण र स्टेट ग्रिड कर्पोरेसन लिमिटेड चाइनाबीच समझदारीपत्रमा हस्ताक्षर भई आ-आफ्नो भूभागमा पर्ने खण्डको अध्ययन सुरु गरिएको छ।



नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र बंगलादेशबीच ऊर्जा क्षेत्रमा आपसी सहयोगसम्बन्धी समझदारी भएको छ।



ढल्केवर-मुजफ्फरपुर ४ सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट अधिकतम विद्युत् आयातनिर्यात गर्न ढल्केवर सबस्टेसनलाई १ सय ३२ केभीबाट २ सय २० केभीमा स्तरोन्नति गरिसकिएको छ।






लक्ष्य
५

**आगामी १० वर्षमा सम्पन्न हुनेगरी कर्णाली चिसापानी, बूढीगण्डकी, पश्चिम सेती, नलसिंहगाड, उत्तरगंगा, नौमुरे, माथिल्लो झिम्रुक, सुनकोसी–१, सुनकोसी–२, तमोर, तामाकोसी–३ लगायत परियोजनाको कार्यान्वयन तीव्र गतिमा अगाडि बढाइनेछ।**

## नीति र कार्यक्रम

- आगामी आर्थिक वर्षभित्र माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी **४ सय ५६ मेगावाट** विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने।
- बूढीगण्डकी जलविद्युत् आयोजनालाई अघि बढाउने।
- आगामी वर्ष माथिल्लो तामाकोशी, रसुवागढीलगायतका निर्माणाधीन जलविद्युत् आयोजनाहरूको निर्माण कार्यलाई तीव्रता दिई कम्तीमा **एक हजार मेगावाट** जलविद्युत् क्षमता राष्ट्रिय प्रणालीमा थप गर्ने।
- तमोर जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरी राष्ट्रिय गौरवको आयोजनाका रूपमा कार्यान्वयन गर्ने।
- दूधकोशी, पश्चिम सेती, कर्णाली चिसापानी, नलसिङगाड र उत्तरगंगा लगायतका जलविद्युत् आयोजनाहरूको लगानीको ढाँचा एकीन गरी निर्माण अघि बढाउने।
- नौमुरे बहुउद्देश्यीय आयोजनाको निर्माण विधि तय गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने।



- ठूला जलविद्युत् आयोजनाहरूको कार्यान्वयनमा सार्वजनिक निजी साझेदारीलगायत लगानीका वैकल्पिक उपाय अवलम्बन गर्ने।
- पश्चिम सेती आयोजनालाई नेपालभित्रकै स्रोत परिचालन गर्नेगरी निर्माण सुरु गर्ने।
- चिसापानी कर्णाली बहुउद्देश्यीय आयोजनाको निर्माण अघि बढाउन प्रारम्भिक कार्य गर्ने।
- प्रत्येक प्रदेशमा कम्तीमा एक बहुउद्देश्यीय जलविद्युत् आयोजना सञ्चालन हुनेगरी तमोर, कन्काई, उत्तरगंगा, नौमुरे, सुनकोशी दोस्रो र तेस्रो, कालीगण्डकी तथा नलसिङगाडको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य अघि बढाउने।
- बूढीगण्डकी जलविद्युत आयोजनाको मुआब्जा वितरण कार्य सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने।

## उपलब्धि

**४ सय ५६ मेगावाट** क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनासहित यसै आर्थिक वर्षभित्र **१ हजार मेगावाट** विद्युत् उत्पादन भइसक्ने छ।



**लक्ष्य ६**

**'घरघरमा बिजुली : जनजनमा शेयर' नीति लागू गर्दै आकर्षक जलविद्युत् परियोजनामा जनता र सरकारको संयुक्त लगानी प्रवर्द्धन गरिनेछ।**

## नीति र कार्यक्रम

- **'नेपालको पानी जनताको लगानी'** अभियान सञ्चालन गरी माथिल्लो अरुण, किमाथान्का अरुण, त्रिशूली ३ बी, सान्जेन, माथिल्लो सान्जेन, फुकोट कर्णाली र किमाथान्का लगायत १८ आयोजनाको निर्माणबाट ३ हजार ५ सय मेगावाट क्षमताको जलविद्युत् उत्पादन प्रक्रिया अगाडि बढाउने।
- राष्ट्रसेवक कर्मचारीलगायत स्वदेश र वैदेशिक रोजगारीमा संलग्न सबै श्रमिकको लगानीमा उपयुक्त प्रकारको जलविद्युत् आयोजना अघि बढाउने।
- सर्वसाधारण जनताको लगानीमा ३ हजार मेगावाटसम्मको आकर्षक जलविद्युत आयोजना कार्यान्वयनमा ल्याउने।
- निजी लगानीकर्ताहरूलाई प्रसारण लाइनको विकासमा सहभागी गराउन निर्माण र हस्तान्तरण अवधारणा आयोजनाको विकास गर्ने।
- प्रसारण लाइनबाट प्रभावित घरपरिवारलाई विद्युत आयोजनामा लगानीको अवसर प्रदान गर्ने व्यवस्था मिलाउने।




## उपलब्धि

जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत विभिन्न २२ आयोजना निर्माणको लागि छनोट गरिएको छ।

४८ मेगावाट क्षमताको भेरी बबई बहुउद्देश्यीय आयोजनालाई जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत अगाडि बढाइएको छ।


त्रिशूली-३ बी जलविद्युत आयोजना (३७ मेगावाट), सान्जेन जलविद्युत् आयोजना (५७ मेगावाट) र रसुवागढी जलविद्युत् आयोजना (१ सय ११ मेगावाट) को १ करोड ८० लाख कित्ता शेयर सर्वसाधारणलाई वितरण गरिसकिएको छ।



**पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७ सय ६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण सुरु गरिनेछ। आगामी पाँच वर्षमा कर्णाली, गण्डकी र कोशी करिडोर तथा मध्यपहाडी पुष्पलाल लोकमार्गको समानान्तर उच्च क्षमताका प्रसारण लाइन जडान गरिनेछ।**

लक्ष्य ७

## नीति र कार्यक्रम



- विद्युत प्रसारण लाइन निर्माणमा सरकारले अग्रणी भूमिका खेल्ने।
- पूर्व पश्चिम राजमार्ग र रसुवागढी-काठमाडौं-वीरगन्ज करिडोरहरूमा ७ सय ६५ केभी क्षमताको प्रसारण लाइन निर्माण गर्ने।
- कर्णाली, गण्डकी र कोशी करिडोरमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने।
- अन्तर्देशीय प्रसारण लाइनहरू विस्तार गर्ने।
- बुटवलदेखि गोरखपुर र गल्छी-केरुङ ४०० केभी क्षमताको अन्तर्देशीय प्रसारण लाइनको निर्माण अघि बढाउने।
- पूर्व पश्चिम राजमार्ग र मध्यपहाड़ी पुष्पलाल लोकमार्गको समानान्तरमा र नदी बेसिनका आधारमा उत्तर दक्षिण प्रसारण लाइन निर्माण सुरु गर्ने।
- बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारण लाइनको थालनी र अन्य निर्माणाधीन प्रसारण लाइनहरूको निर्माण सम्पन्न गर्ने।
- लम्की-बरेली, दुहवी-पूर्णिया र कोहलपुर-लखनउ प्रसारण लाइनहरूको डीपीआर सुरु गर्ने।

- आगामी पाँच वर्षभित्र नेपाल-चीन जोड्ने गल्छी-रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण सम्पन्न गर्ने।

## उपलब्धि

३३ केभी क्षमताको वितरण लाइन ४ हजार ५ सय ९१ किलोमिटरबाट ७ सय ५१ किलोमिटरले वृद्धि गरी कूल ५ हजार ३ सय ४२ किलोमिटर पुऱ्याइएको छ।

११-०.४ केभी क्षमताको वितरण लाइन १ लाख ३१ हजार ५ सय ८४ किलोमिटरबाट १२ हजार ८ सय ८४ किलोमिटरले वृद्धि गरी कूल १ लाख ४४ हजार ४ सय ६८ किलोमिटर पुऱ्याइएको छ।

आन्तरिक तथा अन्तर्देशीय प्रसारण लाइन गुरुयोजना तयार भएको छ।

६६ केभी तथा सोभन्दा माथिका करिब ३ हजार ३ सय ८४ सर्किट किलोमिटर प्रसारण लाइन रहेको यस अवधिमा ८ सय ९२ सर्किट किलोमिटर थपिएर कूल ४ हजार २ सय ७६ सर्किट किलोमिटर पुगेको छ।

देशभरका ग्रिड सबस्टेसनको क्षमता ३ हजार १ सय ९८ एमभीएमा ८ सय ८० एमभीए थप वृद्धि गरी कूल ४ हजार ७८ एमभीए पुऱ्याइएको छ।

करिब ३ हजार ५ सय मेगावाट विद्युत् प्रसारण प्रणालीमा प्रवाह हुन सक्ने गरी क्षमता विस्तार भएको छ।



## लक्ष्य ८

**आगामी वर्ष पूर्व–पश्चिम विद्युत् रेलमार्ग निर्माण कार्य सुरु गरिनेछ। आगामी तीन वर्षमा मुलुकका सबै भागमा विद्युतीकरण गरिनेछ। सहर र ग्रामीण क्षेत्रमा प्रयोग हुने सम्पूर्ण विद्युत् प्रसारण लाइन भूमिगत गराइनेछ।**

## नीति र कार्यक्रम

- १० वर्षभित्र प्रतिव्यक्ति विद्युत् खपत हालको १ सय १० बाट १ हजार ५ सय किलोवाट घण्टा पुऱ्याउने।
- पाँच वर्षभित्र उत्पादनका सबै क्षेत्र, सार्वजनिक यातायात सेवा र अन्य पूर्वाधारका क्षेत्रमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था मिलाउने।
- राष्ट्रिय ग्रिड प्रणाली नपुगेका तराई, हिमालय तथा दुर्गम स्थानमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत विद्युतीकरणका बहुवर्षीय कार्यक्रम सञ्चालन गर्ने।
- वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रलाई समेत प्रोत्साहित गर्ने कार्यक्रम ल्याउने।

## उपलब्धि

८ हजार १ सय थान विद्युत वितरण ट्रान्सफरमर थप जडान गरी वितरण ट्रान्सफरमरको क्षमता २ हजार ६ सय एमभीएबाट करिब ८ सय १० एमभीएले बृद्धि गरी ३ हजार ४ सय १० एमभीए पुऱ्याइएकाले करिब ३ हजार मेगावाट विद्युत् वितरण गर्न सकिनेछ।

काठमाडौंको महराजगन्ज–रत्नपार्क खण्डको तारलाई जमिनमुनि राख्ने काम सुरु गरिएको छ।



**मौसम तथा बाढी पूर्वानुमानलाई गुण्स्तरीय र विश्वसनीय बनाई जल तथा मौसमजन्य विपद्‌बाट हुनसक्ने धनजनको क्षति न्यूनीकरण गर्न आधुनिक तथा स्वचालित जल तथा मौसम मापन उपकरण र प्रणाली जडान गरिनेछ।**

लक्ष्य
१

## नीति र कार्यक्रम

- सुर्खेतमा स्थापना भएको मौसमी राडारलाई पूर्णरूपमा सञ्चालनमा ल्याउने।
- पाल्पा तथा उदयपुरमा थप दुई राडार जडान गर्ने।
- एक हप्तासम्मको मौसम तथा जलवायु पूर्वानुमानको सूचना कृषक, पर्यटकलगायत सरोकारवालाले प्राप्त गर्न सक्ने प्रबन्ध मिलाउने।



## उपलब्धि

- सुर्खेतमा स्थापना भएको मौसमी राडारलाई पूर्णरूपमा सञ्चालनमा ल्याइएको छ।
- पाल्पा तथा उदयपुरमा दुई राडर राख्ने पूर्वाधार तयार भएको छ।
- बाढीपहिरो र मौसमको भविष्यवाणीलाई थप विश्वसनीय बनाउन विभिन्न उपाय अवलम्बन गरिएको छ।

**विद्युत नियमन आयोग गठन गरी विद्युत खरिद सम्झौता र विद्युत् शुल्क निर्धारणलगायतको कार्यलाई व्यवस्थित गरिनेछ। देशैभरि क्रमशः स्मार्ट मिटर प्रणाली लागू गरिनेछ।**

**लक्ष्य १०**

## नीति र कार्यक्रम




- विद्युत् नियमन आयोगको संस्थागत क्षमता विकास गरी विद्युत् खरिद सम्झौता लगायतका कार्य व्यवस्थित गर्ने।
- विद्युत् विकासको इजाजतपत्र लिई लामो समयसम्म निर्माण कार्य सुरु नगरेका सम्झौता पुनरावलोकन गर्ने।
- वितरण प्रणालीलाई स्वचालित एवम् आधुनिकीकरण गरी स्मार्ट ग्रिड प्रणालीको रूपमा विकास गर्ने।

## उपलब्धि

आव २०७४/०७५ मा २२.९ प्रतिशत रहेको विद्युत् प्रणालीको चुहावटलाई १५.३ प्रतिशतमा झारिएको छ।

चीन सरकारको स्वामित्वमा रहेको पावर कर्पोरेसन अफ चाइना (पावर चाइना) र एचआईडीसीएलबीच १ सय ५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत् आयोजना र ७ सय ५६ मेगावाट क्षमताको तमोर जलाशययुक्त जलविद्युत आयोजनाको विकास, व्यवस्थापन र सञ्चालन सम्बन्धमा सार्वजनिक निजी साझेदारीअन्तर्गत अघि बढाउने समझदारीपत्रमा हस्ताक्षर भएको छ।



# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## बजेट

रु. ४२ अर्ब ६४ करोड*

\+

रु. ३४ अर्ब ६९ करोड**

=

कूल

रु. ७७ अर्ब ३४ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- ३५ अर्ब ३१ करोडभन्दा बढी मूल्य बराबरको बाली तथा पशुपन्छीको बीमा
- मुलुक अण्डामा आत्मनिर्भर भएको छ । दूध र मासुमा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ ।
- ४९७ वटा कस्टम हायरिङ सेन्टर, ३३६ पोष्टहार्भेष्ट सेन्टर, ३ वटा ठूला बजार पूर्वाधार र ३७ संकलन केन्द्र तथा हाट बजारहरूको स्थापना
- ७ स्थानमा विषादी अवशेषको द्रूत विश्लेषण परीक्षण र अन्य थप तीन स्थानमा सबै खालका विषादीहरूको नमूना परीक्षण गर्ने ल्याबहरू स्थापना
- कृत्रिम गर्भाधानको संख्यामा ९ प्रतिशतले वृद्धि गरी ६ लाख २२ हजार ६१९ पशुमा विस्तार गरिएको


*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**लक्ष्य १**

**दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनाइनेछ। पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइनेछ।**

## नीति र कार्यक्रम

- प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादन आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरूको निर्यात बृद्धि गर्ने।
- खाद्यान्न तथा पशुपन्छीजन्य उत्पादन बढाउने।
- अन्डा र कुखुराको मासुको आत्मनिर्भरतालाई दीगो बनाउँदै दूध, माछा, मासु र ताजा तरकारीमा समेत आत्मनिर्भर हुनेगरी पशुपालन, मत्स्य पालन र तरकारी खेती प्रवर्द्धन गर्ने।
- आलु र प्याजको आन्तरिक उत्पादन बढाउने गरी विशेष कार्यक्रम सञ्चालन गर्ने।
- कृषि उत्पादनको बहुउपयोग हुनेगरी उत्पादन विविधीकरण र मूल्य शृंखला विस्तार गर्ने।
- निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरूको खेतीलाई प्रोत्साहन गर्ने।



- पाँच वर्षभित्र कृषिमा आश्रित करिब दुई तिहाइ जनसङ्ख्याको ठूलो हिस्सा गैरकृषि क्षेत्रमा परिचालन हुने अवसर सिर्जना गर्ने।
- कृषि उत्पादकत्व वृद्धि गरी पाँच वर्षमा कृषि उत्पादन दोब्बर बनाउन कृषिलाई आधुनिकीकरण र व्यावसायिकीकरण गर्ने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई विस्तार गरी तीव्रताका साथ कार्यान्वयन गर्ने।

## उपलब्धि

मुलुक अन्डामा आत्मनिर्भर भएको छ।




दूध र मासुमा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ।




गत आर्थिक वर्षमा मिल्क होलिडे भएन।



दुई वर्षअघिको तुलनामा औपचारिक प्रशोधन क्षेत्रमा प्रशोधनका लागि आउने दूध थप दुई प्रतिशतले वृद्धि भएको छ।




हाल उत्पादित दूधमध्ये १७ प्रतिशत औपचारिक प्रशोधनमा आउने गरेको छ।




सबैका लागि खाद्य पोषण सुरक्षा प्रत्याभूति गरिनेछ। कृषियोग्य भूमि सहकारिताको आधारमा चक्लाबन्दी गर्न प्रोत्साहन गरिनेछ।

लक्ष्य
२

## नीति र कार्यक्रम

- भू-चक्लाबन्दीमार्फत सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहन गर्ने।
- पहाड़मा सय रोपनीभन्दा बढ़ी र तराईमा सय बिघाभन्दा बढी जमीन एकीकरण गरी व्यावसायिक खेती, पशुपन्छी पालन र जडीबुटी खेती गर्नेलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने।
- प्राविधिक सहयोग र मेशिनरी आयातमा कर सहुलियत दिने।
- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूलाई आवश्यक कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्ने।
- यस्ता उद्योगहरूले प्रवर्द्धन गरेको व्यक्तिगत करार तथा सहकारी खेतीमा उत्पादन लागतको अनुदान उपलब्ध गराउने।
- भूमिको उत्पादकत्व वृद्धि गर्न भू-उपयोग नीति र कानुन परिमार्जन गरी कार्यान्वयन गर्ने।
- प्रकृति, स्वरूप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्ने।
- कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोक्ने।
- करार, सहकारी र सामूहिक खेतीलाई प्रोत्साहन गर्ने।



## उपलब्धि

आर्थिक वर्ष २०७४/७५ को तुलनामा कृषि उत्पादन - रासायनिक मल, उन्नत बीउको आपूर्ति र सिञ्चित क्षेत्रको विस्तारबाट निम्न अनुसार उत्पादनमा वृद्धि भएको छ :

- धानमा ८.८९ प्रतिशत



- गहुँमा ४.५ प्रतिशत



- मकैमा ३.४८ प्रतिशत



- तरकारीमा १.८६ प्रतिशत



- आलुमा ४.३ प्रतिशत



- उखुमा ११.०४ प्रतिशत



धान ५६ लाख १० हजार मेट्रिक टन, मकै २६ लाख ४४ हजार ८ सय १ मेट्रिक टन, गहुँ २० लाख ३६ हजार ७ सय मेट्रिक टन, तरकारी ४१ लाख ७५ हजार ६ सय २१ मेट्रिक टन, आलु ३२ लाख २० हजार ७ सय ८४ मेट्रिक टन र उखु ३९ लाख ४१ हजार ५ मेट्रिक टन उत्पादन भएकाले खाद्य सुरक्षामा टेवा पुगेको छ।



**कृषि पूर्वाधारमा ठूलो मात्रामा लगानी गरिनेछ। कृषि यान्त्रिकरण, मल, बीउ, प्रविधि तथा प्रशोधन र भण्डारणमा अनुदान दिइनेछ।**

लक्ष्य
३

## नीति र कार्यक्रम


- कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेशाका रूपमा रूपान्तरण गरी युवामुखी कार्यक्रम ल्याउने।
- कृषिको औद्योगिकीकरण गरी त्यसमा आश्रित जनसंख्यालाई कृषि, उद्योग, मूल्य शृंखलाका तहहरू कृषि सेवा क्षेत्रमा स्थानान्तरण गर्ने।
- निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा परिणत गर्ने।
- कृषकहरूलाई समयमै उन्नत बीउ, मल तथा कृषि प्रसार सेवा उपलब्ध गराउने।
- स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण र संबर्द्धन गर्ने।
- रासायनिक मलको सर्वसुलभ आपूर्ति सुनिश्चित गरी कृषि उत्पादन बढाउन रासायनिक मल खरिदको अनुदान ५० प्रतिशतले वृद्धि गर्ने।
- मलखादको सन्तुलित प्रयोगमार्फत माटोको गुणस्तर र उत्पादकत्व वृद्धि गर्न कृषि सामग्री कम्पनी लिमिटेडमा सम्मिश्रित मल बनाउने मेसिनरी जडान गर्ने।



- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि परिमार्जन गर्ने।
- सबै किसिमका कर्जामा दिइने ब्याज अनुदान बढाउने।
- सहकारी संस्थामार्फत सञ्चालन हुने स्थानीय गैर खाद्यान्नमा आधारित पशुपन्छी दाना र माछा आहारका साथै दूध, मासु, फलफूल तथा तरकारीजन्य प्रशोधन उद्योगका लागि आवश्यक उपकरण खरिदमा २५ प्रतिशत अनुदान दिने।
- उखु उत्पादक किसानहरूलाई उत्पादनको आधारमा अनुदान दिने।
- सहकारीमार्फत रेशम, कपास र ऊन खेतिको लागी उत्पादन अनुदान र प्रशोधन कारखानाको स्थापनाका लागि २५ प्रतिशत पूँजीगत अनुदान दिने।

## उपलब्धि

कृषि उपजहरूको उत्पादन लागत कम गर्न आधुनिक कृषि यन्त्रहरूको सहज र सस्तो मूल्यमा उपलब्धताका लागि ४ सय ९७ वटा कस्टम हायरिङ सेन्टर स्थापना गरिएको छ।




रासायनिक मलको आपूर्ति तथा वितरणलाई थप व्यवस्थित गरी सहज बनाइएको छ।



**सम्पूर्ण कृषिभूमिमा सुपर जोन, जोन, ब्लक र पकेट स्तरका आधुनिक फार्महरूको विकास गरी माटो अनुकूल एउटै बाली उत्पादन गरिनेछ। बीउ सुरक्षा कार्यक्रम लागू गरिनेछ।**

**लक्ष्य ४**

## नीति र कार्यक्रम



कृषि क्षेत्रमा कायम रहेका संगठनहरूको पुनर्संरचना गर्ने।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायतका कृषि क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिता विश्लेषण गरी पुनरावलोकन गर्ने।



आगामी आर्थिक वर्ष पकेट, ब्लक, जोन र सुपरजोनका निश्चित मापदण्ड बनाई ३१ बाली विशेष र पशुपालन गरी थप ३९ जोनमार्फत ६९ हजार हेक्टरमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यक्रम विस्तार गर्ने।



संभाव्यताको आधारमा फापर र भटमासको जोन निर्धारण गर्ने।



कृषकहरूलाई उपलब्ध गराइने अनुदान वास्तविक कृषकहरूले लाभ लिनसक्ने बनाउन हालको अनुदान प्रणालीमा व्यापक सुधार गर्ने।



चिया, कफी, अलैँची, सुपारी, आलु, केरा तथा कागतीको उन्नत बीउ र विरुवामा अनुदान दिने।


स्थानीय तहमा घुम्ती प्रयोगशालामार्फत् स्थलगत माटो परीक्षण र माटोको गुणस्तर परीक्षण पत्र वितरणको व्यवस्था गर्ने।


प्रदेशस्तरमा बीउको गुणस्तर परीक्षणको व्यवस्था गर्ने।


बालीहरूको उन्नत जात विकास गरी बीउ प्रतिस्थापन दरमा वृद्धि गर्ने।


जैविक र स्थानीय प्रजातिका बीउविजनहरूको संरक्षण र विस्तार गर्ने।


रासायनिक मल र किशटनाशक विषादि प्रयोगबाट मानव स्वास्थ्यमा बढ्दो जोखिम न्यूनीकरणका लागि जैविक प्रविधिको विकास र विस्तार गर्ने।


बीउविजनको गुणस्तर प्रमाणीकरण र आपूर्ति प्रणालीलाई व्यवस्था गर्न बीउविजन कम्पनीलाई सुदृढ गर्ने।


कृषि सहकारी संस्थाहरूलाई बीउविजन उत्पादनमा प्रोत्साहित गर्ने।

## उपलब्धि

निजी र सहकारी क्षेत्रबाट वार्षिक २८ हजार मेट्रिक टनभन्दा बढी उन्नत बीउ उत्पादन गरी वितरण गरिएको छ।




**लक्ष्य ५**

**कृषि उत्पादकत्व १० वर्षमा दोब्बर गरिनेछ। कृषि उत्पादन, भण्डारण र वितरणमा अत्याधुनिक प्रविधिको प्रयोग र यान्त्रिकीकरण गरिनेछ। यसका लागि आवश्यक संख्यामा प्रयोगशाला स्थापना गर्ने र अनुसन्धानका कार्यक्रमहरू अघि बढाइनेछ। सबै किसिमको खाद्य तथा अखाद्य कृषिबाली र पशुपन्छी व्यवसायमा बीमा व्यवस्था लागू गरिनेछ।**

## नीति र कार्यक्रम

- कृषि उपजहरूको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुऱ्याउन स्क्रीन हाउस, भण्डारगृह, बीउ प्रशोधन केन्द्र र साना सिँचाइ संरचनाहरू निर्माण गर्ने।
- कृषि उपज र माटोलगायतका उत्पादनका साधनहरूको गुणस्तर परीक्षणका लागि प्रयोगशाला निर्माण र सुदृढीकरण गर्ने।
- प्रदेश तथा स्थानीय तहको सहकार्यमा कृषि तथा पशुपन्छी फार्महरूलाई उत्कृष्ट केन्द्रका रूपमा विकास गर्ने।
- प्रदेश ५ र सुदूरपश्चिम प्रदेशमा नयाँ कृषि अनुसन्धान केन्द्रको स्थापना गर्ने।
- सामूहिक, सहकारी, कबुलियती र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गर्ने।
- कृषि उत्पादनलाई चाहिने मल, बीउ, विषादी, औषधि, उपकरण र अन्य आवश्यक सेवा स्थानीय तहको कृषि सेवा केन्द्रमार्फत उपलब्ध गराउने।
- कृषि अनुसन्धान केन्द्र, कृषि सहकारी र कृषि क्याम्पसहरूलाई कृषि तथा पशु विकास केन्द्रित अध्ययन अनुसन्धानमा प्रोत्साहित गर्ने।





- खाद्य स्वच्छता प्रबर्द्धन गर्न प्रभावकारी नियमनको व्यवस्था गर्ने।
- कृषकहरूलाई माटो स्वास्थ्य प्रमाणपत्र उपलब्ध गराउने।
- उत्पादन जोखिम सम्बोधन गर्न कृषि बीमा विस्तार गर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्यपालनको बीमामा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिने।

## उपलब्धि

कृषि क्षेत्रमा आइपर्ने विभिन्न जोखिमहरूबाट कृषकहरूलाई सुरक्षण प्रदान गर्न विभिन्न बाली तथा पशुपन्छीमा आर्थिक वर्ष २०७४/७५ देखि २०७६/७७ को ५ महिनासम्ममा ३५ अर्ब ३१ करोडभन्दा बढी मूल्य बराबरको बाली तथा पशुपन्छीको बीमा गरिएको छ।




पशुधन बीमाको पहुँच विस्तार गरी आर्थिक वर्ष २०७५/७६ मा ४४ लाख ६३ हजार पन्छी, ८७ हजार गाई, ५० हजार भैँसी र ८५ हजार बाख्राको बीमा गरिएको छ। साथै ४ सय ८७ माछापोखरीको पनि बीमा भएको छ।



गत आर्थिक वर्षमा मात्रै थप ६ हजार २४ हेक्टरमा साना कृषि सिंचाईको सुविधा विस्तार भएको छ।



**कृषिविज्ञ र आबश्यक प्राविधिक जनशक्ति विकास गर्न व्यावसायिक तथा प्राविधिक स्कुल, कलेज तथा प्राविधिक तालिम केन्द्रहरू स्थापना गरिनेछ।**

**बजारमा बिक्री हुन नसकेको व्यावसायिक उत्पादन सरकारले खरिद गरी सञ्चित गरिनेछ। हिमाली क्षेत्रमा प्राकृतिक शीतभण्डार निर्माण गरिनेछ र ती शीतभण्डारलाई राजमार्गसँग जोडिनेछ ।**

**लक्ष्य ६**

## नीति र कार्यक्रम

- कृषि तथा पशुपन्छीसम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न सबै स्थानीय तहमा क्रमशः कृषि ज्ञान केन्द्र स्थापना गर्ने।
- कृषकहरूले सरकारी कृषि केन्द्रहरूबाट प्रविधि र सीपको व्यावहारिक ज्ञान प्राप्त गर्ने व्यवस्था मिलाउने।
- कृषि क्षेत्रमा प्राविधिक जनशक्ति आपूर्ति गर्न एक स्थानीय तहमा कम्तीमा एक प्राविधिक उपलब्ध गराउने।
- कृषि तथा वन अध्ययन संस्थानमा स्नातक अध्ययनरत विद्यार्थीलाई इन्टर्नशीप गराउने व्यवस्था मिलाउने।
- कृषकलाई कृषि सूचना र बजार मूल्यको जानकारी सर्वसुलभ बनाउन मोबाइल एप्स लगायतका सूचना प्रविधिको विकास तथा प्रयोगमा जोड दिने।
- सरकारी अनुदानमा निर्माण भएका सबै शीत भण्डारको उपयोग न्यूनतम सेवा शुल्कमा किसानले गर्न पाउने व्यवस्था मिलाउने।



## उपलब्धि

प्रदेश मातहत रहने गरी ५१ वटा कृषि ज्ञान केन्द्र तथा ४७ वटा कृषि ज्ञान केन्द्र र भेटेनरी अस्पताल स्थापना गरी सञ्चालनमा रहेका छन्।

आ.व. २०७५/७६ सम्ममा ४४२ जना कृषि विद्यार्थीहरूले इन्टर्न गरेका छन्। आ.व. २०७६/७७ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत २३० कृषि विद्यार्थी इन्टर्न परिचालनको लागि छनोट भएका छन्। कृषि तथा वन विश्वविद्यालय र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामसँग सम्झौता भई विद्यार्थीहरू परिचालन भएका छन्। यसरी हालसम्म ६७२ जना कृषि विद्यार्थी लाभान्वित भएका छन्।

राष्ट्रिय सुन्तला जात विकास केन्द्र पाल्पा, सुन्तला जात फलफूल विकास केन्द्र - तानसेन पाल्पा, शीतोष्ण बागवानी केन्द्र - मार्फा मुस्ताङ र आलुबाली विकास केन्द्र - निगाले सिन्धुपाल्चोकमा टिस्यू कल्चर प्रविधिबाट विरुवा उत्पादन गरी गुणस्तरीय फलफूल तथा आलुको बीऊ तथा बेर्ना उत्पादनको लागि आवश्यक पूर्वाधार निर्माण गरिएको छ।

नेपाल टेलिकम र SMS प्रयोग गर्ने ३८ हजार कृषकहरू तथा सरोकारवालाहरूलाई नियमित रूपमा SMS पठाउने काम भइरहेको छ।

हाम्रो कृषि मोबाइल एप (हालसम्म ४० हजारभन्दा माथि प्रयोग भइरहेको) र www.namis.gov.np वेबसाइट लगायत एफएम रेडियो, पत्रपत्रिकामार्फत कृषिसँग सम्बन्धित प्रविधि, विषयवस्तुहरू कृषिक लगायत समुदायस्तरमा कार्यरत कर्मचारीहरूको लागि सूचना प्रवाह गरिएको छ।

२०७५ साल वैशाखदेखि चैतसम्म साप्ताहिक रूपमा प्रकाशित कृषि मौसम सल्लाह सेवा बुलेटिनका संग्रहित वार्षिक पुस्तिकासमेत प्रकाशित गरी वितरण गरिएको छ। साथै, वार्षिक संग्रह पुस्तिकालाई www.namis.gov.np र हाम्रो कृषि एपमा समेत समावेश गरएको छ।

**लक्ष्य ८**

**अर्गानिक खेती प्रवर्द्धन गरिनेछ। रासायनिक कीटनाशक विषादीको ठाउँमा प्रांगरिक विषादी प्रयोग गरिनेछ। आगामी १० बर्षमा नेपाललाई रसायन र विषादीमुक्त (अर्गानिक) मुलुक घोषणा गरिनेछ।**

## नीति र कार्यक्रम

- अर्ग्यानिक नेपाल बनाउन कृषि उपजहरूको अर्ग्यानिक उत्पादन अभियान तत्काल थाल्ने ।
- प्रांगारिक वस्तुहरूको उत्पादनको प्रमाणीकरण र ब्रान्ड प्रवर्द्धनमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्ने ।
- विषादिजन्य पदार्थको प्रयोगको नियमन र व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाउने ।
- स्थानीय तहमा घुम्ती प्रयोगशालामार्फत माटो परीक्षण र माटोको गुणस्तर परीक्षण गर्ने ।
- विषादीजन्य पदार्थको प्रयोगको नियमन र व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने ।
- सहरी क्षेत्रमा घरबाट निस्कने फोहोर व्यवस्थापन गरी अर्गानिक तरकारी उत्पादन गर्न कौसी खेतीलाई प्रोत्साहन गर्ने ।
- सबै प्रदेशमा नमूना अर्गानिक कृषि फार्म स्थापना गर्न प्रोत्साहन गर्ने ।





- कर्णाली प्रदेशलगायतका पहाडी जिल्लामा प्रांगारिक उत्पादनलाई जोड दिने।
- कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्थासमेतको सहकार्यमा ठूला क्षमताका बायोग्यास प्लान्ट स्थापना गरी एलपी ग्यासको खपतलाई कम गर्नुका साथै बायोस्लरीबाट प्रांगारिक मल उत्पादन गर्ने।
- कृषि सीप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई अर्गानिक कृषि व्यवसायमा आकर्षित गर्ने।
- प्रदेशसँगको सहकार्यमा प्रत्येक प्रदेशमा कम्तीमा एक जैविक विषादि प्रयोगशाला स्थापना गर्ने।

## उपलब्धि

कालीमाटी लगायत देशका ७ स्थानहरूबाट नियमित रूपमा विषादि परीक्षण कार्य भइरहेको छ। प्रयोगशाला व्यवस्थापन गर्न आवश्यक औजार तथा उपकरण खरिद प्रयोजनको लागि रकम व्यवस्थापन गरिएको छ।



कृषिजन्य उपज पैठारीका लागि सबै क्वारेन्टाइन कार्यालयहरूबाट विद्युतीय Entry Permit तथा निकासीका लागि Phytosanitary Certificate प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

स्थानीय तहमा माटो व्यवस्थापन तथा परीक्षणको लागि आवश्यक प्रबन्ध गर्न प्रत्येक स्थानीय तहमा सशर्त रकमको व्यवस्था गरिएको छ। केन्द्रीय कृषि प्रयोगशालाबाट Soil Testing Van को उपयोग मार्फत अभियानका रूपमा माटो परीक्षण गर्ने व्यवस्था मिलाइएको छ।

प्रदेश नं. १ का स्थानीय तह, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा प्राङ्गारिक खेती प्रवर्द्धनको लागि सशर्त अनुदानको व्यवस्था गरी तत्तत् प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम सञ्चालन भइरहेको छ।

लक्ष्य ८

**आगामी आर्थिक वर्षमा सबैलाई स्वस्थ आहार अभियान जनस्तरसम्म पुग्ने गरी सञ्चालन गरिनेछ।**

## नीति र कार्यक्रम

- खाद्यान्न भण्डारण क्षमतामा वृद्धि गरी खाद्य वस्तुको गुणस्तर सुनिश्चित गर्न कीटनाशक विषादिको प्रयोगलाई सुरक्षित स्तरमा राख्नुपर्ने व्यवस्था मिलाउने।
- सबै प्रदेशमा खाद्य गुणस्तर प्रयोगशाला स्थापना गर्ने।
- गुणस्तरहीन कृषिजन्य वस्तुको आयात नियन्त्रण गर्ने।
- साना किसानहरूले तत्कालीन साझा सहकारी संस्थाहरूबाट लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने।
- साना किसान विकास बैंकको कृषि कर्जा कार्यक्रम प्रभावकारी बनाउन संस्थागत सुधार गर्ने।



## उपलब्धि

पशुपन्छीका संक्रामक रोगहरूको सम्भावित संक्रमणबाट कृषकहरूलाई हुने ठूलो आर्थिक क्षतिबाट जोगाउन तथा मानव स्वास्थ्य समेतको संरक्षण गर्न १३ प्रकारका खोप उत्पादन गरी गत आर्थिक वर्षको तुलनामा ५० लाख मात्रा थपेर करिब ४ करोड मात्रा खोप उत्पादन तथा प्रयोग गरी महामारी रोग रोकथाम गरिएको छ।

२०७९ सम्ममा आवश्यक रोग निरोधक पीपी आर, HS-BQ, rabies, classical swine fever, ranikhet 12 खोप उत्पादनमा मुलुक आत्मनिर्भर हुनेछ।

सम्भावित जोखिम र जनस्वास्थ्यलाई समेत ध्यानमा राखी बर्डफ्लूको संक्रमण देखिएका चितवन, काठमाडौं, कास्की, सुनसरी, रसुवा, मकवानपुर, ललितपुरलगायतमा संक्रामक वस्तु नष्ट गरी रोग नियन्त्रण गरी जनस्वास्थ्य संरक्षण गरिएको छ।



कृषि उपजहरूमा प्रयोग हुने हानिकारक विषादिहरूको प्रयोगलाई न्यूनीकरण गर्न र उपभोक्ता हितलाई मध्यनजर गरी बिर्तामोड, विराटनगर, नवलपुर, बुटवल, पोखरा, नेपालगन्ज, अत्तरिया र कालीमाटीबाट विषादि अवशेषको द्रूत विश्लेषण परीक्षण भइरहेको छ।



विराटनगर, भैरहवा र हेटौंडामा सबै खालका विषादिको नमूना परीक्षण गर्ने ल्याब स्थापना भएका छन्।

अफ्रिकन स्वाइन फिवर रोग देशमा भित्रिन नदिन रोग फैलिएका मुलुक तथा त्यस्ता मुलुकको बाटो भएर बंगुर र बंगुरजन्य उत्पादनहरूको आयातमा प्रतिबन्ध लगाइएको छ।

पशु नश्ल सुधारका लागि गत आर्थिक वर्षको तुलनामा करिब ९ प्रतिशतले कृत्रिम गर्भाधानको संख्यामा वृद्धि गरी ६ लाख २२ हजार ६ सय १९ पशुमा कृत्रिम गर्भाधान गरिएको छ।

लक्ष्य
१

**आगामी ५ वर्षभित्रमा फलफूल बालीले ढाकेको क्षेत्रफल दोब्बर बनाउने गरी फलफूलको बिरुवा उत्पादन र वितरण कार्यक्रम सञ्चालन गरिनेछ।**

## नीति र कार्यक्रम



- सार्वजनिक र निजी साझेदारीमा हावापानी तथा धरातलीय सम्भावना अनुरूपका फलफूल खेती विस्तार गर्ने।
- उच्च मूल्यका नगदे र बेमौसमी बाली उत्पादन तथा प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी निर्यात गर्न प्रोत्साहन गर्ने।
- सहकारीमार्फत कृषि उपजहरूको थोक बाजार व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहको समेत सहकार्यमा अत्याधुनिक कृषि बजार पूर्वाधारको निर्माण तथा सञ्चालन गर्न प्रदेश तथा स्थानीय तहमार्फत अनुदान दिने।
- उत्पादित कृषि उपजहरूको सहज रूपमा बजार सुनिश्चित गर्न देशका विभिन्न भागमा निर्माणाधीन फलफूल थोक तथा हाट बजार र कृषि थोक बजारको निर्माणलाई निरन्तरता दिने।

## उपलब्धि

कृषि उपजहरूको बिक्रीवितरणलाई व्यवस्थित एवं उत्पादनपछिको क्षति कम गर्नको लागि ३ सय ३६ पोस्टहार्भेस्ट सेन्टर, ३ वटा ठूला बजार पूर्वाधार र ३७ संकलन केन्द्र तथा हाटबजार स्थापना गरिएको छ।



# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**बजेट**

रु. ७ अर्ब २९ करोड*

## मुख्य प्रगति

- थप २३ जिल्लामा गरिब घर परिवार पहिचान सर्वेक्षण कार्यक्रम सञ्चालन
- मुलुकका १ सढ ८ वटा मालपोत कार्यालयमा Land Revenue Information management System लागू
- थप ७ हजार ६० मुक्त हलिया परिवारको पुनर्स्थापना, हालसम्म २७ हजार ५ सय ७० मुक्त कमैया परिवारको पुनर्स्थापना
- सहकारी संस्थालाई उत्पादन र बजारीकरणको कार्यमा सहभागी गराउन २४ वटा संकलन केन्द्र निर्माण सम्पन्न र थप २४ वटा संकलन केन्द्र निर्माणाधीन अवस्थामा
- १ हजार ६ सय ४ वटा नयाँ सीमा स्तम्भ निर्माण र थप १ हजार ३ सय ११ वटा सीमास्तम्भ मर्मत सम्भार

* आ.व. २०७६/०७७ (यो मन्त्रालय हुनाले पछिल्लो एक बर्षको मात्र)

लक्ष्य
१

**दुई वर्षभित्र राष्ट्रव्यापी नापी लागू गरी भूमिको अभिलेख अद्यावधिक गरिनेछ।**

## नीति र कार्यक्रम



सूचना प्रविधिको प्रयोग गरी भूमि प्रशासनलाई व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउने।



नापी हुन बाँकी रहेका सम्पूर्ण क्षेत्रको नापी कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने।




## उपलब्धि

मुलुकका ५ सय ३२ स्थानीय तहको भूउपयोग नक्सा तयार गरी ३ सय ६९ सम्बन्धित तहलाई हस्तान्तरण गरिएको छ।



हालसम्म २६ हजार १ सय ७६ हेक्टर जग्गाको पुनः नापी सम्पन्न भएको छ।



१ हजार ६ सय ४ वटा थप नयाँ सीमा स्तम्भ निर्माण गरी हालसम्म २ हजार ३५ वटा नयाँ सीमास्तम्भ निर्माण सम्पन्न गरिएका छन्।



१ हजार ३ सय ११ वटा थप सीमास्तम्भ मर्मत सम्भार गरी जम्मा १ हजार ४ सय ९८ सीमास्तम्भ मर्मतसम्भार गरिएका छन्।



**वैज्ञानिक भूमिसुधारका माध्यमबाट भू-स्वामित्व, भू-उपयोग र जग्गा एकीकरण लगायतका भूमि व्यवस्थापनमा रहेका समस्या समाधान गरिनेछ। भूउपयोग नीति, योजना एवं कानूनका आधारमा भूमिको वर्गीकरण तथा उपयोग गरिनेछ। कृषिभूमि अतिक्रमण गर्न नपाइने व्यवस्था लागू गरिनेछ। भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।**

## लक्ष्य ९

## नीति र कार्यक्रम





- वैज्ञानिक भूमिसुधारका माध्यमबाट भूमि व्यवस्थापनमा रहेका समस्याहरूलाई समाधान गर्ने।
- भूमिलाई क्षमता र उपयुक्तताका आधारमा वर्गीकरण गर्ने।
- भूमिको उपयोग भू-उपयोग योजनाको आधारमा मात्र गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने।
- भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्प्रेरित गर्ने।
- जमिनको स्वामित्वको विवाद हल गर्ने, मोहियानी समस्या समाधान गर्ने, छुट जग्गा दर्ता गर्ने, सरकारी सार्वजनिक सामुदायिक जग्गाको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने तथा विगतका आयोगहरूले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।
- जमिनको वैज्ञानिक वर्गीकरण र व्यवस्थित उपयोग गर्न भूउपयोगसम्बन्धी कानूनको विधेयक संसद्को यसै अधिवेशनमा पेश गर्ने।
- सिञ्चित तथा अन्य कृषि भूमिलाई घरघडेरीमा परिवर्तन गर्न नपाइने व्यवस्था मिलाउने।
- सार्वजनिक तथा गुठी जग्गाको संरक्षण गर्ने।
- अतिक्रमित सम्पूर्ण सरकारी जग्गाहरू आगामी वर्षभित्र सरकारी स्वामित्व र नियन्त्रणमा कायम गर्ने।
- सार्वजनिक जग्गामाथिको सबै प्रकारको अतिक्रमण हटाउने।
- जग्गा प्रशासनमा अनियमितता गर्ने उपर छानबिन गरी कडा कारबाही गर्ने।

- भूमिको दीगो तथा महत्तम उपयोग सुनिश्चित गर्न भूमि ऐन ल्याउने। भूमिलाई अवस्थिति, उत्पादन क्षमता, सिंचाइ सम्भाव्यता, रणनीतिक महत्वसहित उपयुक्त आधारमा वर्गीकरण गर्ने।
- भूमि बैंकको स्थापना गरी दीर्घकालीन कृषि र उद्योग व्यवसाय सञ्चालन गर्न जग्गा भाडामा उपलब्ध हुने प्रणालीको विकास गर्ने।
- आगामी दुई वर्षभित्र सम्पूर्ण कृषि जमिनको अभिलेख र जग्गा धनीपूर्जा विद्युतीय बनाउने।
- जग्गा जमीन भाडामा लिई कृषि उद्यम र उद्योग-व्यवसाय सञ्चालनमा सहजीकरण गर्न लिज कानुन तर्जुमा गर्ने।
- जग्गा प्रशासनसम्बन्धी सेवा अनलाइन प्रणालीबाट सञ्चालन गरी सरल, सहज र सुरक्षित बनाउने।
- भूकम्पबाट क्षति पुगेको नियन्त्रण बिन्दुहरूको सञ्जाल सुदृढ तुल्याउनका लागि भू-सूचना उत्पादन गर्न लाइडर प्रविधिको विकास गर्ने।
- इजाजत प्राप्त कम्पनीमार्फत मात्र घरजग्गा खरिद बिक्री गर्न पाउने कानुनी व्यवस्था गर्ने।
- आधुनिक प्रविधिको उपयोगबाट नापी कार्य अघि बढाउने।
- सीमा क्षेत्रको नक्सांकन तथा नापी कार्य व्यवस्थित गर्ने।
- प्रकृति, स्वरूप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्ने।
- कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोक्ने।
- करार, सहकारी र सामूहिक खेतीलाई प्रोत्साहन गर्ने।

## उपलब्धि

भूमिको व्यवस्थित उपयोग गर्नुका साथै कृषियोग्य भूमिको संरक्षण र व्यवस्थित आवासको सुनिश्चितताका लागि भूउपयोग ऐन र भूमि नीति कार्यान्वयनमा ल्याइएको छ।



मुलुकका १ सय ८ वटा मालपोत कार्यालयमा Land Revenue Information Management System लागू गरिएको छ। करिब ३० लाख जग्गाधनीको २ करोड ५० लाख बराबर कित्ता जग्गाको अभिलेख विद्युतीय प्रणालीमा आबद्ध भइसकेको छ।



## लक्ष्य 3

**सहकारी संस्थाहरूको क्षमता विकासमा राज्यले सहयोग गर्नेछ। गाउँ सहरमा सहकारी घरघरमा रोजगारीको अवस्था सिर्जना गरिनेछ।**

### नीति र कार्यक्रम

- सहकारीलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रूपमा विकास गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र वितरणमा तिनको भूमिका बढाउने।
- सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने।
- सहकारीलाई उद्यमशीलता विकास र कृषिको आधुनिकीकरणमा परिचालन गर्ने।
- सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रम सञ्चालन गर्ने।
- सहकारी संस्थाको नेतृत्वमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण र लक्षित गरिबी निवारण कार्यक्रम समेत सञ्चालन गर्ने।
- सहकारीको माध्यमबाट कृषि प्रविधि, कृषि प्रसार र कर्जामा सहज पहुँच सुनिश्चित गर्ने।
- सहकारीको क्षेत्रगत दायरा फराकिलो पार्दै उद्योग, पर्यटन, ऊर्जा, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहकारीको उपस्थिति बढाउँदै लगिने।
- वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू एकीकरण गर्ने कार्यलाई प्रोत्साहित गर्दै नियमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउने।
- सहकारीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र र सहकारी वचत तथा कर्जा सुरक्षण कोषको स्थापना गर्ने।
- वचत तथा ऋण सहकारी संस्थाहरूको कारोबार र ब्याजदर प्रतिस्पर्धी बनाउने।



- सहकारी सुरक्षण प्रणाली कार्यान्वयन गर्न कानूनी व्यवस्था गर्ने।
- फलफुलका विरुवासहितको नर्सरीको स्थापना र विकास गर्न निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने।
- सरकारीस्तरबाट सञ्चालन भएका नर्सरीमा कम्तीमा ३० प्रतिशत फलफूलका बिरुवा उत्पादन गर्ने।
- कृषि तथा जडीबुटीजन्य पदार्थको प्रशोधन गर्ने लगायत साना र मझौला उद्यममा सहकारीमार्फत गरिब परिवारलाई संलग्न गराउने।
- दुग्ध प्रशोधन, उपभोक्ता सुपथ मूल्य पसल, आवास विकास र नवीकरणीय ऊर्जा विकासमा सहकारी ढाँचालाई प्रोत्साहन गर्ने।
- सहकारी संस्थाहरूले प्रवर्द्धन गर्ने कृषि तथा वनजन्य र साना तथा घरेलु उद्योगका लागि अनुदान र कर सहुलियत दिने।
- साना किसानहरूले तत्कालीन साझा सहकारी संस्थाहरूबाट लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने।
- साना किसान विकास बैंकको कृषि कर्जा कार्यक्रम प्रभावकारी बनाउन संस्थागत सुधार गर्ने।
- सहकारीमार्फत रेशम, कपास र ऊन खेतीका लागि उत्पादन अनुदान र प्रशोधन कारखानाको स्थापनाका लागि २५ प्रतिशत पूँजीगत अनुदानको व्यवस्था गर्ने।
- स्थानीय गैरखाद्यान्नमा आधारित पशुपन्छीको दाना र माछाको आहार उत्पादन गर्ने उद्योग स्थापनालगायत सहकारी संस्थामार्फत सञ्चालन हुने दूध, मासु फलफूल तथा तरकारीजन्य प्रशोधन उद्योगको लागि आवश्यक उपकरण खरिदमा २५ प्रतिशत अनुदान दिने।
- उखु उत्पादक किसानहरूलाई उत्पादनका आधारमा अनुदान दिने।

## उपलब्धि

सहकारी संस्थालाई उत्पादन र बजारीकरणको कार्यमा सहभागी गराउन २४ वटा संकलन केन्द्र निर्माण सम्पन्न भइसकेका छन् भने थप २४ वटा संकलन केन्द्र निर्माणाधीन छन्।

नेपालको संविधानबमोजिम २९ हजार सहकारी संस्था र व्यवस्थापन प्रणाली स्थानीय र प्रदेश तहमा हस्तान्तरण गरिएको छ।

**घरबारविहीन सुकुम्बासी, पूर्वकमैया-कमलरी र पूर्वहलिया, लोपोन्मुख जातिका परिवार, मुसहर, चेपाङ, पासी, चमार, डोम, वादी, माझी, राउटे, कुसुन्डा लगायतका विपन्न र पछाडि परेका समुदायका परिवारलाई ५ वर्षभित्र घरबार उपलब्ध गराइनेछ।**

**लक्ष्य ४**

## नीति र कार्यक्रम



- मुक्त कमैया, मुक्त हलिया, सुकुम्बासीलगायत सबै भूमिहीन र सीमान्तकृत परिवारहरूको बसोबास व्यवस्थित गर्ने।



- सामाजिक कलंकबाट मुक्त हुने गरी कमैया र हलियाहरूको बसोबास कार्य आगामी वर्षभित्र पूर्ण रूपमा सम्पन्न गर्ने।



- भूमिहीन, अव्यवस्थित बसोबासी, मोही, साना किसान, अल्पसंख्यक, दलितलगायत महिला तथा गरिब वर्गको भूमिमा पहुँच सुनिश्चित गर्ने।

## उपलब्धि

२०७५ माघसम्ममा कूल ७ हजार मुक्त हलिया परिवारलाई पुनःस्थापना गरिएकोमा वर्तमान सरकार गठनपछि थप ७ हजार ६० मुक्त हलिया परिवार गरी १४ हजार ६० परिवारको पुनःस्थापना गरिएको छ।



हालसम्म २७ हजार ५ सय ७० मुक्त कमैया परिवारलाई पुनःस्थापना गरिएको छ।



# वन तथा वातावरण मन्त्रालय

## बजेट

रु. १३ अर्ब ९ करोड*

+

रु. १५ अर्ब ४९ करोड**

=

कूल

रु. २८ अर्ब ५८ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- काठको आयातमा २० प्रतिशतले कमी आएको
- वनमा आधारित कूल १ हजार ८ सय २९ साना तथा घरेलु उद्योगहरू स्थापना गरिएको
- २३ लाख १७ हजार हेक्टर राष्ट्रिय वन समुदायलाई हस्तान्तरण गरिएको
- कूल २ करोड ५ लाख बिरुवाहरू उत्पादन गरी वितरण गरिएको
- बाघको संख्या बढेर १९८ बाट २३५ पुगेको

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**लक्ष्य १**

**वन्यजन्तु आरक्षण क्षेत्रलाई प्राकृतिक चिडियाखानाका रुपमा विकास गरिनेछ। निकुञ्ज र वन्यजन्तु आरक्षण क्षेत्रहरूलाई धेरै पर्यटक आकर्षित गर्ने गरी संवर्द्धन गरिनेछ।**

## नीति र कार्यक्रम



- मानव वन्यजन्तुबीच द्वन्द्व न्यूनीकरणका लागि जंगल र आवासको मध्यवर्ती क्षेत्रमा सुरक्षाका लागि आवश्यक पूर्वाधार निर्माण तथा कृषि वन प्रवर्द्धन गर्ने।
- लोपोन्मुख तथा दुर्लभ वन्यजन्तुहरूको प्रजाति संरक्षण कार्ययोजना तयार गरी गणना गर्ने।
- वन्यजन्तुको व्यावसायिक पालन तथा प्रजननका लागि राष्ट्रिय निकुञ्ज विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट नमूना अभ्यासको थालनी गर्ने।
- तालतलैयाहरूको संरक्षण र विकासको गुरुयोजना बनाई कार्यान्वयन गर्ने।



- जैविक विविधता तथा वासस्थानको संरक्षण गर्ने।
- नयाँ वनस्पति उद्यानहरूको निर्माण गर्ने।
- पुराना उद्यानहरूको स्तरोन्नति गर्ने।
- नयाँ प्राणी उद्यानहरूको सम्भाव्यता अध्ययन गर्ने।
- सबै संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, वनस्पति उद्यान, प्राणी उद्यानलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यका रुपमा विकास गर्ने।
- जडीबुटीलगायत वन पैदावारको संकलन र प्रशोधन सहकारीमार्फत गर्ने व्यवस्था मिलाउने।
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण र संरक्षण क्षेत्रमा स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा पर्यापर्यटन प्रवर्द्धन गर्ने।
- सम्भाव्य वन क्षेत्रमा प्राकृतिक चिडियाखाना र पर्यटकीय मार्ग निर्माण गर्ने।

## उपलब्धि

मुलुकमा बाघको संख्या बढेर १ सय ९८ बाट २ सय ३५ पुगेको छ।



बाघ संरक्षणमा हासिल भएको उल्लेखनीय सफलतालाई जोडेर जर्मनीबाट प्रकाशित हुने Wander Lust Magazine ले सन् २०१९ मा भ्रमण गर्नुपर्ने १५ मुलुकमा नेपाललाई समावेश गरेको छ।



संरक्षित क्षेत्रमा पर्यटकको आगमनमा १६ प्रतिशतले वृद्धि भई २०७४ फागुनदेखि हालसम्म कूल १३ लाख ५ हजार पर्यटकले ती क्षेत्रहरूको भ्रमण गरेका छन्।



**तराई–मधेस र भित्री तराईका १० लाख हेक्टर भूमिमा लाखौं श्रमशक्ति खपत हुनसक्ने उच्चस्तरको फर्निचर काठ उत्पादन हुने कृषि वन विकास गरिनेछ।**

**लक्ष्य ७**

## नीति र कार्यक्रम

- संघ, प्रदेश र स्थानीय तह एवं वन उपभोक्ता समूहहरूको सहकार्य र समन्वयमा बहुउपयोगी वन र ब्लक फरेस्ट विस्तार एवं वैज्ञानिक वन व्यवस्थापन गरी वन संरक्षण तथा वनस्रोतको दीगो उपयोग गर्ने।
- आगामी आर्थिक वर्षलाई वृक्षारोपण वर्ष घोषणा गरी खाली वन क्षेत्र, नदी उकास क्षेत्र, सार्वजनिक जग्गाहरू तथा निजी वनमा काष्ठ, गैरकाष्ठ, फलफूल तथा जडिबुटीका विरुवा रोप्ने कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने।
- जडीबुटीलगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गर्ने।



- नेपालीहरूको जीवनपद्धति र समृद्धिको आधारका रुपमा रहेको वन सम्पदाको सन्तुलित रुपमा संरक्षण र उपयोग हुने गरी कार्यक्रम तय गर्ने ।
- वन क्षेत्रको सम्वर्द्धनमार्फत वातावरणीय सन्तुलन कायम गर्दै वनजन्य क्षेत्रको बहुउपयोग गरी आय र रोजगारी सिर्जनालाई प्राथमिकता दिने ।
- फलफूलका बिरुवा उत्पादन गर्ने नर्सरीको स्थापना र विकास गर्न सरकारीका अतिरिक्त निजी र सहकारी क्षेत्रलाई समेत प्रोत्साहित गर्ने ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै पूर्वी, मध्य र पश्चिम क्षेत्रमा आयोजना कार्यालयमार्फत कार्यक्रम अघि बढाउने ।
- चुरे र भावर क्षेत्रका गल्छी पहिरो नियन्त्रण तथा खोंचहरूमा जल पुनर्भरणका लागि आगामी आर्थिक वर्षमा १ सय १६ पोखरी निर्माण गर्ने ।
- नेपाल टिम्बर कर्पोरेशनको वर्तमान पूँजी संरचनामा वृद्धि गरी यसलाई वनबाट उत्पादित काठको सिजनिङ गर्ने र उद्योग तथा निर्माण क्षेत्रको माग धान्न सक्ने संस्थाका रूपमा सुदृढ गर्ने ।

## उपलब्धि

२०७४ फागुनदेखि आर्थिक वर्ष २०७६/०७७ को पहिलो ५ महिनासम्ममा कूल ३ करोड २९ लाख घन फिट काठको उत्पादन भएको छ।

काठको आयातमा २० प्रतिशतले कमी आएको छ।

आर्थिक वर्ष २०७५/०७६ मा कूल २ करोड ५ लाख विरुवा उत्पादन गरी वितरण गरिएको छ।



लक्ष्य 3

**न्यूनतम ४५ प्रतिशत हरियाली (वन) क्षेत्र सुरक्षित गर्ने, जैविक विविधता तथा पर्यावरण प्रणालीको दीगो संरक्षण गर्ने र जलवायु परिवर्तनका असर कम गर्न नागरिकहरूको क्षमता अभिबृद्धि गरिनेछ।**

## नीति र कार्यक्रम



- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्ने।
- जैविक विविधताको संरक्षण गर्ने।
- वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनारा संरक्षण गर्ने।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने।
- पहाडी भूभाग र चुरे क्षेत्रमा ताल एवं पोखरी निर्माण गरी वर्षातको पानी संकलन गर्ने व्यवस्था मिलाउने।
- नदीप्रणाली र जलाधारमा आधारित वन व्यवस्थापन गर्दै माथिल्लो तटीय क्षेत्रमा बायो-इन्जिनियरिङसहितको फलफूल खेती, भावर र भित्री मधेसमा कृषि वन र तराईमा व्यापक वृक्षारोपणसहितको वन विकास कार्यक्रम सञ्चालन गर्ने।



- प्रदूषण नियन्त्रण एवं नियन्त्रणका लागि सापेक्ष रुपमा वातावरणीय मापदण्डहरू परिमार्जन तथा निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।
- राष्ट्रिय तथा स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने।
- वन व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिने।
- बाँझो, पर्ति, नदी किनार र खस्केको जमिनमा वृक्षारोपण र वन विस्तार गर्ने।
- कोशी, गण्डकी, कर्णाली र महाकाली जलाधारहरूको एकीकृत व्यवस्थापन रणनीति तयार गरी भूसंरक्षणका क्रियाकलाप सञ्चालन गर्ने।
- स्थानीय वातावरण अनुकूलका उच्च मूल्यका वन पैदावारहरूको विस्तार, मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रोत्साहित गर्ने।
- जैविक विविधता, वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनारा संरक्षण गर्ने।

## उपलब्धि

कूल ४५ हजार हेक्टर वन समुदायलाई हस्तान्तरण गरिएको छ। मुलुकका करिब ४० प्रतिशत अर्थात् २३ लाख १७ हजार हेक्टर राष्ट्रिय वन समुदायबाट व्यवस्थापन भइरहेको छ।

२०७४ फागुनदेखि हालसम्म ७८ वटा विभिन्न क्षेत्रका वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएका छन्।

कूल १ सय ६ आयोजना निर्माण र सञ्चालन गर्न कूल ९ सय ४० हेक्टर वन क्षेत्र ती आयोजनाहरूलाई उपलब्ध गराइएको छ।




**लक्ष्य ४**

**जडीबुटीलगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ। जडीबुटीजन्य वनस्पतिहरूको भेराइटी विकास कार्यक्रममार्फत उपयुक्त प्रविधि र प्रजातिहरूको पहिचान र विस्तार गरिनेछ। जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र कम्पनीमा रुपान्तरण गरी सम्भाव्य प्रदेशहरूमा न्यूनतम एक जडीबुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ।**

## नीति र कार्यक्रम



- सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा वन पैदावरमा आधारित उद्यमको विकास गर्ने।
- उच्च पहाडी जिल्लाका ग्रामीण क्षेत्रमा जडीबुटी सुकाउने प्रविधि र जडीबुटी भण्डारणका लागि सामुदायिक वन उपभोक्ता समूहका लघु उद्यमहरू स्थापना गर्ने।
- वनजन्य कच्चा पदार्थमा आधारित निर्यातजन्य उद्योगहरूको स्थापना गर्ने र उपकरण खरिदमा अनुदानको व्यवस्था गर्ने।



## उपलब्धि

वनजन्य उद्योगहरूको स्थापनामा तीब्रता आएको छ। दुई वर्षयता वनमा आधारित कूल १ हजार ८ सय २९ साना तथा घरेलु उद्योगहरूको स्थापना भएको छ।



# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## बजेट

रु. ३३ अर्ब १७ करोड*

\+

रु. २१ अर्ब ८५ करोड**

=

कूल

रु. ५५ अर्ब ३ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदामध्ये ३८७ वटाको पुनर्निर्माण सम्पन्न भएको
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको
- नेपालको हवाई सेवा सम्झौता गरेको मुलुकको संख्या ३९ पुगेको छ भने ३ लाख ३० हजार हवाई सिट क्षमता थप भएको
- आन्तरिक विमानस्थलको संख्या ४९ बाट बढेर ५५ पुगेको छ । धावनमार्ग कालोपत्रे भएका विमानस्थलहरूको संख्या २९ बाट बढेर ३४ पुगेको
- १०० वटा नयाँ पर्यटकीय गन्तव्य तथा ९२ वटा स्थापित गन्तव्यहरू छनौट गरी पूर्वाधार विकास भइरहेको

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार तथा स्तरोन्नति गरिनेछ । आगामी पाँच वर्षभित्र निजगढ, दुई वर्षभित्र भैरहवा र तीन वर्षभित्र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गरिनेछ । विराटनगर, नेपालगन्ज, सुर्खेत तथा धनगढी विमानस्थललाई अन्तर्राष्ट्रियस्तरमा विस्तार र स्तरोन्नति गरिनेछ ।**


## लक्ष्य १

## अन्तर्राष्ट्रिय विमानस्थल

### नीति र कार्यक्रम



- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल चौबीसै घण्टा सञ्चालन गर्ने।
- मौलिक परम्परा र संस्कृति झल्कने गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई 'बुटिक विमानस्थल' का रूपमा रूपान्तरण गर्ने।
- विमानस्थलको हवाई क्षेत्र, हवाई मार्ग तथा विमानस्थलको पुनर्संरचना, स्तरवृद्धि र विस्तार गर्ने।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई तीब्रता दिने।
- एक वर्षभित्र गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र तीन वर्षभित्र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने।
- आन्तरिक विमानस्थललाई ठूला विमान उडान र अवतरण हुने गरी विकास गर्ने। राष्ट्रिय राजमार्गका उपयुक्त खण्डहरूलाई आपतकालीन विमान उडान र अवतरण गर्नसक्ने धावनमार्गका रूपमा विस्तार गर्ने।
- विराटनगर, जनकपुर, सिमरा, नेपालगन्ज, दाङ, धनगढीलगायतका विमानस्थलको स्तरोन्नति गरी ठूला विमान अवतरण गर्नसक्ने बनाउने।
- सुर्खेतमा नयाँ विमानस्थल निर्माणका लागी सम्भाव्यता अध्ययन गर्ने।



## उपलब्धि

- 'बुटिक विमानस्थल' का रूपमा रुपान्तरण गर्ने कार्य अन्तर्गत रंगरोगन, सजावट, निर्माण कार्यआदि विभिन्न अल्पकालीन कार्यक्रम सम्पन्न भएको छ।
- टर्मिनल भवनको बाहिर Canopy Structure निर्माण, टर्मिनल भवनको प्रस्थान कक्षको सुधार कार्य सुरु गरिएको छ।
- त्रिभुवन विमानस्थलमा Localizer/Terminal DME जडान गरिएपछि ठूला विमान अवतरण गर्न भरपर्दो सुविधा उपलब्ध भएको छ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको रनवे करिब ४० वर्षपछि पुनः निर्माण गरिएको छ। यसबाट वर्षायाममा पिच उप्केर उडान तथा अवतरणमा देखा पर्ने समस्या पूर्णतः अन्त्य भएको छ।
- ठूला दुई र साना दुई गरी अन्तर्राष्ट्रिय वायुयान विमान (Apron) क्षेत्र विस्तार गरिएको छ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको EIA स्वीकृत भएको छ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको ५० प्रतिशत काम सम्पन्न भइसकेको छ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ।
- नेपाल र भारतबीच २०१८ जुन १६ मा विराटनगर र जनकपुरमा थप हवाई प्रवेश मार्ग उपलब्ध गराउने सहमति भएको छ।

**नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गरी नयाँ गन्तव्यको खोजी र विकास गरिनेछ। 'हिमाली पर्यटकीय पदमार्ग' निर्माण गरिनेछ। प्रत्येक स्थानीय तहमा स्थानीय विशेषतासहित न्यूनतम एक पर्यटक गन्तव्यको विकास गरिनेछ। नगरपालिका/गाउँपालिका केन्द्रमा हेलिप्याड निर्माण गरिनेछ। पर्यटनसम्बन्धी उच्च अध्ययन र आवश्यक जनशक्ति तयार गर्न पर्यटन विश्वविद्यालय सञ्चालन गरिनेछ।**

लक्ष्य

७

पर्यटकीय पूर्वाधार

## नीति र कार्यक्रम



- सुदूरपश्चिमको दार्चुलादेखि पूर्वको ताप्लेजुङ जोड्ने हिमालयन हरित पदमार्ग रेखांकन गरी पूर्वाधार निर्माण सुरु गर्ने।
- गोकुलेश्वर, कमलबजार, स्वर्गद्वारी र चुहानडाँडा लगायतका स्थानमा विमानस्थल निर्माणको कार्य अघि बढाउने।
- रात्री उडानको सुविधा नभएका विमानस्थलमा रात्रिकालीन उडानको पूर्वाधार निर्माण गर्ने।
- पर्यटन सेवा विविधीकरणका साथै गुणस्तरीय पर्यटक भित्र्याउन निजी क्षेत्रसँगको सहकार्यमा सेवाको गुणस्तर वृद्धि गर्ने।
- पर्यटक उद्गम हुने देशसँग थप हवाई सेवा सम्झौता गर्ने।
- नयाँ बिन्दुबाट हवाई मार्ग प्रयोगका लागि छिमेकी राष्ट्रहरूसँग समझदारी एवं सम्झौता गर्ने।
- प्रमुख पर्यटकीय स्थानमा स्तरीय सडक, ठूला सभाहल तथा सम्मेलन केन्द्रजस्ता पूर्वाधार विकासमा जोड दिने।



- ऐतिहासिक गढी, किल्ला र बाटोहरू संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने।
- पर्वतीय पर्यटन, कृषि पर्यटन, ग्रामीण पर्यटन, जलयात्रा पर्यटन, पर्या-पर्यटन, धार्मिक-सांस्कृतिक पर्यटन, खेल पर्यटन तथा स्वास्थ्य पर्यटन जस्ता क्षेत्रलाई समेटेर एकीकृत पर्यटन विकास गर्ने।
- रारा क्षेत्रलाई राष्ट्रिय पर्यटन गन्तव्यका रुपमा विकास गर्ने।
- देवघाट, चतरा र रामायण सर्किटअन्तर्गत निर्माणाधीन सडक प्राथमिकताका साथ निर्माण गर्ने।
- ट्राफिक व्यवस्थापनका लागि प्रमुख सहरमा सब-वे र फ्लाई-ओभर निर्माण गर्ने।
- तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी बृहत् लुम्बिनी एकीकृत विकास गुरुयोजना तर्जुमा गर्ने।
- पहिले देश अनि विदेशको भावनाअनुरूप आन्तरिक पर्यटन प्रवर्द्धन अभियान चलाउने।
- २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सन् २०२० मा नेपाल भ्रमण वर्ष अभियान सञ्चालन गर्ने। भारत र चीनलक्षित पर्यटक प्रवर्द्धन कार्यक्रमलाई विशेष रूपमा अघि बढाउने।
- पर्यटन क्षेत्रको सूचना, जानकारी र वित्तीय पक्षलाई स्याटलाइट लेखा प्रणालीमा आबद्ध गर्ने।
- हिमाल आरोही र पदयात्री पर्यटकहरूको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था मिलाउने।
- विपद् प्रभावित पर्यटक तथा अन्य व्यक्तिलाई आपतकालीन उद्धार गर्न हेलिप्याड नपुगेका सबै स्थानीय तहमा स्थानीय तहले उपलब्ध गराउने जग्गामा हेलिप्याड निर्माण गर्ने।
- महाभारत क्षेत्रका सम्भाव्य पर्यटकीय स्थानलाई विदा मनाउन उपयुक्त शीतल आवासका रूपमा विकास गर्ने।
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई मानित विश्वविद्यालयका रूपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गर्ने।

## उपलब्धि

- आन्तरिक विमानस्थलको संख्या ४९ बाट बढेर ५५ पुगेको छ।
- कालोपत्रे धावनमार्ग भएका आन्तरिक विमानस्थलको संख्या २९ बाट बढेर ३४ पुगेको छ।
- नेपालको पूर्वी हवाई क्षेत्रमा उडान गर्ने वायुयानका लागि हवाई सञ्चार पहुँच वृद्धि गर्न विराटनगर विमानस्थल तथा फूलचोकीमा उपकरण जडान गरिएको छ।
- नेपालले हवाई सेवा सम्झौता गरेका मुलुकको संख्या ३९ पुगेको छ।
- द्विपक्षीय हवाई सम्झौता अन्तर्गत नेपाललाई उपलब्ध ९० लाख हवाई सिटमध्ये ४४ लाख हवाई सिटको उपयोग भएको छ। जजिरा, इन्डिगो, थाइलायन, हिमालय, नेपाल एयरलाइन्स लगायतका उडान थप भई कूल ३ लाख ३० हजार सिट क्षमता थप भएको छ।
- आन्तरिक उडानतर्फ ११ वटा जहाज थप भई प्रति उडान ७ सय सिट क्षमता पुगेको छ।
- वार्षिक १० लाख २२ हजार सिट क्षमता बढेर आन्तरिक उडान अझ सहज र प्रतिस्पर्धी हुन मद्दत पुगेको छ।
- काठमाडौंलगायत सात अन्य विमानस्थलमा भू-उपग्रहमा आधारित उड़ान प्रणाली लागु गरिएको छ।
- कास्कीको नागडाँडामा एसियाकै पहिलो अपांगमैत्री पदयात्रा मार्ग (Accessible Trekking Trail) सञ्चालनमा आएको छ।



## उपलब्धि

पूर्वदेखि पश्चिमसम्म नेपालको हिमाली क्षेत्र समेट्ने The Great Himalayan Trail अन्तर्गत ताप्लेजुङको सुकेटार, दोलखाको जगत-टासीनाम-डाल्दुम-वेदिङ, रसुवाको पार्वतीकुण्ड-सोमदाङ खण्ड गरी २० किलोमिटर पदमार्ग निर्माण पूरा भएको छ।

लुम्बिनी क्षेत्रको गुरुयोजना बमोजिमको निर्माण कार्यलाई अघि बढाइएको छ।

देवघाट, जनकपुरधाम, पाथिभरा, रुरु, विराटक्षेत्र, बराहक्षेत्र, स्वप्तडक्षेत्र, काँक्रेबिहार, हलेसी र गौरीशंकर, लगायतका धार्मिक स्थलको विकासका लागि गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

प्रदेश र स्थानीय तहसँगको साझेदारीमा आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनका लागि मुलुकभर सय वटा नयाँ पर्यटकीय गन्तव्य स्थल पहिचान गरिएको छ।

कम्तीमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहितको नेपाल भ्रमण वर्ष २०२० अभियान सञ्चालन गरिएको छ।

हरेक प्रदेशको १/१ वटा प्रमुख पर्यटकीय गन्तव्यका रूपमा गुरुयोजना (सन्दकपुर, धनुषाधाम, इन्द्रसरोवर, पन्चासे, निग्लिहवा, रारा र भादागाउँ) तयार भई सोही अनुसार हाल निर्माणाधीन छ।

लुम्बिनीमा २०७७ को बुद्ध जयन्तीमा सञ्चालन हुनेगरी पाँच हजार क्षमता भएको अन्तर्राष्ट्रिय ध्यानकेन्द्र तथा सभाहल निर्माण कार्य तीव्र गतिमा अघि बढेको छ।

हवाई उडानको सुरक्षाको क्षेत्रमा उल्लेख्य सुधार गरेबापत अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले नेपाललाई ICAO Council President Certificate प्रदान गरेको छ। युरोपियन युनियनको सुरक्षा चासो सम्बोधन गर्न कानूनी सुधार गरिँदै छ।



**आगामी तीन वर्षभित्र अत्याधुनिक प्रविधि प्रयोग गरी धरहराको पुनर्निर्माण गरिनेछ। प्रत्येक वडामा कम्तीमा एक पुस्तकालय/वाचनालय र स्थानीय संस्कृति झल्किने संग्रहालय निर्माण गरिनेछ। प्रत्येक प्रदेशमा कला, साहित्य र संस्कृतिको विकासका लागि प्रतिष्ठान स्थापना गरिनेछ। ऐतिहासिक तथा पुरातात्विक संरचनालाई भूकम्प प्रतिरोधक बनाई संरक्षित गरिनेछ।**

**लक्ष्य 3**

**कला, साहित्य, संस्कृति र पुरातत्व**

## नीति र कार्यक्रम

- परम्परा, भाषा, संस्कृति, रीतिरिवाज र रहनसहन झल्काउने राष्ट्रिय सांस्कृतिक संग्रहालय निर्माण गर्ने।
- काठमाडौं उपत्यकामा रात्रिकालीन सम्पदा यात्रा कार्यक्रम सञ्चालन गर्ने।
- कीर्तिपुरस्थित जातीय संग्रहालयलाई राष्ट्रिय सांस्कृतिक संग्रहालयको रूपमा विकास गर्न पूर्वाधार निर्माण गर्ने।
- विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण र विकासमा विशेष जोड दिने।
- नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र अन्य सांस्कृतिक प्रतिष्ठानहरूलाई एक आपसमा गाभी एउटै प्रभावकारी संस्था बनाइने।
- रानीपोखरी, धरहरा, काष्ठमण्डप लगायतका सम्पदा पुनर्निर्माण कार्य आगामी तीन वर्षभित्र सम्पन्न गर्ने।
- भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनर्निर्माणलाई प्राथमिकता दिने।

## उपलब्धि

महाकवि लक्ष्मीप्रसाद देवकोटाको आवासलाई संग्रहालयका रुपमा सञ्चालन तथा व्यवस्थापनका लागि जग्गा लिनेसम्बन्धी काम सकिएको छ।



२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदामध्ये ३ सय ८७ वटाको पुनर्निर्माण सम्पन्न गरिसकिएको छ।



पशुपति क्षेत्र, लुम्बिनी क्षेत्र, जनकपुरको जानकी मन्दिर संरक्षण र लिच्छवीकालीन ललितकलाको विश्वविख्यात नमूना कैलाशकूट भवनको अध्ययन तथा उत्खनन् गर्ने काम अघि बढाइएको छ।



चोरी गरेर अन्य मुलुकमा पुऱ्याइएका ४५ वटा कलात्मक धार्मिक तथा ऐतिहासिक महत्त्वका मूर्ति फिर्ता ल्याइएको छ।



राष्ट्रिय अभिलेखालयमा संकलित ३१ हजार हस्तलिखित ग्रन्थमध्ये ११हजार ५ सय ५० ग्रन्थका ६ लाख ५५ हजार इमेजको Cataloging, Tagging तथा सफ्टवेयरमा अपलोड गरी सुरक्षित गर्ने कार्य सकिएको छ।





# सामाजिक क्षेत्र



- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- खानेपानी मन्त्रालय
- युवा तथा खेलकुद मन्त्रालय
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय



# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## बजेट

रु. ५३ अर्ब ७३ करोड*

+

रु. ६८ अर्ब ६९ करोड**

=

कूल
रु. १ खर्ब २२ अर्ब ४२ करोड

## मुख्य प्रगति

- १६ अस्पतालमा ज्येष्ठ नागरिक वार्ड संचालन
- ५१ जिल्लाका ५४० स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम बिस्तार
- ५३ हजार ३० जनालाई बिपन्न कार्यक्रम अन्तर्गत क्यान्सर, मुटु रोग, मिर्गौला रोग, हेड इन्जुरी, अल्जाइमर, पार्किन्सन्स, सिकलेस एनिमिया रोगका उपचारको लागि अधिकतम् रु. १ लाखसम्म सहुलियत प्रदान
- ५ अस्पतालहरूलाई विशिष्टिकृत सेवा सहितको सेवा संचालन गर्नेगरी तृतीय तहको अस्पताल (Tertiatry Hospital) मा स्तरोन्नति
- जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्रसुति केन्द्र गरी जम्मा २२८ वटा भवनहरूको निर्माण सम्पन्न

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**सबै नागरिकलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गरिनेछ। गरिबीको रेखामुनि रहेका जनताको लागि बीमा रकमको ५० प्रतिशत सरकारले भुक्तानी गरिदिनेछ। १५ वर्षमुनिका बालबालिका र ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।**

**लक्ष्य १**



## नीति र कार्यक्रम

- सबै नेपाली समेटिने गरी स्वास्थ्य बीमा कार्यक्रम विस्तार गर्ने।
- स्वास्थ्य बीमा प्याकेज पुनरावलोकन गरी समयसापेक्ष बनाउने।
- स्वास्थ्य बीमा समेट्ने आधारभूत उपचार सबै स्थानीय तहका स्वास्थ्य केन्द्रहरूबाट उपलब्ध गराउने।
- बीमितहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न न्यूनतम गुणस्तर मानक निर्धारण गर्ने।
- मुलुकका सबै जिल्लामा स्वास्थ्य बीमा योजना सञ्चालन गर्ने।
    - एक सय शैयाभन्दा बढी क्षमताका अस्पतालहरूमा विस्तारित स्वास्थ्य सेवा सञ्चालन अनिवार्य गर्ने।
    - एकसय शैयाका अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गर्ने।
    - निजी क्षेत्रका मेडिकल कलेजहरूको सहकार्यमा दुर्गम क्षेत्रमा विशेषज्ञसहितको घुम्ती अस्पताल सेवा सञ्चालन गर्ने।

## उपलब्धि

हालसम्म ५१ जिल्लाका ५ सय ४० स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरिएको छ। यसबाट कूल ७ लाख ७० हजार ५७ परिवार एवम् २७ लाख १७ हजार ६ सय ७५ जना व्यक्ति लाभान्वित भएका छन्।






एक सय शैया र सो भन्दा माथिका ८ अस्पतालमा ज्येष्ठ नागरिक वार्ड सञ्चालन भइरहेकोमा हाल ८ अस्पताल थप गरी १६ अस्पतालमा यस्तो सेवा उपलब्ध गराइएको छ।





**प्रत्येक प्रदेश सदरमुकाममा सुविधासम्पन्न एक हजार शैय्याको अस्पताल स्थापना गरिनेछ। हरेक गाउँपालिकाको केन्द्रमा कम्तीमा २५ तथा नगरपालिकाको केन्द्रमा ५० शैयाका सुविधासम्पन्न अस्पताल सञ्चालन गरिनेछ।**

**लक्ष्य ७**

## नीति र कार्यक्रम

- निर्माणाधीन अस्पतालहरूको भवन निर्माण सम्पन्न गर्ने।
- १५ शैयाको प्राथमिक अस्पताल स्तरोन्नति गर्ने।
- सबै प्रदेशका कम्तीमा एक अस्पतालबाट विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने नीतिअनुरुप कोशी अस्पताल, भरतपुर अस्पताल, नारायणी उपक्षेत्रीय अस्पताल, भेरी अञ्चल अस्पताल र डडेलधुरा उपक्षेत्रीय अस्पतालको स्तरोन्नति गर्ने।
- गण्डकी प्रदेशमा पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा र कर्णाली प्रदेशमा क्षेत्रीय अस्पताल सुर्खेतबाट यस्तो सेवा उपलब्ध गराउने।
- केन्द्रीय स्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक प्रविधियुक्त राष्ट्रिय निदान केन्द्रका रूपमा स्तरोन्नति गर्ने।
- तीन वर्षभित्र सबै प्रदेशमा अत्याधुनिक निदान केन्द्रहरू सञ्चालनमा ल्याउने।



- सम्बन्धित प्रदेशसँगको लागत सहभागितामा प्रदेश जनस्वास्थ्य प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण तथा जनशक्ति व्यवस्थापन गर्ने।
- सातवटै प्रदेशमा सरकारी स्तरमा एकएकवटा चिकित्साशास्त्र अध्ययन प्रतिष्ठान रहने गरी थप संस्था खोल्ने प्रक्रिया अघि बढाउने।
- स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी एकीकृत ऐन ल्याउने।
- स्वास्थ्य पूर्वाधार नभएका स्थानीय तहहरूमा कम्तीमा एक प्राथमिक अस्पताल स्थापना गर्ने।
- प्रत्येक स्थानीय तहमा कम्तीमा एक चिकित्सक रहने व्यवस्था गर्ने।
- स्थानीय तहका सबै वडामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय तहको लागत सहभागितामा स्वास्थ्य संस्था निर्माण कार्य सुरु गर्ने।
- पाँच वर्षभित्र प्रत्येक स्थानीय तहमा न्यूनतम १५ शैयाको अस्पताल निर्माण गर्ने।

## उपलब्धि

कोशी अञ्चल अस्पताल, नारायणी उप-क्षेत्रीय अस्पताल, भरतपुर अस्पताल, भेरी अञ्चल अस्पताल र डडेलधुरा उप-क्षेत्रीय अस्पताललाई संघीय सरकारअन्तर्गत विशिष्टीकृत सेवासहितको सेवा सञ्चालन गर्ने गरी तृतीय तहको अस्पताल (Tertiary Hospital) मा स्तरोन्नति गरिएको छ।




प्रत्येक प्रदेश तथा स्थानीय तहमा द्रूत टोली र २५ वटा हबका रुपमा रहेका ठूला अस्पतालमा आपतकालीन चिकित्सकीय टोली तयार गरिएको छ।



यसै आर्थिक वर्षमा मात्र जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्रसूति केन्द्र गरी जम्मा २ सय २८ वटा भवन निर्माण सम्पन्न गरिएको छ।



स्वास्थ्य संस्था नभएका कूल २ हजार ५ सय ९० वडामा स्वास्थ्य संस्था निर्माण गर्न आवश्यक अनुदान रकम सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण भइसकेको छ।



**लक्ष्य 3**

**खोप, स्वास्थ्य सेवा र पोषणयुक्त खानाको पर्याप्त उपलब्धता तथा स्याहार सम्भारबाट बाल मृत्युदर शून्यमा पुऱ्याइनेछ। स्वास्थ्य सेवा प्रदायक सार्वजनिक, निजी र सामुदायिक संस्थाहरूसँग सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ। अशक्त, असहाय र बेवारिसे मनोसामाजिक बिरामीहरूको उपचार र पुनर्स्थापना गरिनेछ। स्वास्थ्य केन्द्रहरूमा आकस्मिक शल्यक्रिया र ट्रमा उपचार सेवा उपलब्ध गराई दुर्घटनाबाट घाइते भएका व्यक्तिहरूको प्रारम्भिक उपचार गर्ने व्यवस्था मिलाइने छ।**

## नीति र कार्यक्रम



हरेक स्थानीय तहका वडास्तरदेखि नै पूर्ण खोप सुनिश्चित गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने।



आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्थादेखि नै प्रसूति सुरक्षा सेवा पुऱ्याउने।





गर्भवती जाँच सेवा लिने र स्वास्थ्य संस्थामा सुत्केरी हुनेका लागि प्रदान गरिने यातायात खर्च दिने।



बाल स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि बजेट व्यवस्था गर्ने।




बिपन्न नागरिकलाई ८ प्रकारका जटिल र असाध्य रोग निःशुल्क उपचारका लागि अनुदान बढाउने।

क्यान्सर, उच्च रक्तचाप, मधुमेहजस्ता बढ्दो प्रवृत्तिका रोग प्रतिरोध तथा निदान कार्यक्रम सञ्चालन गर्ने।



## उपलब्धि




जनकपुर अस्पताल र राजविराज अस्पतालमा नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू) विशिष्टीकृत सेवा (टर्सरी केयर) सेन्टर स्थापना भई सेवा प्रारम्भ भएको छ।



अशक्त, असहाय र बेवारिसे मनोसामाजिक बिरामीहरूको उपचार तथा पुनर्स्थापनाका लागि ७ वटा अस्पताल, मानव सेवा आश्रम लगायतका पुनर्स्थापना गृह र आश्रय केन्द्रसँग सम्झौता गरी सेवा सञ्चालन भइरहेको छ।

**मिर्गौला रोगीका लागि डायलोसिस तथा प्रत्यारोपण सेवा निःशुल्क गरिनेछ। उच्च रक्तचाप, मुटुरोग, मधुमेह, मिर्गौला रोग, दमखोकी, क्यान्सर आदि घातक रोगहरूको औषधी, रक्तपरीक्षण र स्वास्थ्य जाँच निःशुल्क रुपमा उपलब्ध गराइनेछ। मानसिक रोग, डेंगु, चिकनगुनिया, मलेरिया, कालाजार, हात्तीपाइले, टीबी, निमोनिया, टाइफाइड, झाडापखाला तथा सिक्कल सेल एनिमियाजस्ता रोगको प्रभावकारी रोकथाम र नियन्त्रण गरिनेछ।**

लक्ष्य
४



## नीति र कार्यक्रम


- महिलाहरूमा बढ्दो सर्भाइकल क्यान्सर, स्तन क्यान्सरजस्ता रोगहरूको शीघ्र पहिचानका लागि निःशुल्क स्वास्थ्य परीक्षण र सर्भाइकल क्यान्सरविरुद्ध खोप कार्यक्रम कार्यान्वयनमा ल्याउने।
- पश्चिम तराईमा स्वास्थ्य समस्याको रुपमा रहेको सिक्कल-सेल एनिमिया रोगको रोकथाम गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।
- लामखुट्टेको टोकाइबाट फैलिने रोग नियन्त्रण तथा रोकथामका लागि प्रभावकारी कदम चाल्ने।
- क्षयरोग, एड्स तथा यौन रोग र कुष्ठरोग नियन्त्रण कार्यक्रमका लागि व्यवस्था मिलाउने।
- स्थानीय तह, प्रदेश र विभिन्न संघ संस्थासँग स्वास्थ्य सेवाका कार्यक्रम साझेदारीमा सञ्चालन गर्ने।
- महामारी रोग नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन विशेषज्ञसहितको द्रूत टोली परिचालन गर्ने।
- राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गर्ने।

- मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट केन्द्रको पूर्वाधार निर्माण गर्ने।
- बाँकेको सुशील कोइराला क्यान्सर अस्पताल सञ्चालनमा ल्याउने।
- सिराहामा क्यान्सर अस्पताल निर्माण गरी बीपी कोइराला क्यान्सर अस्पतालको विस्तारित सेवा प्रदान गर्ने।
- जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रको सेवा सञ्चालन गर्ने।
- मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरमा मानव अंगको म्याचिङ टेस्ट स्थापना गर्न अनुदान दिने।
- वीर अस्पताललाई अन्तर्राष्ट्रिय स्तरको विशिष्टीकृत सेवासहितको उत्कृष्ट केन्द्रका रूपमा विकास गर्ने।
- भक्तपुरको दुवाकोटमा वीर अस्पतालको सेवा विस्तार गरी अत्याधुनिक भवनको निर्माण कार्य अघि बढाउन आगामी आर्थिक वर्षमा विस्तृत अध्ययन सम्पन्न गर्ने।

## उपलब्धि




बिपन्न कार्यक्रमअन्तर्गत क्यान्सर, मुटु रोग, मिर्गौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर, पार्किन्सन्स, सिकल सेल एनिमिया रोगको उपचारका लागि अधिकतम १ लाखसम्म सहुलियत प्राप्त गर्ने बिरामीको संख्या गत आर्थिक वर्षको अन्त्यसम्ममा ५३ हजार ३ सय ३० पुगेको छ।




**लक्ष्य ५**


**टोलटोलमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिनेछ। आयुर्वेद, पञ्चकर्म, युनानी, योग र प्राकृतिक चिकित्सा लगायतका विशिष्टीकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ। स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवनका लागि स्वस्थ उत्पादन र स्वस्थ उपभोगको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ। पाँच वर्षभित्र विशिष्टीकृत स्वास्थ्य उपचारका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गरिनेछ।**

## नीति र कार्यक्रम

- स्वस्थ उत्पादन र स्वस्थ उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याउने।
- सबै सार्वजनिक स्थल र सवारी साधनहरूमा धूमपान तथा मद्यपान पूर्ण रूपमा निषेध गर्ने।
- मदिरा र सुर्तीजन्य पदार्थको उत्पादन, आयात तथा बिक्री वितरणलाई कार्यविधि बनाई व्यवस्थित गर्ने।
- आधारभूत र विशेषज्ञ स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्ने।
- प्रदेश तहबाट विशेषज्ञ स्वास्थ्य सेवाका साथै रेफरल सेवा उपलब्ध गराउने।
- केन्द्रीय स्वास्थ्य संस्थाहरूबाट अत्याधुनिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने।
- विकासको साध्य र साधन दुबै नागरिक नै भएकाले सबै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सबल मानव पूँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिने।
- आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क गर्दै आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने।
- स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने।



- स्थानीय तहका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गरिने तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो र निःशुल्क बनाउने।
- स्वास्थ्य सेवामा निरोधात्मक र प्रतिरोधात्मक पद्धतिको सम्मिश्रण गर्ने।
- विद्यमान नीति तथा कानूनमा सुधार गर्दै जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वस्तुको उपभोग निरुत्साहित गर्ने।
- प्राथमिक अस्पतालहरूमा टेलिमेडिसिन शिक्षा पद्धतिमार्फत २४ सै घन्टा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने।
- ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम सञ्चालन गर्ने।
- आयुर्वेदिक, युनानी, होमियोप्याथी, प्राकृतिक चिकित्सा प्रणालीहरूलाई आधुनिकीकरण गरी संरक्षण र प्रवर्द्धन गर्ने।
- आधुनिक चिकित्साका अलावा आयुर्वेदिक, हामियोप्याथिक, युनानी, अक्कुपन्चर, आम्ची र प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक उपचार पद्धतिको अनुसन्धान, विकास र उपयोगमा जोड दिने।
- आयुर्वेदिक औषधिको अनुसन्धान तथा विकास र आयुर्वेद शिक्षा प्रदान गर्न विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने।



## उपलब्धि

गत आर्थिक वर्षमा सबै जिल्लास्तरका अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) लागू भएकोमा हाल अन्य पाँच तृतीय तहका विशिष्टीकृत अस्पतालहरूमा यो मापदण्ड लागू भएको छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा कलेजो प्रत्यारोपण सेवा सुरु गरिएको छ।



सरकारी अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई अहिले कायम तलबमानमा दुई गुणा बढी तलब र भत्ताको व्यवस्था गर्नुका साथै ओभरटाइम भत्ताको व्यवस्था पनि गरिनेछ। सरकारी अस्पतालमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूले निजी क्षेत्रमा काम गर्न नपाउने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

लक्ष्य
६

## नीति र कार्यक्रम



मुलुकभरका ५२ हजार महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि यातायात खर्च स्वरूप वार्षिक तीन हजार उपलब्ध गराउने।

गुणस्तरीय पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरी अस्पताल सेवामा सुधार गर्ने।





चिकित्सक तथा स्वास्थ्यकर्मीले बिरामीलाई गर्ने व्यवहारसम्बन्धी आचारसंहिता लागू गर्ने।

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## बजेट

रु. १ खर्ब ३४ अर्ब ९२ करोड*

+

रु. १ खर्ब ६३ अर्ब ८२ करोड**

=

कूल

रु. २ खर्ब २८ अर्ब ७५ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

नेपाली वैज्ञानिकहरूले विकास गरेको नानो स्याटलाइट अन्तरिक्षमा प्रक्षेपण

भूकम्पबाट क्षतिग्रस्त भएका ५ हजार ४ सय ४० विद्यालयका २७ हजार २ सय ८९ कक्षाकोठाहरूको पुनर्निमाण सम्पन्न

विद्यालय बाहिर रहेका २ लाख ७० हजार बालबालिकालाई विद्यालय भर्ना, विद्यालय तहका ५९ लाख १० हजार बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक वितरण

६ सय ७ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा पुऱ्याई थप ३२ हजार ३ सय ७० विद्यार्थीलाई प्राविधिक शिक्षा उपलब्ध

सरकारी मेडिकल कलेजहरूमा चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये ७५ प्रतिशत विद्यार्थीलाई निःशुल्क अध्ययन गर्नेगरी छात्रबृत्ति

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**लक्ष्य १**

**२ वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकाको विद्यालय भर्ना सुनिश्चित गरिनेछ। आगामी ५ बर्षमा सबै नागारिकलाई साक्षर तुल्याइनेछ। माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ।**

## नीति र कार्यक्रम



विद्यालय छाड्ने कारण वारे अध्ययन अनुसन्धान गरिनेछ।



विद्यालय पढ्ने उमेरकालाई विद्यालय फर्काइनेछ।



औपचारिक शिक्षा प्रणालीसँग आबद्ध हुन चाहनेहरूका लागि खुला तथा वैल्किपक शिक्षा प्रणाली विस्तार गरिनेछ।



मातृभाषामा शिक्षा लिने अवसर प्रदान गरिनेछ।



कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीले माध्यमिक शिक्षा पूरा गर्ने व्यवस्था मिलाइनेछ।



बिद्यालयलाई अपांगमैत्री बनाइनेछ।

## उपलब्धि

- यस वर्ष २ लाख ७० हजार बालवालिकालाई विद्यालय भर्ना गरिएको छ।
- देशभरिका १२७ स्थानीय तहहरूले विद्यालय उमेर समूहका कुनै पनि बालबालिका बिद्यालय बाहिर नरहेको घोषणा गरेका छन्।
- ३२ लाख २९ हजार ५ सय ९२ जना छात्रा, दलित, अपांगता भएका तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ।
- विद्यालय भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न ४३ जिल्लाका आधारभूत तहका २२ लाख २९ हजार ३ सय २४ विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराइएको छ।
- विद्यालय तहका ५९ लाख १० हजार बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक पुऱ्याइएको छ। समयमै पाठ्यपुस्तक पुगेको यो लगातार तेस्रो वर्ष हो।
- आधारभूत तहसम्मका सबै पाठ्यपुस्तकलाई रंगीन बनाइएको छ।
- साक्षर नेपाल घोषणाका साथै सबै बालबालिकालाई विद्यालय पठाऔं भन्ने अभियान मार्फत ५१ जिल्लालाई पूर्ण साक्षर वनाइएको छ। चालू आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्म ७० जिल्लालाई पूर्ण साक्षर बनाउने कार्यक्रम रहेको छ।
- करिब १५ हजार छात्राहरूलाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइएको छ।
- सबै विद्यार्थीलाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गरिएको छ।
- गुरुकूल, विहार, गुम्बा, मदरसा, खुला एवं वैकल्पिक शिक्षा कार्यक्रमलाई राष्ट्रिय शिक्षा प्रणालीसँग आबद्ध गरिएको छ।
- प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्म मातृभाषामा अध्ययन अध्यापन गराउन आवश्यक प्रबन्ध मिलाइएको छ।
- सबै विद्यार्थीलाई विद्यालय पठाऔं भन्ने अभियान मार्फत ७० जिल्लालाई पूर्ण साक्षर बनाइएको छ।

**शिक्षालाई समतामूलक, अनुसन्धानमूलक, व्यवसायिक र गुणस्तरीय वनाईनेछ। सामुदायिक विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानोपानी, शौचालय, छात्रावास, खेलकूदको व्यवस्था, सरसफाई आदिको उचित व्यवस्था गरिनेछ।**

## लक्ष्य ४



## नीति र कार्यक्रम

- सामुदायिक विद्यालयको पूर्वाधार विकास र पुनर्संरचना गर्ने।
- गुणस्तरिय पाठ्यपुस्तक समयमै पुर्‍याउने।
- शिक्षकको अपर्याप्ततालाई हटाइने।
- खेल मैदानको व्यवस्था गर्ने, शिक्षण सामाग्री तथा प्रयोगशालाको उपलब्ध गराउने।
- नवीन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गर्ने।

## उपलब्धि

२०७६ देखि २०८५ सालसम्मलाई सामुदायिक विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि दशकका रूपमा मनाइनेछ।



राष्ट्रपति शैक्षिक सुधार कोष स्थापना गरी सामुदायिक शिक्षामा गुणस्तर अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिएको छ। ४ हजार माध्यमिक विद्यालयमा पुस्तकालय र बिज्ञान प्रयोगशाला स्थापना गरिएको छ।

बिद्यालयको भौतिक पूर्वाधारमा सुधार र रुपान्तरण एवं गुणस्तर बृद्धिका लागि पहिलो वर्ष २ सय २२ वटा र दोस्रो वर्ष १ सय वटा नमूना विद्यालय निमार्ण भइरहेको छ।



५ हजार ३ सय ८४ विद्यालयका २७ हजार २ सय ८९ कक्षा कोठाहरूको पुनर्निर्माण सम्पन्न भएको छ। र, २२ हजार ३ सय ९३ कक्षा कोठाहरू निर्माणाधीन अवस्थामा छन्।



दुर्गम तथा हिमाली क्षेत्रका विद्यालय र अपांगता भएका बालवलिका अध्ययन गर्ने विद्यालयमा आवासीय सुविधाको प्रबन्ध गरिएको छ। यस अन्तर्गत १४ वटा विद्यालयमा आवासीय भवन निमार्णाधीन अवस्थामा छन्।



'चिनौं आफ्नो माटो, बनाऔं आफ्नो देश' भन्ने अभियान संचालन गरिएको छ। शिक्षक विद्यार्थी अनुपात धेरै भएका र गणित, अंग्रेजी र विज्ञान शिक्षक अपुग भएका विद्यालयमा स्वेच्छिक रुपमा शिक्षण स्वयंसेवक परिचालन गरिएको छ। उक्त विषयहरूमा नपुग शिक्षकको लागि १ अर्ब ५० करोड अनुदानको व्यवस्था गरिएको छ।



## लक्ष्य 3

**प्रत्येक गाउँपालिका र नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद्बाट मान्यताप्राप्त प्राविधिक शिक्षालय स्थापना गरिनेछ। प्रत्येक प्रदेशमा न्यूनतम एक प्राविधिक तथा व्यावसायिक महाविद्यालयहरू सञ्चालन गरिनेछ।**



### नीति र कार्यक्रम



विद्यालय तहदेखि नै जीवन उपयोगी व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिइने।



प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र अनुपात बढाइने।



सबै स्थानीय तहमा कम्तिमा एक प्राविधिक धारको विद्यालय स्थापना गरिने।



विद्यालय पढ्ने उमेर नाघेकालाई प्राविधिक र व्यावसायिक सीप प्रदान गर्ने।




शैक्षिक प्रणालीलाई रोजगारीसँग आबद्ध गर्न सीपमूलक, आयमूलक र प्राविधिक शिक्षालाई अभियानको रुपमा संचलान गरिने।

## उपलब्धि

६ सय ७१ स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा पुऱ्याई ५० हजार विद्यार्थीलाई प्राविधिक शिक्षा उपलब्ध गराइएको छ।



८३ हजार युवालाई विभिन्न सीपमूलक तालीम प्रदान गरिएको छ।



प्रत्येक प्रदेशमा प्राविधिक सीप परीक्षण केन्द्र स्थापना गरिएको छ।



प्रत्येक जिल्लामा एक प्राविधिक धारको आंगिक क्याम्पसको व्यवस्था गरिएको छ।



आर्थिक रूपमा बिपन्न, सीमान्तकृत समुदाय तथा लक्षित बर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि ५ प्रतिशत व्याज अनुदानमा शैक्षिक ऋण उपलब्ध गराइएको छ।



लक्ष्य ४

**स्वास्थ्य शिक्षालाई नाफा कमाउने माध्यम बनाउन निरुत्साहित गरिनेछ। केन्द्रीयस्तरमा राष्ट्रलाई आवश्यक पर्ने वैज्ञानिकहरू उत्पादन गर्न विभिन्न अनुसन्धान केन्द्रहरू स्थापना गरिनेछ।**

## नीति र कार्यक्रम

- शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाईनेछ।
- अध्ययन र अनुसन्धान गर्न विश्वस्तरको विशिष्टकृत विश्वविद्यालयको स्थापना गरिनेछ।

## उपलब्धि

- यो वर्षदेखि सरकारी मेडिकल कलेजहरूमा चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये ७५ प्रतिशत विद्यार्थीलाई निःशुल्क अध्ययन गर्नेगरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने कामलाई अघि बढाइएको छ। त्यसैगरी विदुषी योगमाया आयुर्वेद विश्व विद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधार विकास गरिएको छ। यससम्बन्धी विधेयक संघीय संसदमा पेश गर्ने निर्णय मन्त्रिपरिषद्बाट भएको छ।
- नेपाली वैज्ञानिकहरूले विकास गरेको नानो स्याटलाईट अन्तरीक्षमा प्रक्षेपण गरिएको छ।
- अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्न १४ देशका ३ सय वैज्ञानिकहरूको सहभागितामा अन्तर्राष्ट्रिय युवा सम्मेलन गरिएको छ।
- कीर्तिपुरस्थित विज्ञान संग्रालय तथा थ्रि डी थिएटर संचालनमा ल्याइएको छ।

# खानेपानी मन्त्रालय

## बजेट

रु. ३४ अर्ब ७७ करोड*

+

रु. ४३ अर्ब ४ करोड**

=

कूल

रु. ७७ अर्ब ८१ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

८९ प्रचिशत जनसंख्यालाई आधारभूत खानेपानी सेवा पुगेको

मेलम्ची खानेपानी आयोजनाको कूल भौतिक प्रगति ९४ प्रतिशत

१० करोड ५७ लाख लिटर फोहर पानीलाई प्रशोधन गर्ने संरचना एक वर्ष भित्रै सम्पन्न गर्नेगरी निर्माण भएको

दक्षिण एसियामा खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने नेपाल पहिलो देश बनेको

भूकम्पबाट क्षतिग्रस्त ५०८ वटा खानेपानी आयोजनाहरूको पुनर्निर्माण गरिएको

## मुख्य प्रगति

*आ.व. २०७५/०७६  **आ.व. २०७६/०७७

लक्ष्य १

**ढलको समुचित व्यवस्था गर्नुका साथै सहरहरूमा उत्पादित जैविक फोहरबाट विद्युत् र प्रांगरिक मल उत्पादन गरिनेछ।**

## नीति र कार्यक्रम



खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन नियामक तथा सेवा प्रदायक निकायहरूको संस्थागत पुनर्संरचना गरिनेछ।

## उपलब्धि

खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन लिमिटेडको संस्थागत पुनर्संरचना गर्ने प्रक्रिया थालिएको छ।

गुह्येश्वरी नजिक वागमती नदी किनारमा दैनिक ३ करोड़ २४ लाख लिटर क्षमताको अत्याधुनिक प्रशोधन प्रणाली सहितको फोहर पानी प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको छ।

काठमाडौं उपत्यकाका विभिन्न नदीहरूमा निशृत फोहर पानीलाई प्रशोधन गर्न हाल १० करोड ५७ लाख लिटर फोहर पानी प्रशोधन गर्ने संरचना निर्माण भइरहेको छ र आउँदो बर्ष सम्पन्न गरिनेछ।

लक्ष्य २

**सार्वजनिक स्थलमा सुविधायुक्त सार्वजनिक शौचालय निःशुल्क सञ्चालन गरिनेछ।**




## उपलब्धि

सहरी क्षेत्र, राजमार्ग आसपास र सार्वजनिक स्थानहरूमा सुविधासम्पन्न स्मार्ट शौचालयहरू निर्माण गर्न बजेट विनियोजन गरिएको छ।



**लक्ष्य 3**

**आधारभूतस्तरको खानेपानी सेवालाई चार वर्षभित्र शतप्रतिशत जनसंख्याको पहुँचमा पुऱ्याइनेछ।**



## नीति र कार्यक्रम

- आधारभूतस्तरको खानेपानी सेवालाई आगामी आर्थिक वर्षमा ९२ प्रतिशत र चार वर्षभित्र शतप्रतिशत जनसंख्याको पहुँचमा पुऱ्याइनेछ। मुहान संरक्षण, भूमिगत स्रोतको दोहन नियन्त्रण र वर्षात्को पानी सङ्कलन गरी खानेपानीको स्रोत बृद्धि गरिनेछ। आवश्यकतानुसार लिफ्ट प्रविधि र ठूला खानेपानी आयोजना सञ्चालन गरिनेछ।





## उपलब्धि

आधारभूत खानेपानी तथा सरसफाई सुविधा प्राप्त गर्ने नागरिकको मौलिक हक कार्यान्वयन गर्न खानेपानी आयोजना शुरु गर्ने, अधुरा आयोजना सम्पन्न गर्ने तथा निर्माणाधीन सहलगानीमा आधारित आयोजनाहरू, खानेपानी गुणस्तर सुधारका आयोजनाहरू र साना सहरी खानेपानी आयोजनाहरू सम्पन्न गर्ने कार्यबाट आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्ममा ९२ प्रतिशत जनसंख्यासम्म आधारभूत खानेपानी सेवाको पहुँच पुऱ्याउने व्यवस्था मिलाइएको छ।

सुख्खा र पहाडी वस्तीहरूमा खानेपानी सुविधा उपलब्ध गराउन १ हजार मिटर माथिसम्म पानी पम्प गर्ने प्राविधिक रुपमा जटिल प्रकृतिका ३ वटा मल्टिस्टेज लिफ्ट प्रणालीका आयोजनामार्फत २३ हजार ५ सय ६१ जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराई खानेपानीकै अभावमा वस्ती विस्थापित हुनसक्ने अवस्थाबाट जोगाइएको छ।

आगामी ५ वर्षमा १ हजार ४ सय मिटर उचाईसम्म पानी पम्प गर्ने २९ वटा क्रमागत बृहत आयोजना सम्पन्न गरी करिब ३ लाख जनसंख्यालाई सेवा पुऱ्याउने लक्ष्य राखिएको छ।

सन् २०१० सम्म ८१ प्रतिशत जनसंख्यालाई आधारभूत खानेपानी सेवा पुगेकोमा हाल ८९ प्रतिशत जनसंख्यालाई आधारभुत खानेपानी सेवा पुगेको छ।


सन २०१५ सम्म १५ प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको गुणस्तरीय खानेपानी सेवा पुगेकोमा हाल उक्त सेवास्तरको खानेपानी २१ प्रतिशत जनसंख्यालाई उपलब्ध भएको छ।

गएको दुई वर्षमा ६६ वटा सहरी तथा अर्धसहरी खानेपानी आयोजनाहरू सम्पन्न भइ ५ लाख ६७ हजार ७८ (अर्थात् २ प्रतिशत) जनसंख्या उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएका छन्।

खानेपानी र सिंचाइको आवश्यकता एकसाथ परिपूर्ति गर्ने उद्देश्यले प्रदेश र स्थानीय तहसँगको सहकार्यमा सौर्य र वायु लगायतका वैकल्पिक ऊर्जामा आधारित उच्च प्रविधियुक्त सिंचाइ र खानेपानीका आयोजनाहरू सञ्चालनमा ल्याउने प्रक्रिया थालिएको छ।

## लक्ष्य ४

**तराईका जिल्लामा आर्सेनिकमुक्त सुरक्षित खानेपानी उपलब्ध गराइनेछ।**



### नीति र कार्यक्रम

- निर्माणाधीन खानेपानी आयोजनाहरू सम्पन्न गरी तराईका जिल्लामा आर्सेनिकमुक्त सुरक्षित खानेपानी उपलब्ध गराइनेछ।






## उपलब्धि



तराई मधेसका २० जिल्लाका खानेपानीमा विद्यमान आर्सेनिक प्रदूषणको समस्यालाई दीगो रुपमा समाधान गर्न बजेट छुट्याइएको छ।



तराई मधेस खानेपानी सुधार कार्यक्रम अन्तर्गत निर्माणाधीन खानेपानी आयोजनाहरूको निर्माण कार्यलाई तीव्रता दिन बजेट विनियोजन गरिएको छ।



आकस्मिक र विपद व्यवस्थापन तथा ग्रामीण वस्तीहरूलाई समेत सेवा प्रदान गर्न ७ वटै प्रदेशमा १/१ वटाको दरले वाटर एम्बुलेन्स (पानी परीक्षण घुम्ती भ्यान) उपलब्ध गराई सञ्चालनमा ल्याइएको छ।

## लक्ष्य ५

**जैविक विविधताको संरक्षण गरिनेछ।**



### नीति र कार्यक्रम

- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। जैविक विविधताको संरक्षण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनारा संरक्षण गरिनेछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। पहाडी भूभाग र चुरे क्षेत्रमा ताल एवं पोखरी निर्माण गरी वर्षात्को पानी सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

### उपलब्धि

जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिएको छ।



पिउने पानी निर्यात गर्ने व्यवसायको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।



जलाधार क्षेत्र संरक्षण र अनियन्त्रित भूमिगत पानीको दोहनलाई नियन्त्रण गर्न सुरु गरिएको छ।




## लक्ष्य ६

**स्वच्छ पानीको स्रोतका रूपमा रहेका हिमाल तथा हिमतालहरूको संरक्षण गरिनेछ।**

### उपलब्धि

स्वच्छ पानीको स्रोतका रूपमा रहेका हिमाल तथा हिमतालहरूको संरक्षणको लागि बजेट विनियोजन गरिएको छ।



लक्ष्य ८

**आगामी आर्थिक वर्षभित्र मेलम्ची खानेपानी आयोजना सम्पन्न गरिनेछ।**

## उपलब्धि

राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाको समग्रमा आयोजनाको हालसम्ममा कूल भौतिक प्रगति ९५ प्रतिशत भएको छ। चालू आ.व.भित्र मेलम्चीको दैनिक १७ करोड लिटर पानी सुन्दरीजल पथान्तरण गर्ने लक्ष्यसहित नयाँ निर्माण व्यवसायीले सुरुङ्गका बाँकी कार्यहरू लगायत हेडवर्क्सको निर्माण गरिरहेका छन्। मेलम्ची दोस्रो चरणअन्तर्गत याँग्री र लार्के नदीहरूबाट थप ३४ करोड लिटर पानी पथान्तरण गरी मेलम्चीमा मिसाउने गरी आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन कार्य सम्पन्न हुने अवस्थामा छ। काठमाडौं उपत्यकाभित्र हालसम्म सम्पन्न भएको जम्मा ७५.३२ किमिमध्ये करिब ५० किमि थोक वितरण प्रणाली, जम्मा १ हजार १ सय ५ किमि खानेपानी वितरण प्रणाली संजालमध्ये ६ सय किमि वितरण प्रणाली तथा ६ करोड ८५ लाख क्षमताको पानी टंकी निर्माण भई मेलम्चीबाट आउने खानेपानी उपभोक्ताको घर-घरसम्म पुऱ्याउन आवश्यक तयारी भइरहेको छ।



भूकम्पबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरू पुनर्निर्माण गरिनेछ।

लक्ष्य ८

## उपलब्धि

विगतमा निर्माण सम्पन्न भएका र हाल संचालनमा रही आंशिक वा पूर्ण रुपमा समस्याग्रस्त आयोजनाहरू प्रदेश र स्थानीय तहसँगको सहलगानीमा पुनर्निर्माण र पुनर्स्थापना गरी सेवा सुचारु गर्न र भूकम्पबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरू सम्पन्न गर्न बजेट व्यवस्था गरिएको छ।



२०७२ सालको विनाशकारी भूकम्पबाट क्षति पुगेका १ हजार ३ सय भन्दा बढी खानेपानी आयोजनाहरूमध्ये यस अवधिमा भूकम्पबाट क्षतिग्रस्त ५०८ वटा खानेपानी आयोजनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्पन्न भई खानेपानी सेवाबाट २ लाख १३ हजार ९ सय ४२ व्यक्तिहरू लाभान्वित भएका छन्।



**नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने।**

लक्ष्य
६



## उपलब्धि

२०७६ असोज १३ गतेदेखि नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको छ। दक्षिण एसियामा खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने नेपाल पहिलो देश भएको छ। शतप्रतिशत जनसंख्यासम्म आधारभूत सरसफाई पुऱ्याएको छ।



# युवा तथा खेलकुद मन्त्रालय

## बजेट

रु. ४ अर्ब ४३ करोड*

+

रु. ६ अर्ब ४५ करोड**

=

कूल
रु. १० अर्ब ८७ करोड
(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

- ९९ वटा तहमा नमूना युवा संसदको अभ्यास
- ४४७ वटा युवा उद्यम समूहलाई सहुलियतपूर्ण कर्जा
- १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई हालसम्मकै सबैभन्दा बढी ५१ स्वर्ण पदक सहित २०७ पदक तथा दोस्रो स्थान प्राप्त
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट २७,६६९ जना स्वरोजगार
- दशरथ रङ्गशालाको स्तरोन्नति कार्य सम्पन्न भएको

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**राष्ट्रको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्नेगरी खेल क्षेत्रको विकास गरिनेछ। आवश्यक पूर्वाधार निर्माण सम्पन्न गरी सन् २०१९ भित्रै तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।**

## लक्ष्य १



## नीति र कार्यक्रम



- अन्तर्राष्ट्रिय जगतमा खेलकूदमार्फत नेपालको पहिचान स्थापना गर्न अठारौं एसियाली खेलकूद र तेह्रौं दक्षिण एसियाली खेलकूद प्रतियोगिताको तयारी एवं पूर्वाधार निर्माण र आठौं राष्ट्रिय खेलकूद प्रतियोगिता सम्पन्न गर्ने।
- तेह्रौं दक्षिण एसियाली खेलकूदको पूर्वाधार विकासका लागि तथा नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि आवश्यक रकम विनियोजन गर्ने।

## उपलब्धि



सन् २०१९ को डिसेम्बर १-१० सम्म तेह्रौं दक्षिण एशियाली खेलकूद प्रतियोगिता भव्यतापूर्वक सम्पन्न भएको छ।

नेपालले हालसम्मकै सबैभन्दा बढी ५१ स्वर्ण पदकसहित २ सय ७ पदक तथा दोस्रो स्थान प्राप्त गरेको छ।



**संघ, प्रदेश र स्थानीय तहमा खेल पूर्वाधार तयार गरिनेछ। उपत्यकामा अन्तर्राष्ट्रिय स्तरका चार रंगशाला र खेलकूद महाविद्यालय सञ्चालन गरिनेछ। काठमाडौंको मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट मैदान आगामी दुई वर्षभित्र सञ्चालनमा ल्याइनेछ।**

**लक्ष्य ९**



## नीति र कार्यक्रम

- प्रत्येक प्रदेश सदरमुकाममा एक अत्याधुनिक र साधन सम्पन्न खेलग्रामसहित रंगशाला निर्माण गर्ने।
- प्रत्येक स्थानीय तहमा रंगशाला, खेलमैदान, युवाक्लब तथा विचरण पार्कहरू निर्माण गर्ने।
- निजी क्षेत्रको अग्रसरतामा हुने क्रिकेटलगायतका खेल मैदानहरूको निर्माण कार्यलाई सरकारले प्रोत्साहन गर्ने।
- क्रिकेट एकेडेमी स्थापना गर्ने।
- काठमाडौं उपत्यकामा अन्तर्राष्ट्रियस्तरको खेलकूद परिसर निर्माण गर्न आगामी आर्थिक वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने।
- राजधानीमा खेलकूद विश्वविद्यालय र प्रदेश सदरमुकाममा खेलकूदसम्बन्धी आवासीय विद्यालय सञ्चालन गर्ने।
- प्राथमिक तहदेखि महाविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई खेलकूदमा भाग लिन अनिवार्य गर्ने।
- सबै तहका विद्यालयहरूमा इन्डोर तथा आउटडोर खेलकूद कार्यक्रम सञ्चालन गर्ने।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा नियमित रुपमा खेलकूद प्रतियोगिताको आयोजना, खेलाडीको प्रशिक्षण, क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

## उपलब्धि

जनकपुर, सुर्खेत, इटहरी, काठमाडौं, पोखरा, नेपालगन्ज र धनगढीमा रहेका रंगशाला निर्माण तथा स्तरोन्नतिसम्बन्धी कार्य भइरहेको छ।



**युवाहरूलाई रुपान्तरणका संवाहक र नेतृत्वका साझेदारका रुपमा विकास गरिनेछ। सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रको जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिनेछ। संघीय लोकतान्त्रिक गणतन्त्रको प्रवर्द्धन, नेतृत्व विकास र सामाजिक आर्थिक विकासमा परिचालनका लागि आगामी आर्थिक वर्षलाई युवा परिचालन वर्षका रूपमा मनाइनेछ।**

लक्ष्य 3



## नीति र कार्यक्रम

- राष्ट्रिय हितप्रति समर्पित युवा जनशक्ति विकास र परिचालनका लागि राष्ट्रिय सेवा दलको भूमिकालाई स्थानीयस्तरसम्म विस्तार गर्ने।
- हिंसा, दुर्व्यसन र अराजक काममा युवालाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गर्ने।
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज र नेपाल स्काउटबाट मानवीय सेवा, विपद् व्यवस्थापन एवं राष्ट्रिय विकास निर्माण कार्यमा स्वयंसेवकको परिचालन गर्ने।



- युवाहरूको प्रतिभा पहिचान, परिचालन र प्रवर्द्धनका लागि नियमित रुपमा सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने।
- युवाहरूले व्यावसायिक नेतृत्व लिनेगरी क्षमता र सूचनामा पहुँच अभिवृद्धि गर्ने।

- आगामी वर्ष युवा वैज्ञानिक सम्मेलन आयोजना गर्ने।
- युवाको जाँगर र समृद्धिको आधारलाई सार्थक तुल्याउने।
- युवा परिचालनमार्फत लैंगिक, जातीय, छुवाछुतलगायत सामाजिक विभेदको अन्त्य गर्न जनचेतना जगाउने।
- युवा परिचालनमार्फत मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण, वृक्षारोपणजस्ता कार्य गर्ने।

## उपलब्धि

युवालाई देशको संविधान, नियम, कानून र संसदीय व्यवस्थाप्रति आस्थावान बनाई भविष्यमा असल नेतृत्व गर्नका लागि सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यले ९१ वटा स्थानीय तहका १ हजार २ सय २३ वडामा वडास्तरीय युवा क्लब गठन गरिएको छ।

आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्ममा ९१ स्थानीय, ७ प्रदेश र संघीय तहमा गरी जम्मा ९९ वटा तहमा नमूना युवा संसद्को अभ्यास गरिएको छ।

एकीकृत राष्ट्रिय युवा सञ्जाल गठन गरी सहकार्यका मोडलमा राष्ट्रिय अभियान र अन्य विभिन्न युवालक्षित कार्यक्रम सञ्चालन गर्न विभिन्न ८ क्षेत्रका युवा सञ्जाल गठन गरिएको छ।

**लक्ष्य ४**

**उद्यमशीलता वृद्धि गरी युवालाई स्वरोजगारतर्फ आकर्षित गरिनेछ। वित्तीय सेवाको विस्तार गरी आगामी एक वर्षभित्र थप ५० हजार र पाँच वर्षभित्र थप ३ लाख युवालाई स्वरोजगार बनाइनेछ।**





## नीति र कार्यक्रम

- युवाहरूलाई स्वयंसेवामा उत्प्रेरित गरी राष्ट्र निर्माणमा परिचालन गर्ने।
- शिक्षित र दक्ष युवालाई देशभित्रै उच्च पारिश्रमिक आधारित रोजगारी सिर्जना गर्ने।
- युवाको आर्थिक-सामाजिक सशक्तीकरण गर्न उद्यमशीलता विकास एवं प्राविधिक तथा व्यावसायिक तालिम दिने।
- युवा स्वरोजगार कोष र राष्ट्रिय युवा परिषदको संस्थागत संरचना परिवर्तन गरी रोजगारी सिर्जना प्रभावकारी बनाउने।

## उपलब्धि

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले २७ हजार ६ सय ६९ जनालाई ३ अर्ब ७९ करोड ६५ लाख कर्जा लगानी गरी स्वरोजगार बनाएको छ।

राष्ट्रिय युवा परिषदले आफ्नै गाउँ घरमा प्राप्त साधनस्रोत तथा प्राकृतिक सम्पदा र कच्चा पदार्थमा आधारित घरेलु उद्योगका लागि ४ सय ४७ वटा युवा उद्यम समूहलाई प्रतिसमूह ५ लाखसम्म पाँच वर्षका लागि बिनाधितो बिनाव्याज सहुलियतपूर्ण कर्जा उपलब्ध गराएको छ।

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## बजेट

रु. ४ अर्ब २९ करोड*

\+

रु. ७ अर्ब १३ करोड**

=

कूल

रु. ११ अर्ब ४२ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत करिब २२ लाख श्रमदिन बराबरको रोजगारी सिर्जना
- यूएई, जापान, मलेशिया र मौरिसससँग श्रम सम्झौता गरिएको
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत रोजगारदाताको संख्या ११ हजार ९ सय २८ र सूचीकृत श्रमिकको संख्या १ लाख ३५ हजार ३ सय ७४ पुगेको
- एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीको ग्यारेन्टी गरिएको
- श्रमसम्बन्धी सेवाहरूलाई प्रविधिमा आधारित बनाई सरलीकृत गरिएको

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमका माध्यमबाट सबै श्रमिक तथा कर्मचारीलाई न्यूनतम सामाजिक संरक्षणका सुविधा जस्तै : स्वास्थ्योपचार, वेरोजगार भत्ता, आश्रित परिवारको हेरचाहदेखि निवृत्तिभरणसम्म क्रमशः प्रत्याभूति गरिनेछ।**

## लक्ष्य १

## सामाजिक सुरक्षा



### नीति र कार्यक्रम

- औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा उपलब्ध हुने व्यवस्था मिलाउने।
- चालू वर्षदेखि सुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई फराकिलो बनाउँदै लैजाने।
- योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बरसहितको परिचयपत्र उपलब्ध गराउने।




- असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरूलाई समेत क्रमशः सामाजिक सुरक्षाको दायरामा समाहित गर्ने।
- सामाजिक सुरक्षाको दायरामा रहेका कुनै पनि व्यक्तिले दोहोरो सुविधा नपाउने।

## उपलब्धि



२०७५ मंसिरदेखि सामाजिक सुरक्षा योजना प्रारम्भ भएको छ।

एकीकृत सामाजिक सुरक्षा योजना लागू गरी सबै नेपालीलाई सामाजिक संरक्षणको दायरामा ल्याइएको छ।

यस योजनामा सूचीकृत रोजगारदाताको संख्या ११ हजार ९ सय २८ र सूचीकृत श्रमिकको संख्या १ लाख ३५ हजार ३ सय ७४ पुगेको छ।

हालसम्म यस्तो योगदान वापत ३३ करोड रुपैया संकलन भएको छ।



**वैदेशिक रोजगारीमा भइरहेका विकृतिहरूको कडाइका साथ नियन्त्रण गरिनेछ। वैदेशिक रोजगारीमा जानेलाई आवश्यक तालीम र प्रशिक्षणद्वारा सीप विकास गरेर मात्रै वैदेशिक रोजगारीमा पठाउन आवश्यक व्यवस्था गरिनेछ। प्रवासी नेपाली नागरिकहरूको श्रमसम्बन्धी हकलगायत अन्य हकको सुरक्षाका लागि प्रभावकारी पहल गरिनेछ।**

लक्ष्य
९

## वैदेशिक रोजगारी



### नीति र कार्यक्रम

- स्वदेशमा रोजगारीका पर्याप्त अवसर तथा छनोट उपलब्ध नभएसम्म अल्पकालीन रणनीतिका रूपमा वैदेशिक रोजगारीका अवसरको उपयोग गर्ने।
- अन्तर-सरकारी श्रम सम्झौता गरी न्यूनतम सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जान पाउने व्यवस्था गर्ने।
- प्रत्येक प्रदेशमा वैदेशिक रोजगार सेवा कार्यालय स्थापना गरी श्रम स्वीकृति सेवालाई सहज तुल्याउने।
- रोजगारी अवसरका सम्भाव्य क्षेत्र पहिचान, व्यावसायिक सीप विकास र रोजगारीका अवसरहरूको सिर्जना गर्ने।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत रोजगारदाताबाटै बेहोर्ने गरी गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्ने।
- बैंकिङ प्रणालीमार्फत विप्रेषण आय पठाउन र उत्पादक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने।



## उपलब्धि



- श्रमसम्बन्धी सेवाहरू प्रविधिमा आधारित बनाई सरलीकृत गरिएको छ।
- श्रम स्वीकृति र खासगरी वैदेशिक रोजगार लागत कम भएको छ।
- श्रम स्वीकृति लगायतका सेवाहरू प्रदेशस्तरबाट समेत प्रवाह थालनी गरिएको छ।
- प्रमुख जिल्ला अधिकारीले वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी सुन्ने र संस्थागत उजुरीको हकमा छानविन गरी वैदेशिक रोजगार विभागमा पठाउने तथा व्यक्तिगत उजुरी स्थानीयस्तरमै छिनोफानो गर्ने व्यवस्था मिलाइएको छ।
- सबै प्रदेशमा श्रम तथा रोजगार कार्यालयको व्यवस्था गरी वैदेशिक रोजगार सम्बन्धी पुनः श्रम स्वीकृति दिन हुने व्यवस्था गरिएको छ।
- वैदेशिक रोजगारसम्बन्धी संघसंस्था र गतिविधिको अनुगमनमा सहजता ल्याइएको छ।
- नेपाली श्रमिकहरूको हित अनुकूल हुने गरी मलेसिया र जापानसँग श्रम सम्झौता भएको छ।
- सन् २०१७ अगाडिसम्म ७ वटा श्रम सम्झौता भएकोमा गत वर्ष मात्रै यूएई, जापान, मलेसिया र मौरिसससँग श्रम सम्झौता सम्पन्न भएका छन्।
- विदेशस्थित नेपाली नियोगहरूबाट पुनःस्वीकृति, माग र प्रमाणीकरणसँग सम्बन्धित कार्यहरू अनलाइन प्रविधिमा प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।
- वैदेशिक रोजगारीमा जानेहरूको काम, सेवा सुविधा एवं करार हेराफेरी हुने जस्ता ठगी उल्लेख्यरुपमा नियन्त्रण गरिएको छ।
- विदेशबाट फर्केकाको सीप प्रमाणीकरण गरी त्यस्ता युवाहरूलाई सम्बन्धित व्यवसाय सञ्चालन गर्न परियोजनामा आधारित रू.१० लाखसम्मको ऋण उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसको लागि करिब २० हजार युवाबाट आवेदन संकलन गरिएको छ।
- एकपटक रोजगारीमा गई फर्केर पुनः विदेश जानेको सहजताका लागि नेपाली कूटनीतिक नियोगलाई २ पटकसम्म पुनः श्रम स्वीकृति दिनसक्ने व्यवस्था मिलाइएको छ।

**लक्ष्य 3**

**रोजगारीका अवसरको सम्भाव्य क्षेत्र पहिचान गर्न, रोजगारीका लागि व्यावसायिक सीप विकास गर्न र देशभित्रै व्यापक रोजगारीका अवसरहरूको सिर्जना गरी पाँच वर्षभित्र रोजगारीका लागि विदेश जानुपर्ने स्थितिको अन्त्य गरिनेछ।**

## प्रधानमन्त्री रोजगार कार्यक्रम

### नीति र कार्यक्रम

- पाँच वर्षभित्र रोजगारीका लागि विदेश जानुपर्ने स्थितिको अन्त्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्ने।
- रोजगार सेवा केन्द्रहरूमा सूचित बेरोजगारहरूलाई सार्वजनिक विकास निर्माणमा परिचालन गर्ने।
- स्वरोजगारी सिर्जना गर्न सीप तथा उद्यमशीलता विकास र बीउ पूँजीको व्यवस्था मिलाउने।
- रोजगार कार्यक्रममा व्यावसायिक कृषि, सिंचाइ, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार र तीनै तहका सरकारका सार्वजनिक निर्माणका अन्य क्षेत्रलाई आबद्ध गर्ने।
- श्रमको क्षेत्रमा न्यूनतम रोजगारी प्रत्याभूति गर्न संसद्मा रोजगारी प्रत्याभूति विधेयक पेश गर्ने।



- स्थानीय तहसँगको सहकार्यमा अन्य कार्यक्रमसँग दोहोरो नपर्ने गरी आफ्नो गाउँ आफैं बनाऔंको भावना अनुरुप विकास निर्माण र रोजगारी सिर्जना गर्ने ।
- प्रदेश र स्थानीय तहमा जाने समपुरक र विशेष अनुदानबाट हुने निर्माण कार्यमा समेत रोजगार सेवा केन्द्रबाट सिफारिस भई आएका श्रमिकलाई उपयोग गर्ने ।
- वेरोजगार सूचीमा दर्ता भएका मुक्त कमैया, हलिया, हरवा, चरवा र कमलरी, सीमान्तकृत, लोपोन्मुख र बिपन्न समुदाय, अपांगता भएका र खाद्य असुरक्षा भएका क्षेत्रका वेरोजगारलाई लक्षित गरी रोजगारीका विशेष कार्यक्रम सञ्चालन गर्ने ।

## उपलब्धि

सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

करिब २२ लाख श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ । यस कार्यक्रम अन्तर्गत यसवर्ष १ लाख ८५ हजार व्यक्तिले रोजगारी पाएका छन् ।

आन्तरिक रोजगारीमार्फत सामाजिक संरक्षणको दायरा विस्तार भएको छ ।

लक्षित समूहलाई रोजगारी प्रदान गर्ने प्रणालीको विकास भएको छ ।

## लक्ष्य ४

**केन्द्र, प्रदेश र स्थानीय तहहरूमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिनेछ।**



## दक्ष श्रमशक्ति निर्माण

### नीति र कार्यक्रम

- समान कामका लागि समान ज्यालाको नीति लागु गर्ने।
- श्रमलाई सम्मानित र मर्यादित बनाउन श्रम कानूनलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने।
- श्रम अडिटअन्तर्गतको व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रमनिरीक्षणलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने।
- श्रम क्षेत्रमा आउने गुनासा र विवादलाई तत्काल समाधान गर्न अर्धन्यायिक निकाय स्थापना गर्ने।
- स्थानीय तहमा रोजगार सूचना कक्ष स्थापना गर्ने।



## उपलब्धि

प्रदेशको सहकार्यमा बेरोजगार जनशक्ति दर्ता र रोजगारीका अवसरको सूचना आदानप्रदानका लागि रोजगार सूचना केन्द्र स्थापना गरिएको छ। वैदेशिक रोजगार सेवा प्रदायक कम्पनीहरूलाई आन्तरिक रोजगारी व्यवस्थापनमा समेत परिचालित गर्ने।

न्यूनतम ज्यालामा पुनरावलोकन गरिएको छ। श्रमिकको तलब ३९ प्रतिशतले बृद्धि भएको छ।

बेरोजगार लक्षित सीप विकास र उद्यमशीलता प्रवर्द्धन गर्न व्यावसायिक तथा सीपमूलक तालीमलाई एकीकृत नीति र संरचनाभित्र सञ्चालन गरिएको छ।

उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्न शैक्षिक प्रमाणपत्रको धितोमा ५ प्रतिशत ब्याज अनुदानमा ७ लाखसम्म ऋण उपलब्ध गराउन थालिएको छ। त्यस्तो कर्जाको अनिवार्य सुरक्षण र व्यवसायको बीमाको व्यवस्था मिलाइएको छ।

नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यमीलाई व्यवसाय सञ्चालनका लागि सुरुवाती (बीउ) पूँजी उपलब्ध गराउन च्यालेन्ज फन्डको व्यवस्था गरिएको छ।



# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

## बजेट

रु. १ अर्ब ६२ करोड*

+

रु. ७८ करोड**

=

कूल

रु. २ अर्ब ४० करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- मानव बेचविखन तथा हिंसामा परेका ३ हजार ७ जना महिलाको उद्दार
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको खोजतलास तथा आपतकालीन उद्दार
- गर्भवती, सुत्केरी महिला र शिशुको हवाई उद्दार कार्यक्रमबाट हालसम्म २३ जिल्लाका ७३ जना महिलाको उद्दार
- २०० स्थानमा ज्येष्ठ नागरिक मिलन केन्द्र संचालन
- अपांगता भएका व्यक्तिका लागि सहायक सामग्री वितरण

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**महिला सशक्तिकरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। सरकारी अस्पतालमा सुत्केरी हुने आमा र जन्मिने शिशुको पोषण र न्यानो कपडाका लागि एकमुष्ट ५ हजार भत्ता र रोजगारमा संलग्न महिलालाई १४ हप्ताको सुत्केरी बिदा दिइनेछ। विकट गाउँहरूका लागि एयर एम्बुलेन्सको व्यवस्था गरिनेछ।**

## लक्ष्य १



## नीति र कार्यक्रम

- राष्ट्रपति महिला उत्थान कार्यक्रमको विस्तार गरी बिपन्न र पिछडिएका सबै महिलालाई सीप तथा उद्यमशीलता विकासमार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्व-आर्जनमार्फत आत्मनिर्भर बनाउने।
- हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनःस्थापना केन्द्रहरू विस्तार गर्ने।
- बाल विवाह, दाइजो प्रथा, तिलक, देउकी, बोक्सी, छाउपडीलगायत सबै प्रकारका कुरीति, अन्धविश्वास र महिला हिंसाको विरुद्धमा सचेतना अभिवृद्धि गर्ने।
- बलात्कार, यौन शोषण, मानव ओसारपसार र बेचबिखन तथा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरू निर्मूल गर्ने।
- महिला हिंसाको प्रमुख कारणको रूपमा रहेको अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष अभियान सञ्चालन गर्ने।
- ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरीको आपतकालीन उद्धार गर्न एयर एम्बुलेन्सको प्रबन्ध मिलाउने र हवाई उद्धारलाई निरन्तरता दिने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदायलाई सामाजिक संरक्षण गर्ने।
- बेसहारा, अशक्त, अपांगता भएका व्यक्तिहरू सडकमा रहनुपर्ने अवस्थाको अन्त्य गर्ने।

- अभिभावकको उत्तरदायित्व र जिम्मेवारीसम्बन्धी कानून निर्माण गरी परिवारका सदस्य सडकमा छाडी वेवारिसे बनाउने अभिभावक तथा संरक्षणबाटै आवश्यक संरक्षण दिने व्यवस्था मिलाउने।
- मानव सेवामा संलग्न संस्थाहरूमार्फत असहाय, वेवारिसे, संक्रमित, आश्रयहीनलगायत सबै सहयोगापेक्षीहरूको आश्रय, संरक्षण र हेरचाह गर्ने व्यवस्था मिलाउने।
- तराईवासी महिलाको उत्थानका लागि एक घर एक महिला रोजगारीको थप कार्यक्रम तत्काल लागू गर्ने।
- महिलाको श्रमको सदुपयोग र समयको वचत गर्ने प्रविधिको प्रयोगमा जोड दिदै सामाजिक सशक्तिकरण र आर्थिक रुपान्तरण गर्ने महिलाको उद्यमशीलता विकास गर्ने।
- लैंगिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्दै लगिने।

## उपलब्धि

२०७५ मंसिरदेखि ३४ वटा जिल्लाहरूमा सुरु गरिएको गर्भवती, सुत्केरी महिला र शिशुको हवाई उद्धार कार्यक्रमबाट हालसम्म २३ जिल्लाका ७३ जना महिलाको उद्धार गरिएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत ३ हजार १ सय ९५ महिलाहरूको सीपविकास तथा १६३ जना महिलाहरूको उद्यमशीलता विकास र वित्तीय पहुँच तालीममार्फत आर्थिक सशक्तिकरणमा सहयोग पुगको छ।

विगत दुई वर्षमा लैङ्गिक हिंसा पीडित र एसिड आक्रमणका पीडितहरूको उद्धार गरिएको छ।

सबै प्रदेशमा हिंसा पीडितको लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न प्रदेश सरकारसँगको सहकार्यमा ३९ सेवा केन्द्रको स्थापना गरिएको छ। मानव बेचबिखन तथा हिंसामा परेका ३ हजार ७ जना महिलाको उद्धार गरिएको छ।

**सामाजिक सुरक्षा भत्ता मासिक ५ हजार रुपैयाँ पुऱ्याइनेछ। ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सबै किसिमका यातायात भाडामा २५ प्रतिशत र ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था गरिनेछ।**

**लक्ष्य ९**

## नीति र कार्यक्रम

- लोककल्याणकारी राज्यव्यवस्था निर्माण गर्दै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न सबै नागरिकलाई गर्भावस्थादेखि बृद्धावस्थासम्मको जीवनचक्रलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने।
- गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा खोप, पोषणयुक्त आहार र बाल संरक्षण अनुदान, विद्यार्थी अवस्थामा निःशुल्क शिक्षा र छात्रवृत्ति, वयस्क अवस्थामा रोजगारी, सुरक्षा र वृद्धावस्थामा सामाजिक सुरक्षा भत्ता एवम् निःशुल्क स्वास्थ्य बीमा प्रदान गर्नेगरी सामाजिक सुरक्षाका कार्यक्रम अगाडि बढाउने।
- विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरूको दायरा फराकिलो बनाउन एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने।
- ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तर-पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्नेगरी सबै स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने।
- प्रत्येक प्रदेशमा एक जेष्ठ नागरिक आरोग्य आश्रम सञ्चालन गर्ने।
- ७० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिकको १ लाखसम्म बीमांक रकमको स्वास्थ्य बीमा शुल्क सरकारले ब्यहोर्ने।

- स्वास्थ्य बीमा सेवाको दायरा बढाउन अन्य परिवारमा पनि बीमांक रकम दोब्बर गरी एक लाख पुऱ्याउने ।
- वृद्ध-वृद्धालाई राज्यले दिने संरक्षणको अतिरिक्त सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने कानूनी व्यवस्था गर्ने ।
- चालू वर्षदेखि शुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई फराकिलो बनाउँदै लैजाने ।
- योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बरसहितको परिचयपत्र उपलब्ध गराउने ।
- सहिद, द्वन्द्वपीडित परिवार र घाइतेलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्ने ।
- गरिबीको मनोविज्ञान हटाई आत्मविश्वास जागृत गर्ने ।
- नेपालमा 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' भन्ने प्रतिबद्धता पालना गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- गरिबसँग विश्वेश्वर कार्यक्रमलाई गरिबी निवारणका अन्य कार्यक्रमसँग समन्वय गरी चरम गरिबी भएका स्थानीय तहमा सञ्चालन गर्ने ।



## उपलब्धि

७० वर्षभन्दाभन्दा माथिका (अनुमानित १३ लाख) ज्येष्ठ नागरिकलाई साविकमा प्रदान गरिएको मासिक भत्ता २ हजारबाट बढाई ३ हजार पुऱ्याइएको छ ।

अति अशक्त, अपांगता भएका, एकल महिला, लोपोन्मुख आदिवासी र जनजाति समेतलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तामा मासिक १ हजार बढाइएको छ ।

यसबाट राज्यको संरक्षण आवश्यक पर्ने करिब ९ लाख व्यक्तिको जीवनयापनमा सहजता आएको छ ।

**लक्ष्य 3**

**मानसिक रोगी, टुहुरा बालबालिका, असहाय, वृद्ध, अपांगता र अटिजम भएका व्यक्तिहरूको सुरक्षा र हेरचाह गर्ने संस्थाहरूलाई निश्चित कार्यविधिका आधारमा अनुदान प्रदान गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामुदायिक एवं गैरसरकारी संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउँदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन हुन प्रोत्साहन गरिने छ।**

## नीति र कार्यक्रम



अपांगता भएका व्यक्तिहरूको लागि रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने।

शारीरिक अपांगता भएका व्यक्तिहरूको स्वास्थ्यका लागि अपांगमैत्री खेल परिसर र सुविधाको प्रबन्ध गर्ने।



अपांगता भएका व्यक्तिको दक्षता र सक्षमता विकास गरी मनोबल बढाउन शिक्षा र तालीमको व्यवस्था गर्ने।



अपांगता भएका व्यक्तिहरूको मनोबल, मर्यादा, सीप र क्षमता बढाउन पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्ने।

बेवारिसे, जोखिमपूर्ण र अव्यवस्थित रूपमा सडकमा जीवन बिताइरहेका असहाय बालबालिका एवं अन्य नागरिकहरूको समेत उद्धार, व्यवस्थापन र पुनःस्थापना गर्ने।



## उपलब्धि

१६४ स्थानीय तहका २०० स्थानमा ज्येष्ठ नागरिक मिलन केन्द्र संचालन गरी ज्येष्ठ नागरिकको दैनिकीलाई सहज बनाइएको छ।

सडक आश्रित मानवरहित अभियान अन्तर्गत काठमाडौं महानगर पालिकासँगको सहकार्यमा काठमाडौंका विभिन्न स्थानहरूबाट २६९ बेसहारा सहयोगापेक्षीहरूको उद्धार तथा पुनर्स्थापना गरिएको छ।

अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सेतो छडी, वैशाखी, ह्विलचियर, कृत्रिम हातखुट्टा, सुन्ने यन्त्र जस्ता सहायक सामग्रीहरू उत्पादनका लागि राष्ट्रिय अपाङ्ग कोष समेतका सातवटा संस्थामार्फत पछिल्लो २ वर्षमा करीब २६०० को संख्यामा सहायक सामग्री उत्पादन गरी वितरण गरिएको छ।

# लक्ष्य ८

**सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ। देशभरका बाल मन्दिरहरूको सुधार गरिनेछ। बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी संस्थाहरूको पुनरावलोकन गरी पुनर्संरचना गरिनेछ।**



## नीति र कार्यक्रम

- संघ, प्रदेश र स्थानीय तहको समन्वयमा सडक बालबालिकाको उद्धार, पुनर्स्थापना र परिवारमा पुनर्मिलन गराउन बाल कल्याण संस्थाहरूसँग मिलेर कार्यक्रम सञ्चालन गर्ने।
- बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि प्रत्येक स्थानीय तहमा सम्बन्धित तहसँगको साझेदारीमा बालउद्यान निर्माण गर्ने।
- असहाय, बेवारिसे, संक्रमित र आश्रयहीन  बालबालिकाहरूलाई संरक्षण र हेरचाह गर्ने।
- सक्षम नागरिक बनाई रोजगारका अवसर उपलब्ध गराउने।
- विद्यालय जाने उमेरका त्यस्ता बालबालिकाहरूलाई आवासीय विद्यालयमा छात्रवृत्तिमा आबद्ध गर्ने।
- विद्यालय जाने उमेर नपुगेका बालबालिकाको हेरचाह गर्न बाल संरक्षण कार्यक्रम सञ्चालन गर्ने।
- बालबालिकालाई संरक्षण गर्दै बाल सुधार गृह र बालगृहको स्थापना र सञ्चालन गर्ने।

## उपलब्धि

बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ नेपालमार्फत हराएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको खोजतलास तथा आपतकालीन उद्धार गरी आवश्यक राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनः एकीकरण र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइएको छ। वर्तमान सरकारको कार्यकालमा काठमाडौं उपत्यकाबाट करिब १ हजार २ सय सडक बालबालिकाहरूको उद्धार गरी पारिवारिक पुनर्मिलन र पुनर्स्थापना गरिएको छ।

# पूर्वाधार क्षेत्र




भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

संचार तथा सूचना प्रविधि मन्त्रालय

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

शहरी विकास मन्त्रालय



# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**बजेट**

रु. १ खर्ब ३४ अर्ब ६४ करोड*

+

रु. १ खर्ब ६३ अर्ब ४८ करोड**

=

कूल

रु. २ खर्ब ९८ अर्ब १२ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)



प्रतिदिन करिब ५.७ किमिका दरले कालोपत्रे सडक निर्माण

नागढुंगा सुरुमार्गको निर्माणसँगै सुरुङमार्ग निर्माणको युगमा प्रवेश

विगत दुई वर्षमा मात्र ३२५ वटा सडकपूल निर्माण भए । चालु वर्षको अहिलेसम्म ४१ वटा सडकपूल निर्माण भइसकेका छन् ।

२०७७ असारभित्र जयनगर-विजलपुरासम्म नेपाल सरकारको आफ्नै रेल संचालन हुने

नेपाल पानीजहाज कार्यालयको स्थापना, छिमेकी मुलुकसँगको जल यातायातको लागि नीतिगत आधार तयार भएको

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**लक्ष्य १**

**आगामी पाँच वर्षमा पूर्व-पश्चिम राजमार्गको समानान्तर तीव्र गतिका विद्युतीय रेल सञ्चालन गरिनेछ। यसै अवधिमा रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी विद्युतीय रेलमार्ग निर्माण गरिनेछ। काठमाडौं र वीरगन्जलाई जोड्ने रेलमार्ग निर्माण कार्य अघि बढाइनेछ।**



## नीति र कार्यक्रम



काठमाडौंलाई भारत र चीन दुवैतर्फ रेलमार्गले जोड्ने वीरगन्ज-काठमाडौं र रसुवागढी-काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी दुई वर्षभित्र निर्माण कार्य सुरु गर्ने।

जयनगर-बिजलपुरा र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आर्थिक वर्षभित्रै रेल सेवा सञ्चालन गर्ने।





बिजलपुरा-बर्दिबास खण्डको रेलमार्ग निर्माण कार्य सम्पन्न गर्ने।

आगामी आर्थिक वर्षमा बर्दिवास-सिमरा र रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माणको डीपीआर तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने।





दीगो र सहज स्थल यातायातका लागि पूर्व-पश्चिम र उत्तर-दक्षिण रेल सञ्जाल विकास गर्ने।





विद्युतीय रेलमार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भइसकेको पूर्वी खण्ड काँकडभित्ताबाट निर्माण कार्य सुरु गरी बाँकी खण्डको विस्तृत सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएपश्चात् मध्य खण्ड र सुदूरपश्चिम खण्डबाट समेत काम सुरु गर्ने।



दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, बुटवल र कोहलपुर जोड्ने रेलवे लाइनको निर्माण कार्य अगाडि बढाउने।


आगामी आर्थिक वर्षमा मेची-महाकाली विद्युत् रेलमार्गको काँकडभिट्टा-बर्दिवास, बुटवल-गड्डाचौकी र मेची-महाकाली-काठमाडौं लिंकमार्गको सम्भाव्यता अध्ययन र डीपीआर तयार गर्ने।

## उपलब्धि

पूर्व-पश्चिम (मेची-महाकाली), काठमाडौं-पोखरा-तराई, काठमाडौं मेट्रो, भारतीय सीमाबाट नेपालका महत्वपूर्ण औद्योगिक तथा व्यापारिक क्षेत्रहरू जोड्ने, चीन (तिब्बत क्षेत्र) बाट काठमाडौं जोड्ने रेल निर्माण कार्यको अध्ययन सम्पन्न गर्नुका साथै जनकपुर-जयनगर रेल सेवाको सुदृढीकरणलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।



२०७७ असारभित्र जयनगर-बिजलपुरासम्म नेपाल सरकारको आफ्नै रेल सञ्चालन हुन्छ।



यस अवधिमा पूर्व-पश्चिम विद्युतीय रेलमार्गको काँकडभिट्टा गड्डाचौकी खण्ड ९ सय ४५ किलोमिटर (१ हजार ५६ किलोमिटर लिंकसहित) विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।



काठमाडौं-वीरगन्ज रेलमार्गको सम्भाव्यता अध्ययन भारत सरकार र केरुङ-काठमाडौं रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन कार्य चीन सरकारको सहयोगमा भइरहेको छ।

सत्यमेव जयते

**लक्ष्य ७**

**आगामी पाँच वर्षमा राजधानी उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिको रेल सञ्चालन गरिनेछ। पहिलो वर्षदेखि सुरु गरेर दोस्रो वर्षमा सम्पन्न हुनेगरी काठमाडौंमा पेट्रोलियम वाहनहरूलाई विद्युतीय वाहनबाट प्रतिस्थापन गरिनेछ।**

## नीति र कार्यक्रम



निजी क्षेत्रको लगानी सहभागितामा काठमाडौं उपत्यकालगायत अन्य मुख्य सहरहरूमा सम्भाव्यता हेरी मेट्रो र मोनोरेल, ट्राम र अत्याधुनिक सार्वजनिक यातायात सञ्चालन गर्ने।

---

काठमाडौं उपत्यकामा केबलकार, मेट्रोरेल तथा मोनोरेल सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य अघि बढाउने।







भित्री, बाहिरी र बृहत् गरी तीनवटा चक्रपथ निर्माण, विस्तार तथा विकास गर्ने।

---

उपत्यकाको विद्यमान सवारी चापलाई व्यवस्थापन गर्न सूर्यविनायक-धुलिखेल खण्डको स्तरोन्नति, तीनकुने-कोटेश्वर-जडीबुटी सुरुङमार्ग, नयाँ बानेश्वरमा अन्डरपास र त्रिपुरेश्वरदेखि माइतीघरसम्म फ्लाई ओभरको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्ने।



---



यातायात क्षेत्रमा नवीकरणीय ऊर्जाको प्रयोग गरी सहरी क्षेत्रको वायु प्रदूषण कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गर्ने।

---

काठमाडौं उपत्यका र सातै प्रदेशका प्रमुख सहर र आसपासका क्षेत्रमा नेपाल सरकार, प्रदेश र स्थानीय तह एवं निजी क्षेत्रसमेतको सहभागितामा विद्युतीय बस सेवा सञ्चालनमा ल्याउने।




---



विद्युतीय सवारी साधनको प्रयोगलाई देशव्यापी बनाउन नेपाल विद्युत् प्राधिकरणबाट पर्याप्त संख्यामा चार्जिङ स्टेसनहरू स्थापना गर्दै लैजाने।

---

तत्काल सहरी क्षेत्रमा सञ्चालन हुने र दीर्घकालमा मुलुकभर विद्युत् प्रविधिबाट सञ्चालन हुने सार्वजनिक यातायातका साधनहरूको उत्पादन, आयात र प्रयोगलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था मिलाउने।



**लक्ष्य ३**

**सार्वजनिक यातायातलाई प्रतिस्पर्धी र व्यवस्थित गरिनेछ। यातायात क्षेत्रमा रहेको सिन्डिकेटको अन्त्यपछि सार्वजनिक परिवहन प्रणालीलाई व्यवस्थित गर्न यातायात प्राधिकरण स्थापना गरिनेछ। यात्रुहरूले सार्वजनिक यातायातका शुल्क तिर्न विद्युतीय कार्डको व्यवस्था गरिनेछ। तोकिएको समयमा यात्रा सुरु गरी तोकिएकै समयमा गन्तव्यमा पुग्ने सुनिश्चित गरिनेछ। ठूला यात्रु क्षमताका सार्वजनिक सवारी साधन सञ्चालनलाई प्रोत्साहित गरिनेछ।**

## नीति र कार्यक्रम



सवारी साधन दर्ता, नवीकरण र सवारीचालक प्रमाणपत्र प्रदेशवाट दिने व्यवस्था मिलाउने।


जीपीएस प्रविधिको प्रयोग गरी सार्वजनिक सवारी साधनहरूको अनलाइन अवस्थिति अनुगमन गर्ने।





सार्वजनिक सवारी साधनको प्रभावकारी व्यवस्थापन गर्न मुलुकका प्रमुख सहरहरूमा सार्वजनिक-निजी साझेदारीमा बहुतले बसपार्क तथा पार्किङस्थल निर्माण कार्य अगाडि बढाउने।

सबै प्रदेश राजधानीमा सवारी साधनको फिटनेस परीक्षण केन्द्र स्थापना गरी सवारी साधनले आवधिक रूपमा फिटनेस परीक्षण गराउनुपर्ने व्यवस्था अनिवार्य गर्ने।






यातायात व्यवस्थाको सुदृढीकरण गर्नका लागि डाटा सेन्टर स्थापना, सवारी साधनमा इम्बोस्ड नम्बरको प्रयोग एवं स्मार्ट कार्ड तयार गर्ने।



राष्ट्रिय राजमार्ग तथा द्रूतमार्गहरूका निश्चित दूरीमा विश्रामस्थलको व्यवस्था गर्ने।

सडक किनारालाई माटोरहित बनाउनुको साथै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरू र ठूला निर्माणस्थलहरूमा स्वचालित प्रविधिबाट सवारी साधन सफा गरी काठमाडौं उपत्यकाका सडकलाई धुलोमुक्त बनाउने।





सम्भाव्यताका आधारमा ठूला राजमार्गको कुनै खण्डको दायाँबायाँ खाली क्षेत्र कायम गरी आपतकालीन हवाई अवतरण गर्न सक्ने व्यवस्था मिलाउने।

## उपलब्धि

सार्वजनिक यातायात सेवा प्रदायकलाई कम्पनीको रूपमा पञ्जिकृत गरी सडक इजाजतपत्र प्रदान गरिएकाले सार्वजनिक यातायात सेवामा एकाधिकारको अन्त्य भई स्वच्छ प्रतिस्पर्धाको अवस्था कायम भएको छ।





**कोशी, गण्डकी र कर्णाली नदीमा आन्तरिक र बाह्य जलमार्गका लागि सम्भाव्यता अध्ययनका साथै कानूनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ। उच्च बाँधयुक्त जलाशयमा जलमार्गको विकास गरिनेछ।**

लक्ष्य

४

## नीति र कार्यक्रम



नेपाल पानीजहाज कार्यालय स्थापना गर्ने।

पानीजहाज सञ्चालनका लागि आवश्यक नीतिगत, कानूनी र अन्य पूर्वाधार तयारी गर्ने।





जलमार्ग र समुद्रमा नेपाली झन्डा भएको पानीजहाज सञ्चालनमा ल्याउने।

जल यातायातलाई मुलुकको आन्तरिक र बाह्य आबद्धता बढाउने सबैभन्दा किफायती यातायातको साधनका रूपमा विकास गर्न आवश्यक नीतिगत, कानूनी र अन्य पूर्वाधार तयारी गर्ने।







नारायणी र कोशी नदीमा जल यातायात पूर्वाधार विकास गर्ने ।


गण्डकी र कर्णाली नदीमा जलमार्ग यातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्ने ।





भारतको गंगा नदीमा विकास गरिएको आन्तरिक जलमार्ग प्रयोग गरी कोलकाताबाट साहेबगन्ज, कालुघाट तथा वाराणसीसम्म जलयान सञ्चालन गर्ने ।

आफ्नै पानीजहाजमा यात्रा गर्ने नेपालीको चाहना छिट्टै पूरा गर्ने ।



## उपलब्धि

नेपाल पानीजहाज कार्यालयको स्थापना भएको छ ।



हालैमात्र नारायणी नदीमा क्रुज सञ्चालनको सफल परीक्षणसमेत भइसकेको छ ।



तेस्रो देशसँग हुने व्यापारको लागत घटाउने सम्भावना भएको कोलकाता-साहेबगन्ज, कोलकाता-कालुघाट, कोलकाता-वाराणसी आन्तरिक जलमार्ग रुट प्रयोगको सहमति भएको छ ।



**मौजुदा तथा निर्माणाधीन सडकमा सुरुङ प्रविधि प्रयोग गरी सडकको दूरी र लागत घटाइनेछ। सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकताअनुसार सडकको रेखांकन परिमार्जन गरिनेछ।**

लक्ष्य
५

## नीति र कार्यक्रम

- उच्च प्रविधिका सुरुङ खन्ने मेसिन, भारी क्षमताको निर्माण उपकरण एवं पूर्वाधार निर्माणमा प्रयोग हुने अन्य उपकरणसम्बन्धी सेवा उपलब्ध गराउन र ठूला आयोजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन एवं निर्माणको समेत काम गर्न निजी क्षेत्रको संलग्नतामा पूर्वाधार निर्माण तथा परामर्श कम्पनी स्थापना गर्ने।
- आगामी वर्ष नागढुंगा-नौबिसे सडक खण्डको सुरुङसहित सडक निर्माण कार्यलाई निरन्तरता दिने।



- सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्डमा सुरुङमार्ग निर्माण सुरु गर्ने।
- टोखा-खहरे-गुर्जुभञ्ज्याङ, सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्ड, अरनिको राजमार्गको कोटेश्वर-जडीबुटी खण्ड, बीपी लोकमार्गको खुर्कोट-चियाबारी, बीपीनगर-खुटिया-दिपायल खण्ड र गणेशमान सिंह मार्गको थानकोट-चित्लाङ खण्डमा सर्भेक्षण गरी सुरुङमार्ग निर्माण प्रारम्भ गर्ने।
- लामाबगर-उत्तरी सीमा सडकमा सुरुङ मार्ग निर्माणको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउने।
- आगामी आर्थिक वर्षमा पृथ्वी राजमार्गको नौबिसे-नागढुंगा खण्डमा सुरुङमार्ग निर्माण कार्य आरम्भ गर्ने।


## उपलब्धि

नागढुंगा सुरुङमार्गको निर्माणसँगै नेपाल सुरुङमार्ग निर्माणको युगमा प्रवेश गरेको छ।



सँगसँगै टोखा-छहरे, बेत्रावती-स्याफ्रुबेसी, थानकोट-चित्लाङ, खुर्कोट-चियाबारी, फेदीखोला-नयाँ पुल (मध्यपहाडी) र सिद्धबाबा सुरुङमार्गको अध्ययन सुरु गरिएको छ।





**प्रत्येक प्रदेशका केन्द्रहरूलाई चारदेखि छ लेनका आधुनिक सडकहरू मार्फत मुख्य राष्ट्रिय राजमार्गसँग आबद्ध गरिनेछ। दुई छिमेकी मुलुकसँगको व्यापार सहजीकरण, लगानी प्रवर्द्धन र पर्यटन विकासका लागि आबद्धता बढाउन हरेक प्रदेशमा कम्तीमा दुई राष्ट्रिय राजमार्ग पुग्नेगरी सडक निर्माण गरिनेछ। आगामी आर्थिक वर्षभित्र हुम्ला र डोल्पा जिल्ला सदरमुकामसम्म सडक पुर्‍याई सबै ७७ जिल्ला सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोडिनेछ।**

## लक्ष्य ६



## नीति र कार्यक्रम

- रणनीतिक महत्वका सडकहरू र आर्थिक केन्द्र जोड्ने सडकहरूको निर्माण तथा स्तरोन्नति कार्यलाई तीव्रता दिने।
- पूर्व-पश्चिम राजमार्गका विभिन्न खण्डहरूको विस्तार चार वर्षभित्र गर्ने।
- पूर्व-पश्चिम राजमार्गसँग सबै प्रदेशका राजधानी जोड्ने सडकलाई सम्भाव्यताका आधारमा चार लेनको बनाउने गरी कोहलपुर-सुर्खेत राजमार्ग र सिद्धार्थ राजमार्गलाई स्तरोन्नति गर्ने।
- राष्ट्रिय महत्वका पूर्व-पश्चिम र उत्तर-दक्षिण सडकहरूलाई राष्ट्रिय रणनीतिक सडक सञ्जालका रूपमा विकास गर्ने।
- पर्यटकीय सम्भाव्य स्थलहरू आसपास निर्माण हुने राजमार्गका पुलहरू कलात्मक बनाउने तथा रणनीतिक सडक पुल निर्माण गर्ने।
- सडक यातायात सञ्जाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आबद्धता तथा क्षेत्रीय सन्तुलनको मुख्य आधार बनाउने गरी पूर्वाधार विकास गर्ने।
- दक्षिणतर्फको सीमा जोड्ने प्रमुख व्यापारिक नाकाहरूलाई पूर्व-पश्चिम राजमार्गसँग जोडी उपभोग्य वस्तुहरूको परिवहनमा सहजता ल्याउन औद्योगिक करिडोर व्यापार विस्तार गर्ने।

- मुलुकको दक्षिणी सीमानासम्म जोडिएका जिल्ला दक्षिणी सीमा नाकादेखि सदरमुकाम हुँदै पूर्व-पश्चिम राजमार्गसम्म जोड्ने सडकहरूलाई मध्य पहाडी पुष्पलाल लोकमार्गसम्म जोड्ने गरी क्रमशः विस्तार गर्ने।
- किमाथान्का-रानी सडक र रसुवागढी-गल्छी-ठोरी सडकको मुख्य कार्य सम्पन्न गर्ने।
- निर्माणाधीन कालीगण्डकी करिडोरलाई उत्तरी नाका कोरालादेखि विस्तार गरी दक्षिणी नाका त्रिवेणीसम्म जोड्ने।
- सेती राजमार्ग (टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट) तथा कर्णाली राजमार्गलाई डोल्पा, मुगु र हुम्ला हुँदै उत्तरी सीमासम्म जोड्ने गरी गमगढी-नाग्मा, सिमिकोट-हिल्सा र दुनै-मरिम्ला पास खण्डको निर्माण एवं स्तरोन्नति गर्ने।

## उपलब्धि

सडक यातायातले नजोडिएको एक मात्र हुम्ला जिल्लाको सदरमुकाम पनि चालू वर्षमै सडक सञ्जालमा जोडिँदै छ।

त्रिदेशीय पारवहनको सम्भावना बोकेका राष्ट्रिय गौरबका कोशी, कालीगण्डकी तथा कर्णाली करिडोरको ट्र्याक निर्माण कार्य यसै आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न गरिनेछ।

पूर्व-पश्चिम राजमार्गलाई उच्च गति तथा क्षमताको चार तथा छ लेनको राजमार्गमा स्तरोन्नति गर्न कार्य प्रारम्भ भएको छ।

नारायणघाट-बुटवल खण्ड १ सय १२ किलोमिटरको निर्माण कार्य प्रारम्भ भएको छ।

कमला-कञ्चनपुर खण्डको ८४ किलोमिटर निर्माण कार्य चालु आर्थिक वर्षमै सुरु गरिनेछ।

**प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्र परेका निर्माणाधीन पुलहरू निर्माण सम्पन्न गरेर प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिनेछ। आगामी वर्ष दुई सय वटा पुल निर्माण सम्पन्न गरिनेछ।**

लक्ष्य

८

## नीति र कार्यक्रम



महाकाली नदीमा निर्माणाधीन चार लेनको मोटरेवल पुल निर्माण कार्यलाई निरन्तरता दिने।

पर्यटकीय सम्भाव्य स्थल, महत्वपूर्ण स्थानहरू आसपास राजमार्गमा १० आधुनिक विशेषप्रकृतिका पुलहरूको विस्तृत अध्ययन सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गर्ने।





प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र परेका निर्माणाधीन पुलहरू निर्माण सम्पन्न गरेर प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने।



## उपलब्धि



गत दुई वर्षमा मात्र ३ सय २५ वटा सडक पुल निर्माण भएका छन्।



चालु वर्षको अहिलेसम्म ४१ वटा सडक पुल निर्माण भइसकेका छन्।



दूधकोशी नदीमा जयरामघाट मोटरेवल सस्पेन्सन पुल, मुग्लिन सिंगल स्पान आर्च पुल जस्ता नयाँ प्रविधिका पुल निर्माण सम्पन्न भएका छन्।



सिसनिया, कमला, रातु र ग्वारखोलाको पुल समय अगावै सम्पन्न भएका छन्।



**लक्ष्य ८**

**चुरे तथा भित्री मधेसका उपत्यकाहरूलाई कृषि, व्यावसायिक, आर्थिक तथा औद्योगिक करिडोरका रूपमा विकास गर्न झापाको शान्तिनगरदेखि डडेलधुराको रूपालसम्मको निर्माणाधीन मदन भण्डारी राजमार्गलाई मेची नगरपालिकाको पाटापुरसम्म विस्तार गरिनेछ। पाँच वर्षभित्र स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकले जोडिनेछ।**

## नीति र कार्यक्रम

- आगामी पाँच वर्षमा पशुपतिनगर, चुलाचुली, दमक, धरान, चतरा, त्रियुगा, कमलामाई, हेटौँडा, भरतपुर, देवघाट, रामपुर, रिडी, सन्धिखर्क, प्यूठान, घोराही, सुर्खेत, बाबियाचौर, सुँगुरखाल, अमरगढी र पूर्णागिरिसम्म समेट्ने गरी भित्री तराई कृषि तथा औद्योगिक करिडोर निर्माण गर्ने।




- दक्षिणी सीमा जोडिएका स्थानीय तह र अन्य भौतिक पूर्वाधारको दृष्टिकोणले पछाडि परेका क्षेत्रहरूमा तराई-मधेस सडक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्ने।




- आगामी १० वर्षभित्र यस अवधिमा ग्रामीण क्षेत्रमा निर्माण गरिएका ८१ हजार किलोमिटर सडकहरूलाई कृषि सडकमा रूपान्तरण गर्ने।



- धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण ठाउँहरू देवघाट, चतरा र रामायण सर्किट अन्तर्गत निर्माणाधीन सडकहरूलाई निरन्तरता दिने।







- गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ सडकलाई दुई लेनको स्तरमा स्तरोन्नति गर्ने र मैलु मैलुङ-स्याफ्रुबेसी सडक खण्डको कालोपत्रे गर्ने।



- बीपी राजमार्गको सुधार तथा विस्तार गर्ने।
- स्वर्ण सगरमाथा बृहत् चक्रपथ र सिमिकोट-हिल्सा सडक निर्माण एवं स्तरोन्नतिको कामलाई अघि बढाउने।
- निर्माणाधीन सुर्खेत-दैलेख-नाग्मा-गमगढी-नाक्चेलाग्ना, जाजरकोट-दुनै डोल्पा-मरिम्ला पास-तिन्जे धो, घोराही-थवाङ-मुसिकोट सहिदमार्ग र डुम्रे-बेसीसहर-चामे सडक निर्माण सम्पन्न गर्ने।
- चतरा-लेगुवा-अरुण करिडोर, कक्रहवा-लुम्बिनी-रामपुर, दाङ-चिसापानी, मालढुंगा-बेनी र खुटिया-दिपायल-चैनपुर-उरै र गमगढी-रारा सडक निर्माण गर्ने।
- सडकहरूलाई सुरक्षित बनाउन आवश्यकतानुसार सडक सुरक्षा पर्खाल, रोड फर्निचर्स र ट्राफिक संकेत राख्ने।
- सडकको अवस्थाको आधारमा अधिकतम गति निर्धारण गरी कडाईका साथ नियमन गर्ने।
- सरकारले निर्माण गर्ने सबै सडक कम्तीमा दुई लेनको हुने।
- ठूला नदी नियन्त्रण र किनारा संरक्षण गरी नदी किनारामा विद्युत प्रसारण लाइन र सडक निर्माण गर्ने।
- सबै सडकमा आवश्यक क्षेत्र अतिक्रमित हुन नदिने।
- हरेक निर्वाचन क्षेत्रमा एक रणनीतिक सडक निर्माण कार्य अगाडि बढाउने।

## उपलब्धि

करिब ३.७५ किलोमिटरका दरले रणनीतिक सडकहरू र करिब ५.७ किलोमिटर प्रतिदिनका दरले यी लगायत अन्य सडकहरूको कालोपत्रे भइरहेको छ।




**लक्ष्य ९**

**आगामी पाँच वर्षमा हुलाकी राजमार्गलाई चार लेनमा स्तरोन्नति गरिनेछ।**

## नीति र कार्यक्रम

- पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति गर्न विस्तृत अध्ययन प्रतिवेदन सम्पन्न गरी निर्माण कार्य थाल्ने।
- पूर्व-पश्चिम राजमार्गलाई डेडिकेटेड चार लेनको सुरक्षित गतियुक्त सडकको रूपमा विस्तार गर्न आगामी वर्ष बुटवल-नारायणगढ खण्ड र कमला-कञ्चनपुर खण्डको निर्माणलाई तीव्रता दिने।
- बाँकी खण्डको विस्तृत सम्भाव्यता अध्ययनको कार्य सम्पन्न गरी पूर्व, मध्य र पश्चिमतर्फबाट निर्माण सुरु गर्ने।
- काठमाडौं-निजगढ द्रूतमार्ग, मध्यपहाडी पुष्पलाल लोकमार्ग र हुलाकी राजमार्ग निर्माण गर्न र राष्ट्रिय राजमार्गहरूलाई एक्सप्रेस हाइवेका रूपमा विकास गर्ने।
- तराईका जिल्लाहरू जोड्ने हुलाकी राजमार्गको ३ सय ५० किलोमिटर कालोपत्रे गर्ने।
- निर्माणाधीन मध्यपहाडी पुष्पलाल लोकमार्गको ४ सय ३५ किलोमिटर कालोपत्रे गर्ने।



## उपलब्धि

राष्ट्रिय गौरवका आयोजनाअन्तर्गतको १ हजार ८ सय ७९ किलोमिटर लामो मध्यपहाडी (पुष्पलाल) लोकमार्ग २०७९/८० मा र १ हजार ७ सय ९२ किलोमिटरको हुलाकी राजमार्गको निर्माण आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गर्ने गरी निर्माण कार्य अघि बढाइएको छ।

# संचार तथा सूचना प्रविधि मन्त्रालय

## बजेट

रु. १ खर्ब ३४ अर्ब ६४ करोड*

\+

रु. १ खर्ब ६३ अर्ब ४८ करोड**

=

कूल

रु. २ खर्ब ९८ अर्ब १२ करोड

## मुख्य प्रगति

BOX OFFICE

सबै चलचित्र घरमा बक्स अफिस प्रणाली लागू

4G

७७ जिल्लामा कूल ६५ लाख ग्राहकसमक्ष उच्च गतिको 4G सेवा विस्तार

४०७ स्थानीय तहका कार्यालयहरू, ३,४२४ वटा वडा कार्यालय, २,३५२ स्वास्थ्य केन्द्र र २,७१८ वटा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार

४ सय २६ स्थानीय तहमा स्थानीय तह कार्यसंचालनसंम्बन्धी मोबाइल एप्स प्रयोगमा

६ हजार ९ सय किलोमिटर दूरीमा अप्टिकल फाइबर जडानको शुरुवात

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**सामाजिक सञ्जाल र अनलाइन मिडियालाई आम जनताको चेतना अभिवृद्धिका निम्ति सदुपयोग गरिनेछ। सबै विद्यालय, प्रशासनिक भवन, सभा भवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवा केन्द्रमा नि:शुल्क इन्टरनेट सुविधा उपलब्ध गराइनेछ। आगामी पाँच वर्षमा देशभरिका महत्वपूर्ण सार्वजनिक स्थलहरूमा वाइफाई सेवा नि:शुल्क गराइनेछ। सबै स्थानीय तहका केन्द्र र तराई–मधेस तथा पहाडी जिल्लाका स्थानीय तहका वडा केन्द्रसम्म दुई वर्षभित्र ब्रोडब्यान्ड इन्टरनेट सुविधा पुऱ्याइनेछ।**

**लक्ष्य १**

## नीति र कार्यक्रम

- सूचना प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने।
- सबै स्थानीय तहसम्म सूचना महामार्ग विस्तार गर्ने।
- सार्वजनिक प्रशासन, व्यावसायिक क्षेत्र, सार्वजनिक एवं निजी सेवा, अभिलेख, तथ्याङ्क र वित्तीय कारोबारलाई विद्युतीय सूचना प्रविधिमा आधारित बनाउने।
- ग्रामीण दूरसञ्चार कोषमा रहेको रकम उपयोग गरी सबै स्थानीय तहसम्म अप्टिकल फाइबर बिछ्याउने कार्यलाई तीव्रताका साथ अघि बढाउने।
- फ्रिक्वेन्सी वितरण प्रणाली व्यवस्थित र पारदर्शी बनाउन राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना र रणनीति तयार गर्ने।
- सबै स्थानीय तहका वडा, स्वास्थ्य केन्द्र तथा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्यान्ड इन्टरनेट विस्तार गर्ने कार्य आगामी वर्षभित्र सम्पन्न गर्ने।
- सम्भाव्य अन्य स्थानमा थप डाटा सेन्टर निर्माण तथा इन्टरनेट एक्सचेन्ज सेन्टर स्थापना गर्ने।
- दूरसञ्चार पूर्वाधारमा रहेको दोहोरो लगानी कम गर्न पूर्वाधार सहप्रयोग गर्ने नीति अवलम्बन गर्ने।

## उपलब्धि


मुलुकभरका ४ सय ७ स्थानीय तहका कार्यालय, ३ हजार ४ सय २४ वटा वडा कार्यालय, २ हजार ३ सय ५२ स्वास्थ्य केन्द्र र २ हजार ७ सय १८ वटा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्यान्ड इन्टरनेट सेवा विस्तार गरिसकिएको छ।

सातै प्रदेशका एकएकवटा नमूना विद्यालयलाई सूचना प्रविधि मैत्री विद्यालय बनाइएको छ।

मुलुकभरका सबै निर्वाचन क्षेत्र समेट्ने गरी १ हजार सामुदायिक विद्यालय छनोट गरी हालसम्म १ सय वटा विद्यालयमा प्रयोगशाला जडान गरिएको छ।

मध्य पहाड़ी लोकमार्ग र पूर्व-पश्चिम राजमार्ग जोड्ने उत्तर दक्षिण मार्ग गरी कूल ६ हजार ९ सय किलोमिटर अप्टिकल फाइबर जडान गर्ने कार्य प्रारम्भ गरिएको छ।

मकवानपुरको हेटौंडामा निर्माणाधीन डाटा रिकभरी सेन्टरको निर्माण यसै वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ।





सर्वसाधारणले डिजिटल माध्यमबाट सरकारी सेवा प्राप्त गर्नसक्ने व्यवस्था गरिनेछ। सरकारी सेवाको सहज जानकारी पाउन सक्ने र आफ्ना गुनासा तथा सुझावहरू सम्बन्धित निकाय र पदाधिकारीसमक्ष सोझै पठाउन सक्ने व्यवस्था गर्न नागरिक अधिकार मोबाइल एप्स प्रयोगमा ल्याइनेछ। सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ।

**लक्ष्य ९**


## नीति र कार्यक्रम

- डिजिटल नेपाल निर्माण गर्न नागरिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक सेवालाई क्रमशः विद्युतीय माध्यमबाट उपलब्ध गराउने प्रणालीको विकास गर्ने।
- आगामी पाँच वर्षभित्र सम्भाव्य सबै नागरिक सेवा र सरकारी आर्थिक कारोबार विद्युतीय माध्यमबाट सम्पन्न गर्न डिजिटल नेपाल फ्रेमवर्कको अवधारणालाई कार्यान्वयनमा ल्याउने।
- सबै प्रकारका अनुगमनमा सूचना प्रविधिको प्रयोग गर्ने।
- सेवाप्रदायक सबै सरकारी निकायहरूलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरी प्रमुख नतिजा र निर्णयको परीक्षण गर्ने।



## उपलब्धि

डिजिटल प्रविधिको प्रयोगलाई उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, सेवा प्रवाहमा सुधार तथा अर्थतन्त्रका वृहत्तर आयामहरूमा रूपान्तरण र आधुनिकीकरणमा प्रयोग गर्न डिजिटल नेपाल फ्रेमवर्क स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।




हालसम्म मुलुकका ४ सय २६ तहले स्थानीय तह कार्य सञ्चालनसम्बन्धी मोबाइल एप्स प्रयोगमा ल्याएका छन्।



मुलुकभर उच्च गतिको भ्वाइससहितको डाटा सेवा विस्तार गर्ने सिलसिलामा मुलुकका सबै जिल्लामा उच्च गतिको 4G सेवा विस्तार गरिएको छ। पछिल्लो एक वर्षको अवधिमा मात्र २२ लाख नयाँ ग्राहक संख्या थप भई कूल ६५ लाख ग्राहकसमक्ष 4G सेवा पुगेको छ।



**‘छायांकनका लागि नेपाल कार्यक्रम’ सञ्चालन गरी सिनेमा पर्यटनको प्रवर्द्धन गरिनेछ। छायांकनका लागि विदेशीहरूको आकर्षण वृद्धि गर्न आवश्यक कदम चालिनेछ।**

लक्ष्य 3



## नीति र कार्यक्रम

- आगामी वर्ष ‘छायांकनका लागि नेपाल कार्यक्रम’ को शुरुवात गर्ने।
- सिनेमा तथा छायांकनका लागि नेपाल आउने विदेशीका लागि आवश्यक पर्ने सम्पूर्ण सेवा एकद्वार प्रणालीमार्फत उपलब्ध हुने व्यवस्था मिलाउने।
- काठमाडौं उपत्यकामा अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण कार्य प्रारम्भ गर्ने।
- सरकारी, निजी र विदेशी साझेदारीमा ‘चलचित्र नगरी’ निर्माण गर्ने कार्यलाई प्रोत्साहित गर्ने।



- चलचित्र व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर, चलचित्र विकास शुल्क लगायतका राजस्व संकलनलाई व्यवस्थित गर्न इलेक्ट्रोनिक टिकेटिङसहित चलचित्र वितरण र प्रदर्शन गर्न बक्स अफिस प्रणाली लागू गर्ने।
- सन्देशमूलक चलचित्रलाई प्रदर्शनीमा लाग्ने करमा सहुलियत दिने।
- श्रमजीवी चलचित्रकर्मीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने।

## उपलब्धि

सबै चलचित्र घरमा बक्स अफिस प्रणाली लागू गरिएको छ।



**लक्ष्य ४**

**आम सञ्चार माध्यमलाई निष्पक्ष, व्यावसायिक, उत्तरदायी र जिम्मेवार उद्योगका रूपमा विकास गरिनेछ। मिडियामा प्रत्यक्ष वा परोक्ष रूपमा विदेशी लगानी निषेध गरिनेछ। सूचनाको हकसम्बन्धी ऐनलाई पूर्ण रूपमा लागू गरिनेछ।**

## नीति र कार्यक्रम

- आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यावसायिक बनाउन कानूनी र संस्थागत व्यवस्थासहितको नियामक निकाय स्थापना गर्ने।
- आमसञ्चार क्षेत्रको गुणस्तरीय एवं सर्वसुलभ पहुँचको लागि आमसञ्चार ऐन तर्जुमा गर्ने।
- रेडियो नेपाल र नेपाल टेलिभिजनको एकीकरण सम्पन्न गरी सार्वजनिक सेवा प्रसारण संस्थाका रूपमा कार्यक्रम सञ्चालन गर्ने।
- सबै प्रदेशमा सञ्चार ग्राम स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## उपलब्धि

पत्रकार कल्याण कोषमा ५ करोड ३४ लाख रकम जम्मा भएको छ।



## लक्ष्य ५

**मातृभाषामा प्रसारण हुने रेडियो तथा मातृभाषामा प्रकाशन हुने पत्रपत्रिकालाई अनुदानको व्यवस्था गरिनेछ। सय वाटसम्मका एफएम/सामुदायिक रेडियो लगायत स्थानीय तहबाट प्रकाशित एवं प्रसारित हुने आमसञ्चार माध्यमको दर्ता, स्थापना, सञ्चालन र नवीकरण स्थानीय तहबाटै गरिनेछ।**



### नीति र कार्यक्रम

- नेपाली पत्रकारितामा गुणस्तरियता, व्यावसायिकता र स्वच्छ अभ्यासलाई प्रोत्साहित गर्ने।
- पत्रकार दुर्घटना बीमा र पत्रकार वृत्ति कोषलाई पत्रकारको हित र कल्याणमा परिचालन गर्ने।
- लोककल्याणकारी विज्ञापनबापत सरकारले प्रदान गर्ने रकममा १५ प्रतिशतले वृद्धि गर्ने।



### उपलब्धि

२०७५ कात्तिक १ गतेदेखि लागू हुनेगरी श्रमजिवी पत्रकारको न्यूनतम पारिश्रमिकमा २५ प्रतिशतले वृद्धि गरिएको छ।



# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## बजेट

रु. ७४ अर्ब ८६ करोड*

\+

रु. ४० अर्ब ९० करोड**

=

कूल

रु. १ खर्ब १५ अर्ब ७७ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

- स्थानीय स्तरको सडक निर्माण तथा मर्मत अन्तर्गत राष्ट्रिय यातायात ग्रामीण सुदृढीकरण कार्यक्रमबाट करिब ८०० किमी सडक कालोपत्रे र २०४ किमी ग्रामीण सडकको ग्राभेल स्तरमा स्तरोन्नति गरिएको
- बागलुङ नगरपालिका वडा नं. १ र कुश्मा नगरपालिका, पाङ जोडिने नेपालकै सबैभन्दा लामो नमूना झोलुङ्गे पुल (५६७ मिटर) चालू आ.व.मा सम्पन्न हुने
- १४३ तुइनहरूमध्ये १२५ वटा तुइन विस्थापन भइसकेका

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

## लक्ष्य १


**एक वर्षभित्रै तुइनहरूलाई झोलुङ्गे पुलद्वारा विस्थापन गरिनेछ।**



### नीति र कार्यक्रम

- तुइन, फड्के र अस्थायी साँघु दुई वर्षभित्र पूर्णरूपमा विस्थापन गरी तीन वर्षभित्र सम्भाव्य सबै ठाउँमा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने।
- मानव विकास सूचकांकमा पछि परेका हिमाली तथा उच्च पहाडी जिल्लामा पूर्वाधार विकास तथा जीवनस्तर सुधारका लागि उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गर्ने।
- तराई-मधेसका मानव विकासको सूचकांकमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहहरूमा सघन रूपमा सामाजिक, आर्थिक रूपान्तरण र भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्न तराई मधेस समृद्धि कार्यक्रम लागु गर्ने।
- साविकको सीमा क्षेत्र विकास कार्यक्रमलाई मधेस समृद्धि कार्यक्रममा आबद्ध गर्ने।





## उपलब्धि

तुइन विस्थापन कार्यक्रमअन्तर्गत सम्भाव्य १ सय ४३ तुइनमध्ये १ सय २५ वटा तुइन विस्थापन भइसकेका छन् ।

बाँकी १८ वटा तुइनमध्ये १७ वटा तुइन आर्थिक वर्ष २०७६/०७७ मा विस्थापन हुनेछन् ।

बागलुङ नगरपालिका वडा नं. १ र कुश्मा नगरपालिका, पाङ जोडिने नमूना झोलुङ्गे पुल निर्माणअन्तर्गत नेपालकै सबैभन्दा लामो झोलुङ्गे पुल (५ सय ६७ मिटर) चालू आर्थिक वर्षमा सम्पन्न हुनेछ ।

**शासकीय व्यवस्थालाई कुशल, पारदर्शी र सेवाग्राही मैत्री तुल्याइनेछ। सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा आमूल परिवर्तन गरी सुशासन कायम गरिनेछ।**

लक्ष्य ७

## नीति र कार्यक्रम

- सार्वजनिक सेवा तथा सुविधा सहज, सरल र सुलभ ढंगबाट उपलब्ध गराउने।
- जवाफदेहिताविहीन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने।
- राज्यका सेवा, सुविधा, प्रविधि, सीप र ज्ञान जनताको घर आँगनमा पुग्ने व्यवस्था मिलाउने।
- कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाउने।
- राष्ट्रिय मानकका आधारमा सार्वजनिक सेवा प्रदान गर्ने कर्मचारीहरूको सेवाको मूल्यांकन गर्ने प्रणालीको विकास गर्ने।
- आगामी वर्षदेखि सार्वजनिक सेवा बडापत्र तयार गरी सेवा प्रवाह गर्न सुरु गर्ने।
- सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने।
- उच्च पदमा कार्यरत कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउने।
- संगठनको कार्यसम्पादन स्तर न्यून हुँदा पनि पदाधिकारीले कार्यसम्पादन मूल्यांकनमा पूर्णांक पाउने स्थितिको अन्त्य गर्ने।
- कर्मचारीको सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाउने।
- योगदानमा आधारित निवृत्तिभरण कोष सञ्चालन गर्न संस्थागत व्यवस्था मिलाउने।
- निवृत्तभरणको दायित्व कम गर्न सबै राष्ट्रसेवकको अवकाश र निवृत्तभरणका लागि उमेरको निर्धारण, सेवाको सर्त तथा सुविधा समेतको अध्ययन गरी सुझाव दिन एक उच्चस्तरीय कार्यदल गठन गर्ने।

- सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको तलब सुविधा पुनरावलोकन गर्न अध्ययन गरी सुझाव दिन एक उच्चस्तरीय तलव आयोग गठन गर्ने।
- सेवाग्राहीसँग विनम्र, सभ्य, सम्मानपूर्ण र भेदभावरहित व्यवहारका लागि अभिप्रेरित नगर्ने सेवा प्रदायकमाथि कारबाही गर्ने।
- आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम नगर्ने, अनुशासनहीन, अनियमितता र भ्रष्टाचारमा संलग्न हुने जोकोहीलाई कडा कारबाही गर्ने।
- राम्रो काम गर्ने पुरस्कृत हुने र काम नगर्ने एवं गैरकानुनी काम गर्ने दण्डित हुने विधिलाई कार्यान्वयनमा ल्याउने।
- राष्ट्रसेवकहरूलाई प्रदान गरिने सेवा सुविधाको पुनरावलोकन गरी उत्प्रेरित गर्ने।
- कर्मचारीको महँगी भत्ता, पोशाक सुविधा र सावधिक जीवन बीमालाई यथावत् राखी सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी बनाउने।
- कर्मचारी सञ्चयकोषबाट कर्मचारी आवास योजना सञ्चालन गर्ने।
- न्यूनतम लागतमा निर्माण गरिने त्यस्ता घरहरू निश्चित मापदण्डका आधारमा लागत मूल्यमा १० प्रतिशत थप गरी सञ्चयकर्तालाई वितरण गर्ने।

## उपलब्धि

सबै राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, शिक्षक तथा प्राध्यापकको सुरु तलबमानमा २०७६ साउन १ देखि लागु हुनेगरी राजपत्र अनंकित श्रेणीका लागि २० प्रतिशत र राजपत्रांकित श्रेणीका लागि १८ प्रतिशतले वृद्धि भएको छ।



२०७५ साउन १ देखि राष्ट्रसेवक कर्मचारीहरूको महँगीभत्ता वृद्धि गरी प्रति महिना २ हजार पुऱ्याइएको छ।



निजामती सेवा, स्वास्थ्य सेवा र सामुदायिक विद्यालयका शिक्षकहरूलाई प्रदान गर्दै आएको पोशाक सुविधामा वृद्धि गरी १० हजार पुऱ्याइएको छ।



निजामती कर्मचारी अस्पतालबाट सेवाग्राहीको सहजताका लागि अनलाइन टिकट प्रणालीको प्रारम्भ भएको छ।



राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमाको बीमाङ्क वृद्धि गरी दुई लाख पुऱ्याइएको छ।



बीमा प्रिमियमको ५० प्रतिशत नेपाल सरकार र ५० प्रतिशत सम्बन्धित कर्मचारीले व्यहोर्ने व्यवस्था मिलाइएको छ।



**संघीयताको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा प्रभावकारिता तथा प्रदेश र स्थानीय तहको अन्तरआबद्धता सुदृढ गर्न चार वर्षभित्र सम्पूर्ण स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकद्वारा प्रदेश राजधानीसँग जोडिनेछ। एउटा निर्वाचन क्षेत्रमा तीन वर्षभित्र सम्पन्न हुनेगरी सडक, खानेपानी, सिंचाइ र नदी नियन्त्रणसम्बन्धी बढीमा पाँच वटा आयोजना सञ्चालन गरिनेछ।**

लक्ष्य 3



## नीति र कार्यक्रम

- प्रदेश र स्थानीय तहलाई सुदृढ, संविधानप्रदत्त अधिकारको अभ्यास गर्न सक्षम र आधारभूत लोकतन्त्रको नमूनाका रूपमा विकास गर्ने।
- प्रदेश र स्थानीय तहलाई आत्मनिर्भर, प्रतिस्पर्धी क्षमताले युक्त, विशिष्ट पहिचानयुक्त बनाउन विशेष योजना कार्यान्वयन गर्ने।
- स्थानीय तहको समेत लागत साझेदारीमा गाउँपालिका तथा नगरपालिका र वडा कार्यालयको प्रशासकीय भवन निर्माण गर्न जिल्ला समन्वय समितिको खातामा हाल निष्क्रिय रहेका विभिन्न कोषहरूलाई उपयोग गर्ने।
- स्थानीय तहसँगको लागत सहभागितामा सबै स्थानीय तहको केन्द्रमा आधुनिक प्रशासकीय भवन, विद्युत, सड़क, पानी, ढल, खेल मैदान, सभाहल र उद्यान लगायतको न्यूनतम पूर्वाधार विकास गर्ने।
- स्थानीय पूर्वाधार निर्माणसम्बन्धी कार्यलाई व्यवस्थित तथा एकरूपता कायम गर्न कानून, नीति, मापदण्ड र कार्यविधिको तर्जुमा, परिमार्जन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय तहबाट कानूनले दिएको अधिकार प्रयोग गरी तत्काल न्यायिक निरूपणका लागि न्यायिक समितिको क्षमता विकास गर्न प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने।

- चालू आर्थिक वर्षबाट सुरु गरिएको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको बजेट वृद्धि गरी प्रत्येक निर्वाचन क्षेत्रमा ६ करोड पुऱ्याउने।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका आयोजना छनोट तथा अनुगमनमा प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका सबै सदस्यहरूको भूमिका रहने गरी कार्यविधि परिमार्जन गर्ने।
- एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा संयुक्त रूपमा आयोजना छनोट गर्न सक्ने व्यवस्था मिलाउने।
- संघ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूको समन्वय र सहजीकरणमा कार्यान्वयन हुनेगरी प्रदेश तथा स्थानीय तह समेतको लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने।
- प्रतिनिधिसभाका प्रत्यक्ष निर्वाचित सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका संघीय संसद र प्रदेश सभाका सदस्यहरू एवं स्थानीय तहका प्रमुखहरू रहेको समितिले आयोजना छनोट तथा अनुगमन गर्ने।

## उपलब्धि

स्थानीय स्तरको सडक निर्माण तथा मर्मतअन्तर्गत राष्ट्रिय यातायात ग्रामीण सुदृढीकरण कार्यक्रमबाट (सन् २०१४-२०१९) करिब ८ सय किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ।



२ सय ४ किलोमिटर ग्रामीण सडकको ग्राभेल स्तरमा स्तरोन्नति भएको छ।



राष्ट्रिय यातायात ग्रामीण सुदृढीकरण कार्यक्रमअन्तर्गत ५० प्रतिशतभन्दा बढी महिला सहभागितामा ४७ जिल्लाका ग्रामीण इलाकामा मर्मत समूहबाट ७ हजार १ सय किलोमिटर सडकको नियमित मर्मतसम्भार भएको छ।



संघीयता कार्यान्वयन तथा सहजीकरणअन्तर्गत स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बाट जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन तथा संघीयता सम्बन्धमा बहस पैरवी कार्यक्रम सञ्चालन गरिएको छ।



**कर्मचारी प्रशासनलाई संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म, संविधानको व्यवस्था र समयको मागअनुसार दक्ष, व्यावसायिक, कुशल, सुविधासम्पन्न तथा जनमुखी बनाइनेछ। सेवाप्रवाहलाई चुस्त, दुरुस्त र स्वच्छ बनाइनेछ।**

लक्ष्य
# ४


## नीति र कार्यक्रम

- उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गर्ने।
- राष्ट्रसेवकहरूमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी सरकारी सेवालाई नयाँ जीवन दिने।
- राष्ट्रसेवकहरूमा कामप्रति तत्पर हुने, सेवाभावसहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्यसंस्कृतिको विकास गर्ने।
- कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीलगायत सबै पदाधिकारीबाट तोकिएकै समयमा काम सुरु गरी सेवा प्रदान गराइने।

## उपलब्धि

सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहअन्तर्गत तीनै तहमा कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेको छ।

कर्मचारी समायोजन ऐनबमोजिम समायोजित स्थानीय तथा प्रदेश तहमा खटिएका कर्मचारीहरूद्वारा सेवा प्रवाह भइरहेको छ।



# शहरी विकास मन्त्रालय

**बजेट**

रु. ४४ अर्ब ५१ करोड*

+

रु. ४२ अर्ब ९५ करोड**

=

कूल

रु. ८७ अर्ब ४६ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

## मुख्य प्रगति

- जनता आवास कार्यक्रम अन्तर्गत ८ हजार आवास इकाईहरू निर्माण
- बञ्चरे डाँडामा आधुनिक प्रविधियुक्त स्यानिटरी ल्याण्डफिल साइट निर्माणको पहिलो चरण चैतमा सकिने
- ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सभाहल चैतसम्ममा निर्माण भइसक्ने, बुटवलमा १ हजार २ सय क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण भइरहेको
- तराई मधेशका २० जिल्ला सदरमुकामहरूमा २ वटा बसपार्क निर्माण
- प्रधानमन्त्री निवास निर्माण शुरु

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

हुलाकी राजमार्गका नयाँ स्थानमा १० वटा, पूर्व-पश्चिम राजमार्गका किनारमा थप १० वटा, भित्री तराई राजमार्गका विभिन्न स्थानमा २० वटा र पुष्पलाल मध्यपहाडी राजमार्गका तोकिएका १० स्थानमा आधुनिक सहर विकास गरिनेछ। मर्स्याङ्दी उपत्यका, इलाम, अरुण उपत्यका, दामन, वालिङ, लुम्बिनी, जुम्ला, डडेल्धुरा, साँफेबगरलगायत स्थानमा आधुनिक नयाँ सहर निर्माण गरिनेछ। सबै सहरका केन्द्रमा स्मार्ट सिटी विकास गरिनेछ। आगामी वर्ष मुलुकभरका १ सय ८५ नगरपालिकामा व्यवस्थित सहर विकास गर्न एकीकृत सहरी पूर्वाधार विकास गुरुयोजना तर्जुमा गरिनेछ।

लक्ष्य
१

## नीति र कार्यक्रम

- आगामी आर्थिक वर्ष सम्भाव्य स्थानमा मेगा सिटी, हरित सहर र स्मार्ट सिटी विकास गर्न आवश्यक पूर्वाधार निर्माण कार्य सुरु गर्ने।
- सबै सहरमा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, यातायात, बैंक, खेलमैदान, पर्याप्त खुला क्षेत्र, पोखरी ताल एवं मनोरञ्जनस्थल लगायतका पूर्वाधार तयार गरी उन्नतस्तरको सुविधा उपलब्ध गराउने।
- ऐतिहासिक एवं सांस्कृतिक महत्वका सहरहरूको पुनरुत्थान कार्यक्रम सञ्चालन गर्ने।
- मुलुकको विकासको स्वरूप सहरी पूर्वाधारबाटै प्रतिविम्बित गर्ने।



- सघन सहरीकरण भइरहेका काठमाडौं उपत्यका, विराटनगर-इटहरी, वीरगन्ज-जितपुर सिमरा, पोखरा उपत्यका, बुटवल-सिद्धार्थनगर, नेपालगन्ज-कोहलपुर तथा धनगढी-अत्तरिया क्षेत्रमा मेगा सिटी विकास गर्न सम्भाव्यता अध्ययन गर्ने।
- स्थानीय तहका सभाहरूले तोकेका स्थानमा स्मार्ट सिटी विकास गर्ने।
- रुकुम पूर्व र नवलपरासी पूर्व जिल्ला सदरमुकामको भौतिक विकास योजना तर्जुमा गरी नमूना सदरमुकामको रूपमा निर्माण गर्ने।
- हुलाकी र मध्यपहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा आधुनिक नयाँ सहरहरूको पूर्वाधार विकास गर्ने।
- सघन सहरी विकास कार्यक्रम सम्बन्धित नगरपालिकाको लागत सहभागितामा अगाडि बढाउने।
- सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेस लगायतका २१ जिल्ला सदरमुकाम सहरको पूर्वाधार विकास र सौन्दर्यीकरणका लागि आयोजना सञ्चालन गर्ने।

## उपलब्धि



तराई मधेसका २० जिल्ला सदरमुकामहरूमा २ वटा बसपार्क, ४ सय २० किलोमिटर कालोपत्रे सडक र ४ सय ११ किलोमिटर ढल निर्माण भएको छ।

**सुरक्षित र एकीकृत बस्ती विकासका लागि उपयुक्त स्थानको खोजी गरी सकेसम्म धेरै परिवार बसोबास गर्न सक्ने सहरको नक्सांकनसहितको विस्तृत परियोजना तयार गरिनेछ। आगामी दुई वर्षभित्र जोखिमयुक्त बस्तीमा रहेका सबैलाई जोखिमरहित स्थानमा सुविधासम्पन्न आवासको व्यवस्था मिलाइनेछ।**

लक्ष्य
७

## नीति र कार्यक्रम

- उपयुक्त आवासको हक सुनिश्चित गर्न जनता आवास, सुरक्षित आवास, वस्ती स्थानान्तरण लगायतका कार्यक्रम अघि बढाउने।
- अति विपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका नागरिकहरूका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने।
- जनता आवास कार्यक्रमअन्तर्गत ३० हजार घर निर्माण गर्ने।
- सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति वाधक, अपायक र असुरक्षित स्थानमा रहेका छिटपुट वस्तीहरूलाई स्थानान्तरण गरी पुनर्वास गराउन पहाडी क्षेत्रमा पनि जनता आवास कार्यक्रम विस्तार गर्ने।

- आगामी आर्थिक वर्ष गरिबीको रेखामुनि रहेका घरपरिवारहरूले सुरक्षित आवासको निर्माण आफैले गर्न चाहेमा प्रतिपरिवार जस्तापाता, सहुलियत दरको काठलगायतका सामग्री खरिदका लागि ५० हजार अनुदान दिने।
- घरबारविहीन दलितका लागि निःशुल्क घर उपलब्ध गराउन जनता आवास कार्यक्रमलाई प्रभावकारी तुल्याउने।
- संघीय सरकार, स्थानीय तह र सम्बन्धित परिवारको सहभागितामा पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- प्रदेश र स्थानीय तहको सहकार्यमा एक पटकका लागि सुकुम्बासीको आवास समस्याको समाधान खोज्ने।
- भूमिहीन तथा प्रकोपका कारण घरवारविहीन भएका परिवार समेतलाई सुरक्षित एवं व्यवस्थित बसोबासको प्रबन्ध गर्ने।
- भौगोलिक रूपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा नजिकको एकीकृत वस्तीमा स्थानान्तरण हुन प्रोत्साहित गर्ने।

## उपलब्धि



जनता आवास कार्यक्रमअन्तर्गत ८ हजार आवास घरहरू निर्माण भएका छन्।

लक्ष्य 3

**काठमाडौं उपत्यकामा यसै वर्ष ३ हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण गरिनेछ। आगामी तीन वर्षभित्र ५ हजार व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्र निर्माण गरिनेछ। सबै प्रदेशका राजधानीहरूमा २ हजार व्यक्ति क्षमताका सम्मेलन केन्द्र निर्माणको प्रारम्भिक कार्य सम्पन्न गरिनेछ।**



## नीति र कार्यक्रम

- आगामी तीन वर्षभित्र सार्वजनिक निजी साझेदारीमा ५ हजार व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्र निर्माण गर्ने।
- धनगढी, सुर्खेत र विराटनगरमा निर्माणाधीन २ हजार व्यक्ति क्षमताका सम्मेलन केन्द्र निर्माण गर्ने।
- जनकपुर, हेटौंडा र पोखरामा सभाहल निर्माणका लागि विस्तृत सम्भाव्यता अध्ययन र बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माण गर्ने।
- साझा यातायात सहकारी संस्थाको ललितपुरस्थित जमिनमा सार्वजनिक-निजी-सहकारी सहभागितामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्न आवश्यक प्रबन्ध मिलाउने।

## उपलब्धि

ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सभाहल आगामी चैतसम्ममा निर्माण भइसक्ने गरी काम भइरहेको छ।

बुटवलमा १ हजार २ सय क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण भइरहेको छ।



**काठमाडौं उपत्यकामा आगामी तीन वर्षभित्र सम्पन्न हुने गरी संघीय संसद् भवन, राजकीय अतिथिगृह, मन्त्री निवास, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको सम्पर्क कार्यालय एवं निवासहरूको निर्माण कार्य सुरु गरिनेछ।**

**लक्ष्य ४**

## नीति र कार्यक्रम

- संघ, प्रदेश र स्थानीय तहमा सहरी पूर्वाधार एवं भवन निर्माणको मापदण्ड लागू गर्ने।
- व्यवस्थित सहर आर्थिक केन्द्र र वस्तीहरूको विकास गरी गाउँ र सहरबीचको अन्तर कम गर्ने।
- सबै प्रदेशका राजधानीमा व्यवस्थित पूर्वाधार विकास गर्न प्रादेशिक संरचनाहरूको गुरुयोजना तयार गरी सम्बन्धित प्रदेशको लागत सहभागितामा आगामी ३ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने।
- सरकार, नगर विकास कोष र निजी क्षेत्र समेतको लागत सहभागिताको आधारमा विभिन्न स्थानीय तहहरूमा सभाहल निर्माण गर्ने।

## उपलब्धि

- प्रधानमन्त्री निवासको निर्माण सुरु गरिएको छ।
- काठमाडौं उपत्यकामा सातै प्रदेशका प्रदेश प्रमुख तथा मुख्यमन्त्रीहरूको लागि आवास तथा सम्पर्क कार्यालय निर्माण प्रक्रिया सुरु भएको छ।
- संघीय संसद् भवन तीन वर्षमा निर्माण गरिसक्ने गरी कार्यारम्भ गरिएको छ।
- पछिल्ला दुई वर्षमा नगर विकास कोषमार्फत २ अर्ब ५४ करोड ९३ लाख परिचालन गरी सहरी पूर्वाधार निर्माण गरिएको छ।

**लक्ष्य ५**

**काठमाडौं उपत्यकालाई धुलोमुक्त बनाउन पैदल मार्गलाई व्यवस्थित गरिनेछ। निर्माण सामग्रीको ढुवानी गर्दा सुरक्षित विधि अपनाउने र विद्युतीय सवारी साधनलाई प्रोत्साहन गरिनेछ। काठमाडौं उपत्यकाभित्र सडक निर्माण गर्दा अनिवार्य रूपमा फुटपाथ निर्माण गर्ने व्यवस्था मिलाइनेछ।**

## नीति र कार्यक्रम

- काठमाडौं उपत्यकाको बसोबासलाई व्यवस्थित गर्न जग्गा एकीकरणको माध्यमबाट नयाँ सहर विकासको विस्तृत परियोजना प्रतिवेदन आगामी आर्थिक वर्षभित्रै तयार गर्ने।
- उपत्यकाभित्रको प्राकृतिक स्रोत, नदी कोरिडोर, सडक, यातायात, फोहरमैला, ढल, सांस्कृतिक सम्पदा र धरोहरहरूको एकीकृत विकास र व्यवस्थापन गर्न बृहत्तर गुरुयोजना तयार गर्ने।
- सरकारी जग्गाहरूको संरक्षण गरी खुल्ला क्षेत्र विकास तथा पार्क निर्माण गर्ने।
- निजी क्षेत्रसँगको सहकार्यमा उपत्यकालगायतका अन्य सहरी क्षेत्रमा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा सहरी सौन्दर्य कायम गर्न स्वच्छ सहर अभियान सञ्चालन गर्ने।
- वागमती सुधार आयोजनालाई निरन्तरता दिने।
- काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेको वागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, इन्द्रमती, मनोहरा, हनुमन्ते, नख्खु खोलालगायतका नदीहरू ढल तथा फोहरमुक्त बनाउने।



## उपलब्धि



काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न बञ्चरे डाँडामा आधुनिक प्रविधियुक्त स्यानिटरी ल्यान्डफिल साइट निर्माणको पहिलो चरण आगामी चैतमा सक्नेगरी काम अगाडि बढेको छ।

काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेका वागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोलालाई ढल र प्रदूषणमुक्त बनाउन ६४ किलोमिटर ढल निर्माण र १६ किलोमिटर सडक निर्माण भइरहेको छ।




काठमाडौंको नारायणहिटीमा गणतन्त्र स्मारक निर्माण भई सर्वसाधारणका लागि खुला गरिएको छ।



# सुशासन तथा अन्तरसम्बन्ध





# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बजेट

रु. ५ अर्ब ३५ करोड*

+

रु. ४ अर्ब ६७ करोड**

=

कूल
रु. १० अर्ब २ करोड

## मुख्य प्रगति

राजस्व प्रशासनमा सदाचार प्रवर्द्धन भई राजस्व संकलनमा सकारात्मक सुधार

भूकम्प अति प्रभावित १४ जिल्लामा क्षति भएका ७ सय ५३ पुरातात्विक सम्पदाहरू मध्ये ३ सय ८७ सम्पदाहरूको पुनर्निर्माण

भूकम्पपछिको पुनर्निर्माणमा उल्लेखनीय प्रगति भई ४ लाख ८२ हजार ३ सय २३ निजी आवास निर्माण

ऐतिहासिक महत्वको धरहरा सातौं तल्ला सम्पन्न भएको र रानीपोखरी पुनर्निर्माण कार्य ५५ प्रतिशत सम्पन्न

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरणतर्फ

रु. १ खर्ब ३८ अर्ब ५८ करोड*

+

रु. १ खर्ब ४१ अर्ब १५ करोड**

=

कूल
रु. २ खर्ब ७९ अर्ब ७३ करोड

*आ.व. ०७५/०७६ **आ.व. २०७६/०७७

लक्ष्य १

**२०७२ को विनाशकारी भूकम्पबाट क्षतिग्रस्त पुनर्निर्माणका अन्य आयोजना तोकिएको समयमै सम्पन्न गर्न निर्माण कार्यलाई थप तीव्रता दिइनेछ।**

## नीति र कार्यक्रम



भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदालगायत सार्वजनिक संरचना पुनर्निर्माणको अधिकांश कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने।

क्षतिग्रस्त खानेपानी तथा सडक आयोजनाहरु आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने।






स्थानीय समुदायको साझेदारीमा भूकम्पबाट क्षति पुगेका सबै विद्यालयको भौतिक संरचना पुनः निर्माण २०७६ भित्र सम्पन्न गर्ने।

यसै वर्ष सुरु गरिएको धरहरा पुनर्निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने।





## उपलब्धि

सरकार गठन हुनुपूर्व ९७ हजार ८ सय १३ निजी आवासको निर्माण सम्पन्न भएकोमा हाल ४ लाख ८२ हजार ३ सय २३ निजी आवास निर्माण सम्पन्न भइसकेको छ।

हालसम्म ७ लाख ६९ हजार ९ सय २६ लाभग्राहीले प्रथम किस्ताबापतको रकम प्राप्त गरिसकेका छन्।

भूकम्पले क्षति पुऱ्याएका ४ सय १५ सरकारी भवनमध्ये २ सय ३ वटाको पुनर्निर्माण सम्पन्न भएकोमा हाल ३ सय ५९ वटाको पुनर्निर्माण सम्पन्न भएको छ।

क्षति भएका ७ हजार ५ सय ५३ विद्यालय भवनमध्ये ३ हजार १ सय वटाको पुनर्निर्माण सम्पन्न भएकोमा हाल ५ हजार ३ सय ८४ वटाको पुनर्निर्माण सम्पन्न भएको छ।

क्षति भएका १ हजार १ सय ९७ स्वास्थ्य भवनमध्ये ५ सय ८३ वटाको पुनर्निर्माण सम्पन्न भएकोमा हाल ६ सय ६५ वटा स्वास्थ्य भवनको पुनर्निर्माण सम्पन्न भएको छ।

भूकम्पबाट अति प्रभावित १४ जिल्लामा क्षति भएका ७ सय ५३ पुरातात्विक सम्पदामध्ये ८० वटाको पुनर्निर्माण सम्पन्न भएकोमा हाल ३ सय ८७ सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ।

क्षति भएका ३ सय ८३ सुरक्षा निकायका भवनमध्ये ४४ वटाको पुनर्निर्माण सम्पन्न भएकोमा हाल २ सय १४ सुरक्षा निकायका भवनको पुनर्निर्माण सम्पन्न भएको छ।

वर्तमान सरकार गठन भएपछि सुरु गरिएको ऐतिहासिक महत्वको धरहरा सातौं तल्ला सम्पन्न भएको र रानीपोखरी पुनर्निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भएको छ।

भूकम्प प्रभावित २९ जिल्लामा ७४८ किलोमिटर सडक पूनर्निर्माणको काम मध्ये १२ किलोमिटर सम्पन्न भएकोमा हाल ४८२ किलोमिटर सम्पन्न भएको र २६६ किलोमिटर निर्माणको क्रममा रहेको छ।

**लक्ष्य ७**

**सबै क्षेत्रमा सदाचार पद्धति अवलम्बन गरिनेछ। भ्रष्टाचार गर्ने र गराउने दुबैलाई दण्डित गरिनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।**



## नीति र कार्यक्रम

- शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई सर्वोपरि प्राथमिकतामा राख्ने।
- राज्यको सम्पत्तिमाथि अनधिकृत दोहन गर्ने प्रवृत्तिप्रति कठोर रूपमा प्रस्तुत हुने।
- सबै सार्वजनिक पदाधिकारीहरूलाई 'म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ, म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु' भन्ने प्रतिबद्धता आत्मसात गरी सेवा प्रवाह गर्न निर्देशित गर्ने।
- भ्रष्टाचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रष्टाचारमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउने।
- जुनसुकै क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई समेत कानूनी दायरामा ल्याउने गरी विद्यमान कानूनमा आवश्यक परिमार्जन गर्ने।
- गलत कार्य रोक्ने, सूचना दिने र साक्षी संरक्षण गर्ने कानून तर्जुमा गर्ने।

## उपलब्धि

विगत २ वर्षमा चुहावटको कसुरमा राष्ट्रसेवक कर्मचारी ११ जनासहित ४ सय ८९ जनालाई प्रतिवादी बनाई १४ अर्ब ४६ करोड ९४ लाख बिगो कायम गरी बिगोको दोब्बर जरिवाना र ३ वर्षसम्म कैद माग दाबी सहित विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

राजस्व छली तथा आर्थिक अपराधका जोखिमयुक्त क्षेत्रमा अनुसन्धानलाई केन्द्रित गरिएबाट राजस्व प्रशासनमा सदाचार प्रवर्द्धन भई राजस्व संकलनमा सकारात्मक सुधार भएको छ।

विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारको कसुरमा ३ सय ६ जनालाई प्रतिवादी बनाई ४ अर्ब ८६ करोड़ ५ लाख बिगो कायम गरी बिगोको तेब्बरसम्म जरिवाना एवं ३ वर्षसम्म कैद माग दावी लिई विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

राजस्व परिचालन र विप्रेषण आय प्राप्तिमा सकारात्मक प्रभाव परेको छ।

चालू आर्थिक वर्षमा राजस्व चुहावटको कसुरमा १ सय ८१ जनाविरुद्ध ५६ वटा मुद्दा दर्ता गरी राजस्व चुहावटको कसुरमा ४ अर्ब ५३ करोड २५ लाख बिगो र बिगोको दोब्बरसम्म जरिवाना एवं ३ वर्षसम्म कैद माग दाबीसहित र विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारमा विभिन्न जिल्ला अदालतमा ८० वटा मुद्दा दर्ता गरी २५ करोड ५ लाखको बिगो माग दाबी लिई १ सय २४ जनाविरुद्ध विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

झुटा नक्कली बिजक जारी गर्ने फर्मको संख्या १ सय ३० देखिएकोमा रु. ६ अर्बभन्दा बढी बिगो कायम गरी ५२ वटा फर्ममा संलग्न ५५ जनामाथि जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

नक्कली बिजक खरिद गर्ने ५७ वटा फर्मको अनुसन्धान सुरु गरी १८ वटा फर्मको अनुसन्धान सम्पन्न गरिएको छ। र, ७२ करोड बिगो कायम गरी मुद्दा दायर गरिसकिएको छ।

हालसम्म झुटा नक्कली बिजक खरिद गर्ने फर्मको संख्या ९ सय ८१ रहेकोमा १ सय ३० फर्मले रु. १२ अर्बभन्दा बढीको झुटा नक्कली विजक खरिद गरेको देखिएको छ।

झुटा नक्कली बिजकसम्बन्धी (मंसिर मसान्तसम्म) विभिन्न फर्मलाई रु. ६ अर्ब ७५ करोडभन्दा बढीको बिगो कायम गरी विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

**सरकार बनेको एक वर्षभित्र भूकम्पपीडित, बाढीपीडित र पहिरो पीडित, घरबारविहीन सबै परिवारलाई घर निर्माणमा सहयोग उपलब्ध गराइनेछ। द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरु तीन वर्षभित्र पुर्ननिर्माण गरिनेछ।**

लक्ष्य

3

## नीति र कार्यक्रम



भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणको बाँकी कार्य आगामी आर्थिक वर्षमा प्राथमिकताका साथ सम्पन्न गर्ने।



छुट भएका वास्तविक लाभग्राहीको पहिचान गरी अनुदान वितरण गर्ने।



बाढी पहिरो, डढेलोलगायत सबै प्रकारका प्राकृतिक प्रकोप पीडितहरुको आवास निर्माण गर्ने।



## उपलब्धि

वर्तमान सरकार गठनपूर्व जोखिमयुक्त वस्तीमा रहेका ४ हजार ८ सय २९ जना लाभग्राहीमध्ये जम्मा ४ जना लाभग्राहीलाई मात्र रु. २ लाख जग्गा खरिद अनुदान तथा जग्गा उपलब्ध गराइएकोमा हाल २ हजार ७ सय ९४ जनाले त्यस्तो रकम तथा जग्गा प्राप्त गरेका छन्।



# गृह मन्त्रालय

**बजेट**

रु. ६१ अर्ब ३ करोड*

+

रु. १ खर्ब ३५ अर्ब ८४ करोड**

=

कूल
रु. १ खर्ब ९६ अर्ब ८७ करोड

World Ineternational Police Index मा नेपाल १२७ मुलुकमध्ये ७० औं स्थानमा

७५३ स्थानीय तहमा नेपाल प्रहरी र ७७ जिल्लामा सशस्त्र प्रहरी बलको विस्तार

अपराध अनुसन्धानमा ७२.७ प्रतिशत सफलता

बाँके र कैलालीमा फरवार्ड लजिष्टिक बेस निर्माण कार्य शुरु

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिक, पर्याप्त स्रोतसाधन सम्पन्न र दक्ष बनाइनेछ। साइबर अपराध र मानव बेचबिखनको बदलिँदो स्वरूपलाई मध्यनजर गरी नेपाल प्रहरी साइबर ब्युरो र मानव बेचविखन ब्युरो स्थापना गरिने छ।**

लक्ष्य
१

## नीति र कार्यक्रम

- निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र सम्पूर्ण सरकारी संयन्त्रमा समयानूकुल सुधार गरी प्रभावकारी बनाउने।
- प्रशासनिक तथा सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालन गरी शान्ति सुरक्षा कायम गर्न अपराध नियन्त्रण गर्ने।
- सबै सुरक्षा निकायलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाउने।
- राष्ट्रिय अनुसन्धान विभागलाई व्यावसायिक इन्टिलिजेन्स संस्थाको रुपमा विकास गर्ने।
- तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली विकास गर्ने।
- अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता वृद्धि गर्ने।

- शान्ति सुरक्षा र अमन चैन कायम गरी जनतामा सुरक्षाको अनुभूति गराई विकास र समृद्धिका लागि अनुकूल वातावरण निर्माण गर्ने।
- सीमा सुरक्षा एवम् सीमापार अपराध र तस्करी नियन्त्रणका लागि सुरक्षा एकाईहरुको भौतिक र प्राविधिक क्षमता विस्तार गर्ने।
- अनियमितता, सरकारी सम्पत्तिको दुरुपयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै आपराधिक कार्यमा संलग्न कुनै पनि व्यक्ति दण्ड सजायबाट उम्किन नपाउने गरी निगरानी, अनुसन्धान र छानबिन कार्यलाई सशक्त बनाउने।

## उपलब्धि



- सुन तस्करीको आपराधिक सञ्जाल तोडिएको छ।
- ७ सय ५३ स्थानीय तहमा नेपाल प्रहरी र ७७ जिल्लामा सशस्त्र प्रहरी बलको विस्तार गरिएको छ।
- नेपाल प्रहरीका १ सय ९ कार्यालय भवन निर्माण गरिएको छ।
- विभिन्न स्थानमा २ हजार ७ सय ८० सीसीटीभी जडान गरिएको छ।
- द्वन्द्वरत पक्षहरूसँग राजनीतिक वार्ता गरी द्वन्द्व न्यूनीकरण गरिएको छ।
- स्वतन्त्र मधेस गठबन्धनलाई राजनीतिक मूलधारमा ल्याइएको छ।
- नेपाली पोर्ट एप्स प्रयोगको थालनीबाट अध्यागमनको स्तरोन्नति गरिएको छ।

**गाउँपालिका र नगरपालिकामा स्थानीय प्रहरीको व्यवस्था गरेर सुरक्षाको प्रत्याभूति गरिनेछ। सामाजिक विभेद, छुवाछुत, अन्धविश्वास, घरेलु हिंसा, दाइजो, तिलक प्रथा, छाउपडी, बोक्सी प्रथाजस्ता कुसंस्कारविरुद्ध सामाजिक अभियान सञ्चालन गरिनेछ। यससम्बन्धी कानुनलाई कडाइका साथ लागू गरिनेछ। लागु औषधविरुद्ध रोकथाम र नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी स्वस्थ, सभ्य र सुरक्षित समाज निर्माण गरिनेछ।**

लक्ष्य
१

## नीति र कार्यक्रम

- संविधान र कानुनविपरीतका कार्यमा संलग्न हुने, शान्ति सुरक्षामा खलल पुऱ्याउने र सामाजिक सद्भाव बिथोल्ने कुनै पनि प्रकारका आपराधिक क्रियाकलापमा संलग्न हुने जोकोहीलाई कानुनी कारबाहीको दायरामा ल्याउने।



- लागु औषध उत्पादन, ओसारपसार, बेचबिखन, दुर्व्यसन र बालबालिकालाई कुलतमा फसाउन दुरुत्साहन गर्ने उपर कडा कारबाही गर्ने।
- मुलुकमा शान्तिसुरक्षाको विश्वसनीय वातावरण निर्माण गर्ने।
- नागरिकको जनधन, मौलिक स्वतन्त्रता र व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने।
- कुनै पनि नागरिकले देशभित्र जुनसुकै स्थानमा जुनसुकै समयमा भयरहित वातावरणमा काम गर्नसक्ने गरी जनतामा सुरक्षाको अनुभूति गराउने।

## उपलब्धि

मुलुकको आन्तरिक शान्ति सुरक्षाको अवस्थामा तत्कालीन र दीर्घकालीन प्रभावका परिणामहरू देखिने क्रममा रहेका छन्। Institute for Economics & Peace (IEP), World Justice Project (WJP), International Police Science Association (IPSA), Asian Development Bank (ADB) जस्ता निकायहरूको अध्ययन प्रतिवेदनहरूले नेपालमा शान्ति सुरक्षाको स्थिति सुधारोन्मुख रहेको देखाएका छन्।

शान्ति सुरक्षाको स्थिति दर्शाउने Global Peace Index / Rule of Law Index का अनुसार नेपालको स्थिति उल्लेखनीय सुधार भएको छ। सन् २०१८ मा नेपाल यी सूचकांकहरूमा कमशः ८८ र ६१ औं स्थानमा रहेकामा सन् २०१९ मा क्रमशः ७६ र ५९ औं स्थानमा रहन सफल भएको छ।

नेपाल यीमध्ये Global Peace Index मा सार्क मुलुकहरूमा तेस्रो र Rule of Law Index मा दोस्रो स्थानमा छ। यसैगरी, World International Police Index मा नेपाल १२७ मुलुकहरूमध्ये ७० औं स्थानमा रहेको छ।

प्रहरीको भौतिक उपस्थिति दर १३.२५ प्रतिशतले वृद्धि गरी भयरहित वातावरण सुनिश्चत गरिएको छ।

अपराध अनुसन्धानमा ७२.७ प्रतिशत सफलता प्राप्त भएको छ।

**कारागारहरुको सुरक्षा व्यवस्थालाई सुदृढ गर्न प्रविधिमैत्री उपायहरुको अवलम्बन गरिनेछ। विद्यमान भौतिक पूर्वाधारहरुको निर्माण र सुधार गरिनेछ।**

## लक्ष्य 3



## नीति र कार्यक्रम

- मुलुकका विभिन्न जिल्लामा अवस्थित कारागारहरुमा क्षमताभन्दा बढी कैदीहरु भएको अवस्थालाई ध्यानमा राखी कारागारहरुको विद्यमान भौतिक पूर्वाधारको निर्माण र सुधार गर्ने।



- कैदी बन्दीहरुको श्रम र सीपलाई उत्पादनशील र विकास कार्यहरुमा उपयोग गराउने।
- कारागारहरूमा रहेका कैदीहरूलाई प्रदान गरिने दैनिक जीवन निर्वाह खर्च साविक ४५ रुपैयाँबाट बढाई ६० रुपैयाँ पुऱ्याउने।
- कैदीका छोराछोरीहरूले पाउँदै आएको दूध वापतको रकम १० बाट बढाई ३५ रुपैयाँ पुऱ्याउने।



## उपलब्धि

- शहरी विकास तथा भवन निर्माण विभागमार्फत १५ कारागारको निर्माण क्रमागत रूपमा चालू रहेको छ।
- केन्द्रीय कारागार नुवाकोटमा १ हजार ५ सय क्षमताको ब्लक निर्माण सुचारु रहेको छ।
- बाँकेको नौवस्तामा कारागार निर्माण भइरहेको छ।
- खुला कारागार संचालनको लागि प्रशासनिक र सुरक्षा भवनको निर्माण भइरहेको छ।
- कैदी बन्दीहरूलाई श्रममा लगाउने सम्बन्धी निर्देशिका, खुला कारागार सम्बन्धी निर्देशिका तयार भएको छ।
- नीति कार्यक्रम अनुसार कैदीहरूको जीवन निर्वाह खर्च रु ४५ बाट रु ६० पुर्‍याइएको छ।
- कैदीहरूका छोराछोरीले पाउँदै आएको दूध वापतको रकम वृद्धि गरी रु. ३५ कायम गरिएको छ।
- कारागारहरूमा CCTV जडान गरिएको छ। दुई वटा कारागारमा E-attendance तथा नौ वटा कारागारमा जिल्ला अदालतसँग Video Conference मार्फत सेवा संचालन गर्ने उपकरण जडान गर्ने काम भएको छ।

लक्ष्य ४

**द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको बाँकी प्रक्रिया दुई वर्षभित्र सम्पन्न गरिनेछ।**

## नीति र कार्यक्रम

- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगलाई स्रोत साधन सम्पन्न बनाई संक्रमणकालीन न्याय अन्तर्गतका बाँकी कार्यहरू समयमै पूरा गर्ने।
- संक्रमणकालीन न्यायको मान्यताका आधारमा सत्यनिरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता व्यक्तिसम्बन्धी आयोगका कामलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक वातावरण मिलाउने।





## उपलब्धि

मृतकका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ अनुसार बाँकी रकम निकासाका लागि अर्थ मन्त्रालयमा माग गरिएको छ।

बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ अनुसार बाँकी रकम निकासाका लागि अर्थ मन्त्रालयमा माग गरिएको छ।

द्वन्द्वका बिस्थापित व्यक्तिहरूलाई प्रतिव्यक्ति २५ हजार पुऱ्याउनेगरी वितरण गर्न आवश्यक रकम अर्थ मन्त्रालयमा निकासा माग गरिएको छ।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ अनुसार द्वन्द्वका क्रममा अपहरणमा परेका व्यक्तिहरूलाई प्रति व्यक्ति २५ हजार उपलब्ध गराउने गरी वितरण गर्न आवश्यक रकम अर्थ मन्त्रालयमा निकासा माग गरिएको छ।

घाइते, अपाङ्ग प्रतिशत पुनरावलोकनको कार्य भइरहेको छ।

१८ वर्ष नपुगेसम्म आमा बुबा गुमाएका टुहुरा बालबालिकालाई मासिक रु. ५ हजारका दरले रकम 'आमा बुबा गुमाएका बालबालिका पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०६८' बमोजिम उपलब्ध गराउँदै आएको छ।

**भूकम्पीय जोखिमबाट बचाउन सुरक्षा निकायहरु रहेको स्थानलगायत हरेक १५ किलोमिटरको दूरीमा भूकम्पीय पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याइनेछ। हिमपात, शीतलहर, बाढीपहिरो डुबान तथा आगलागी लगायतका विपद्को अवस्थामा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ।**

**लक्ष्य ५**

## नीति र कार्यक्रम



- विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा सबै संयन्त्रहरू तयारी अवस्थामा राखी परिचालन गर्ने।
- विगत लामो समयदेखि पुनर्स्थापित हुन नसकेका विपद् प्रभावितहरुलाई पुनर्स्थापना गर्ने कार्यलाई तीब्रता दिने।
- विकास प्रक्रियामा विपद जोखिम संवेदनशीलतालाई मूलप्रवाहीकरण गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धि गर्न स्थानीयकरण तथा क्षमता अभिवृद्धि, सार्वजनिक तथा निजी लगानी र साझेदारी तथा सहकार्य वृद्धि गर्ने।
- सुरक्षा निकायहरू रहेको स्थान लगायत अन्य सम्भावित स्थानमा विपद्को पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याउने।
- विपदको समयमा स्रोतको अभाव हुन नदिन त्यस्तो अवस्थामा तत्कालै निकासा गर्ने।
- सबै प्रदेशमा आपतकालीन सामग्री भण्डार केन्द्र स्थापना गर्ने।
- विपद जोखिमको विविधिकरण गरी सूचना प्रविधिको प्रयोग मार्फत पूर्व सतर्कता अपनाउने र प्रभावितहरुलाई सामाजिक संरक्षण र बीमामा आवद्ध गर्ने।

## उपलब्धि

विपद्का समयमा तत्काल मानवीय सहायता उपलब्ध गराउन बाँके र कैलालीमा फरवार्ड लजिस्टिक बेस निर्माण सुरु गरिएको छ।

# रक्षा मन्त्रालय

## बजेट

रु. ५० अर्ब ६२ करोड*

+

रु. ५० अर्ब ३३ करोड**

=

कूल
रु. १ खर्ब ९५ करोड

## मुख्य प्रगति

- राष्ट्रिय सुरक्षा नीति, २०७५को कार्यान्वयन
- जाजरकोट–डोल्पा सडक (११७.७ किमी)को ट्रयाक खोल्ने कार्य सम्पन्न
- २०७५ चैत १७ गतेको आँधी प्रभावित बारा र पर्सा जिल्लामा ८६९ घरहरू निर्माण गरी हस्तान्तरण
- विष्फोटक पदार्थमा आत्मनिर्भर हुने योजना अनुरुप मकवानपुर सूनाचुरीमा वार्षिक २,४०० मेट्रिक टन क्षमताको Emulsion Plant निर्माण
- काठमाडौं–तराई/मधेस द्रूतमार्ग सडक निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना, सामाजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुनेगरी राष्ट्रिय सुरक्षा नीतिको विकास गरिनेछ। नेपाली सेनालाई साधन स्रोत सम्पन्न, थप आधुनिक र अझ दक्ष बनाइनेछ।**

**लक्ष्य १**

## नीति र कार्यक्रम

- राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरी राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ बनाउने।
- राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न राष्ट्रिय सुरक्षा विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाउने।
- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्था मिलाउने।
- मुलुकमा शान्ति सुरक्षाको विश्वसनीय वातावरण निर्माण गर्ने।
- नागरिकको जनधन, मौलिक स्वतन्त्रता र व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने।



- कुनै पनि नागरिकले देशभित्र जुनसुकै स्थानमा जुनसुकै समयमा भयरहित वातावरणमा काम गर्नसक्ने सुरक्षाको अनुभूति गराउने।
- मुलुकमा प्रभावकारी शान्ति सुरक्षा र अमनचैन कायम गरी जनतामा सुरक्षाको अनुभूति गराई विकास र समृद्धिका लागि अनुकूल वातावरण निर्माण गर्ने।
- नेपाली सेनाको क्षमता अभिवृद्धि गरी आधुनिक र व्यावसायिक बनाउने।
- नेपाली सेनाको बंकरदेखि ब्यारेक कार्यक्रमलाई निरन्तरता दिने।
- ऐतिहासिक गढीहरुको संरक्षण र सम्वर्द्धन गर्ने।

## उपलब्धि

राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनमा आएको छ।

नेपाल एकीकरणसँग जोडिएका ऐतिहासिक गढी र किल्लाहरूको संरक्षण गर्ने कार्य सुरु गरिएको छ।



लक्ष्य ३

**आगामी चार वर्षभित्र काठमाडौं-निजगढ द्रूतमार्ग निर्माण कार्य सम्पन्न गरिनेछ। उत्तर-दक्षिण लोकमार्गअन्तर्गत कालिगण्डकी करिडोरको जोमसोम-कोरला खण्डलाई बाह्रै महिना सवारी साधन सञ्चालन हुनेगरी स्तरोन्नति गरिनेछ। कोशी र कर्णाली करिडोरका सबै खण्डको ट्रयाक खोल्ने कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ।**

## नीति र कार्यक्रम

- काठमाडौं-निजगढ द्रूतमार्ग निर्माण कार्यलाई तीब्रता दिने।
- मेची करिडोर, कोशी करिडोर, कालीगण्डकी करिडोर र कर्णाली करिडोरको निर्माणलाई तीब्रता दिने।
- डोल्पा जिल्ला सदरमुकाममा यसै वर्ष सडक पुऱ्याउने।
- आगामी आर्थिक वर्षभित्र हुम्ला सदरमुकामसम्म सडक पुऱ्याई सबै जिल्ला सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने।

## उपलब्धि

- काठमाडौं-तराई/मधेस द्रूतमार्ग सडक निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भई Asian Highway Primary class मापदण्ड अनुसारको ७२.५ किलोमिटर लामो एक्सप्रेस वे निर्माण कार्य सुरु गरिएको छ।
- जाजरकोट-डोल्पा सडक (११७.७ किलोमिटर) को ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ।
- सार्वजनिक निर्माणका लागि आवश्यक बिष्फोटक पदार्थमा आत्मनिर्भर हुने योजनाअनुरूप मकवानपुर सुनाचुरीमा वार्षिक २ हजार ४ सय मेट्रिक टन क्षमताको Emulsion Plant निर्माण सम्पन्न गरी उत्पादन सुरु गरिएको छ।
- २०७५ चैत १७ गते राति आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका ८६९ घरहरूको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरिएको छ।

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बजेट

रु. ५१ करोड*

+

रु. ५२ करोड**

=

कूल

रु. १ अर्ब ३ करोड

(प्रदेश र स्थानीय तहलाई दिईएको सशर्त अनुदान समेत)

२०१ वटा कानून संशोधन तथा ५५ वटा ऐन संसदबाट पारित भई जारी

मौलिक हकहरूको कार्यान्वयनका लागि १६ कानूनहरूको कार्यान्वयन

मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन जारी भई कार्यान्वयन

प्रदेश तथा स्थानीय तहका लागि विभिन्न १८ नमूना कानून निर्माण गरी पठाइएको

## मुख्य प्रगति

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको मान्यतालाई अवलम्बन गरिनेछ। स्वतन्त्र र मर्यादित न्यायपालिकाको विकास तथा न्याय सेवालाई सहज, स्वच्छ, छरितो र जनमुखी बनाउन आवश्यक कानुनी, संरचनागत र प्रशासनिक व्यवस्था गरिनेछ।**

लक्ष्य
१

## नीति र कार्यक्रम




- राज्यप्रणालीका सबै संयन्त्र, स्रोतसाधन र सामर्थ्य संविधान कार्यान्वयनतर्फ परिलक्षित गर्ने।
- न्यायप्रणाली स्वतन्त्र, सक्षम र पारदर्शी बनाउने।
- छिटोछरितो र निष्पक्ष न्यायमा जनताको पहुँच सुनिश्चित गर्न न्यायालयहरुको क्षमता वृद्धि गर्ने।
- न्याय सेवामा समयानुकूल सुधार गर्ने।
- कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संरचना, स्रोत तथा साधनको व्यवस्था मिलाउने।
- न्याय प्रशासनलाई सरल, मितव्ययी र प्रभावकारी बनाउने।
- मौलिक हक, संघीयता कार्यान्वयन, विकास निर्माण, लगानी प्रवर्द्धन तथा सुशासन लगायतका क्षेत्रमा आवश्यक पर्ने कानून निर्माण र सुधार गर्ने।

- न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना र महान्यायाधिवक्ता कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन गर्ने।
- संविधानप्रदत्त जिम्मेवारी पूरा गर्न संवैधानिक निकायहरूलाई सक्षम बनाउने।
- नेपाल सरकारका तर्फबाट गरिने कानूनी प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयको क्षमता बृद्धि गर्ने।
- अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने।

## उपलब्धि

दुई वर्षको अवधिमा ५५ वटा नया ऐन संसद्बाट पारित भई जारी भएका छन् भने त्यति नै संख्यामा विधेयकहरू तयार भई छलफलको क्रममा छन्। संविधान अनुकूल बनाउन विद्यमान ऐनहरूमध्ये २०१ वटा ऐन संशोधन गरिएको छ।



संघीयता कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहका लागि विभिन्न १८ वटा नमूना कानून निर्माण गरी पठाइएको छ।

**सामाजिक जीवनका सबै क्षेत्रमा लोकतान्त्रिक मूल्य र प्रणालीको प्रवर्द्धन गरिनेछ। विधिको शासन सुदृढ तुल्याइनेछ।**

लक्ष्य
१



## नीति र कार्यक्रम

- संविधानले तोकेको समयसीमाभित्र नागरिकका मौलिक हकको कार्यान्वयन गर्न आवश्यक पर्ने कानून तर्जुमा गर्ने।
- संविधान कार्यान्वयनका लागि तिनै तहको साझा सूचीमा रहेका तथा अन्य विषयमा आवश्यक कानूनको तर्जुमालाई तीव्रता दिने।
- घरघरमा मानव अधिकार कार्यक्रमलाई जनस्तरमा कार्यान्वयनमा ल्याउने।

## उपलब्धि

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकसम्बन्धी १६ वटा कानून कार्यान्वयनमा आएका छन्।

संहिताकृत कानून बनाउने विक्रम संवत् २०१२ देखिको प्रयासले मूर्तरूप पाई मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन जारी भई कार्यान्वयनमा ल्याइएको छ।

# परराष्ट्र मन्त्रालय

## बजेट

रु. ४ अर्ब ७० करोड*

+

रु. ६ अर्ब १२ करोड**

=

कूल

रु. १० अर्ब ८२ करोड

## मुख्य प्रगति

- Connectivity का क्षेत्रमा नयाँ युगको सुरुवात भएको
- बिमस्टेकको चौथो शिखर सम्मेलन नेपालमा सफलतापूर्वक सम्पन्न गरेको
- पछिल्लो दुईवर्षमा १२ मुलुकसँग कूटनीतिक सम्बन्ध र १५ मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना
- विशिष्ट पहिचान र भूराजनीतिक महत्वका कारण नेपालसँग सम्बन्ध विस्तार र सुदृढ गर्न अन्तर्राष्ट्रिय जगतको अभिरुचीमा बृद्धि भएको
- नेपालको अन्तर्राष्ट्रिय सीमाको विषय उच्च प्राथमिकतामा भएको

*आ.व. २०७५/०७६ **आ.व. २०७६/०७७

**राष्ट्रिय हित, स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्दै छिमेकी एवं सबै मित्रराष्ट्रसँग संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशील र असंलग्नताको सिद्धान्तअनुरुप सुमधुर सम्बन्ध कायम गरिनेछ।**

लक्ष्य
१

## नीति र कार्यक्रम

- नेपालको परराष्ट्र नीतिलाई राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित बनाउने।
- स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय सुरक्षा कायम गर्दै अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय प्रतिष्ठा अभिवृद्धि गर्ने।
- छिमेकी मित्रराष्ट्र, विकास साझेदारहरु, श्रम गन्तव्य मुलुकलगायत अन्य सबै मित्रराष्ट्रसँगको सम्बन्धलाई थप सुदृढ गर्दै राष्ट्रिय हित अनुकूल बनाउने।
- नेपालको वैदेशिक नीति पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व एवं राष्ट्रिय हित र न्यायमा आधारित बनाउने।
- नेपाली नियोगहरुलाई राष्ट्रिय हित, पर्यटन विकास, निर्यात र लगानी प्रबर्द्धनका लागि क्रियाशील बनाउने।
- नियोगहरुको आवश्यकता, औचित्य र प्रभावकारिताको पुनरावलोकन गर्ने।



## उपलब्धि

छिमेकी मित्र राष्ट्र, शक्ति राष्ट्र तथा समग्र अन्तर्राष्ट्रिय समुदायको नेपालप्रतिको चासो, विश्वास र आकर्षण बढेको छ।

दुई वर्षयता १२ मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना भई नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको संख्या १ सय ६८ पुगेको छ।

थप १५ मुलुकसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना भएका छन्।

परराष्ट्र नीतिको एकीकृत दस्तावेज तयार गर्ने र त्यसका आधारमा देशगत रणनीति तयार गरिँदै छ।



**लक्ष्य १**

**निर्यात लगानी र पर्यटन प्रबर्द्धन एवं प्रविधिमा पहुँच सहज बनाउने गरी आर्थिक कूटनीति सञ्चालन गरिनेछ। नेपालको हित प्रबर्द्धनमा योगदान पुग्नेगरी उच्चस्तरका श्रमणलाई उपयोग गरिनेछ। नेपाल सदस्य भएका क्षेत्रीय मञ्चहरुलाई अझ प्रभावकारी बनाउन जोड दिइनेछ। संयुक्त राष्ट्रसंघ तथा मानवअधिकार परिषद् र शान्ति निर्माण आयोग लगायत अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरुमा नेपालको प्रतिनिधित्व र भूमिकालाई थप सशक्त बनाइनेछ। विश्वकै लागि अनुकरणीय रहेको नेपालको शान्ति प्रक्रियाका मौलिक अनुभवहरुलाई अर्न्तराष्ट्रियस्तरमा आदानप्रदान गरिनेछ।**

## नीति र कार्यक्रम

- नेपालको आर्थिक कूटनीतिलाई देशगत र क्षेत्रगत लक्ष्य तोकी परिचालन गर्ने।
- विकास सहायता, व्यापार, लगानी, श्रम र पर्यटन प्रबर्द्धनमा अन्तर्राष्ट्रिय सहयोग बढाउनेगरी आर्थिक कूटनीति सञ्चालन गर्ने।
- राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी सरोकार र चासोका विषयहरुमा सघन छलफल गरी साझा दृष्टिकोण बनाउन अन्तर्राष्ट्रियस्तरको सगरमाथा संवाद आयोजना गर्ने।
- नेपाल सदस्य भएका क्षेत्रीय मञ्चहरुलाई अझ प्रभावकारी बनाउन जोड दिने।
- विश्वकै लागि अनुकरणीय रहेको नेपालको मौलिक शान्ति प्रक्रियाका अनुभवहरूलाई अन्तर्राष्ट्रियस्तरमा आदानप्रदान गर्ने।
- संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरुमा नेपालको उपस्थितिलाई थप प्रभावकारी बनाउने।
- संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यको हैसियतमा नेपालले प्रभावकारी, निष्पक्ष र रचनात्मक भूमिका निर्वाह गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने।



## उपलब्धि

विशिष्ट पहिचान र भूराजनीतिक महत्वको कारण नेपालसँग सम्बन्ध विस्तार र सुदृढ गर्न अन्तर्राष्ट्रिय जगत्को अभिरूचि बढेको छ।

नेपालका प्रधानमन्त्रीको तहबाट दुई दशकपछि भएको बेलायत र फ्रान्सको भ्रमण तथा परराष्ट्रमन्त्रीको तहबाट १७ वर्षपछि अमेरिका र १४ वर्षपछि भएको रुसको भ्रमणले नेपालको कूटनीतिक दायरा विस्तार भएको छ।

चीनका राष्ट्रपतिको तहबाट २३ वर्षपछि र भारतका प्रधानमन्त्रीको एउटै कार्यकालमा भएको चार पटक नेपाल भ्रमणले छिमेकी मित्रराष्ट्रबीच हाम्रो उपस्थिति खँदिलो बन्दै गएको छ।

बाह्य जगत्मा नेपालको सकारात्मक छवि, प्रतिष्ठा एवं विश्वसनीयता अभिवृद्धि भएको छ।

यसअघि एसिया सोसाइटीबाहेक अन्य विश्वस्तरीय मञ्चहरूमा नेपालको उपस्थिति नरहने गरेकोमा दुई वर्षयता नेपालका प्रधानमन्त्रीबाट डाभोस फोरम, एसिया सोसाइटी, अक्सफोर्ड युनियन, हो चि मिन्ह राष्ट्रिय राजनीतिक प्रतिष्ठान, संयुक्त राष्ट्रसंघीय शान्ति विश्वविद्यालय जस्ता विश्वप्रसिद्ध विचार मञ्चहरूमा सम्बोधन भएको छ।

नेपाल आफैँले विश्वस्तरीय सगरमाथा संवाद मञ्चको सुरुआत गरी Climate Change, Mountain and the Future of Humanity शीर्षकमा २०७६ चैत महिनामा पहिलो संस्करण काठमाडौँमा सञ्चालन गर्ने तयारी गरेको छ।

नेपालले शान्ति प्रक्रियामा प्राप्त गरेको उपलब्धिलाई समेटी तयार गरिएको Peace Narrative संयुक्त राष्ट्र संघको महासभाबाट पारित गराउने प्रतिबद्धता गरिएको छ।

नेपाल पहिलोपटक मानवअधिकार परिषदमा सदस्यको रूपमा एसिया प्रशान्त क्षेत्रमा सबैभन्दा बढी मत ल्याई निर्वाचित भएको छ।

बिमस्टेकको चौथो शिखर सम्मेलन नेपालमा सफलतापूर्वक सम्पन्न गरिएको छ।

**लक्ष्य 3**

**भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरुप प्रतिस्थापन गरिनेछ। सीमा समस्याको समाधान र सीमा–नाकाहरुको व्यवस्थापनका लागि कूटनीतिक पहल गरिनेछ।**



## कार्यक्रम र उपलब्धि

- नेपालको अन्तर्राष्ट्रिय सीमाको विषयलाई उच्च प्राथमिकतामा राखिएको छ।
- नेपाल-चीन र नेपाल-भारत सीमा निरीक्षणका लागि आन्तरिक समितिहरू गठन भई क्रियाशील भएका छन्।
- भारत सरकारले २ नोभेम्बर २०१९ मा नेपाली भूभाग आफ्नोमा पारी प्रकाशित गरेको नयाँ राजनीतिक नक्सा सुगौली सन्धिको धारा ५ को विरुद्धमा रहेकाले त्यसमा नेपाल सरकारको असहमति व्यक्त गर्दै उक्त नक्सा तुरुन्त सच्याउन मिति २०७६ मंसिर ४ मा भारत सरकारलाई पत्राचार गरिएको छ।
- दक्षिणी सीमा सुरक्षा एकाईको औसत दूरी १८ किलोमिटरबाट घटाई ८ किलोमिटरमा झार्ने लक्ष्यअनुरुप थप १ सय १४ सीमा सुरक्षा चौकी स्थापनाको कार्य अगाडि बढेको छ।



**राहदानी सेवालाई थप प्रभावकारी बनाइनेछ। विदेशी नागरिकलाई आगमनमा दिइने प्रवेशाज्ञा अनलाइन माध्यमबाट उपलब्ध गराइनेछ। गैरआवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय सञ्जाल, ज्ञान, सीप, पूँजी र प्रविधिलाई नेपालको आर्थिक-सामाजिक विकासमा उपयोग गर्न आकर्षित गरिनेछ। विदेशस्थित नेपाली नियोगहरूको पुनरावलोकन गरी प्रभावकारी नभएका नियोगहरू खारेज गरिनेछ।**

**लक्ष्य**
**४**




## कार्यक्रम र उपलब्धि

संसारभर छरिएर रहेका गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र पूँजी परिचालन गर्न पहिलोपटक गैरआवासीय नेपालीहरुसँगको सहकार्यमा Knowledge Conference आयोजना गर्नुका साथै Brain Gain Center को स्थापना गरिएको छ।



राहदानी विभाग ISO Certification पाउने पहिलो सरकारी निकाय भएको छ।




कन्सुलर सेवा विभागले आधा घण्टाभित्र सेवा प्रदान गर्दै आएको छ।





# केही प्रमुख विश्व सूचक तथा सूचकांकमा नेपाल




आमरूपमा 'देशमा केही हुन नसकेको' गुनासो व्याप्त रहे पनि विश्वस्तरीय प्रतिवेदनहरूले पछिल्ला वर्षहरूमा नेपालले आर्थिक र सामाजिक विकासको क्षेत्रमा उल्लेख्य सुधार गरेको देखाएका छन्।

संयुक्त राष्ट्रसंघ, विश्व बैंक लगायत अन्य अन्तर्राष्ट्रिय संघ-संस्था र निकायहरूले सन् २०१९ र २०२० मा प्रकाशन गरेका प्रतिवेदनहरूमार्फत नेपालले क्रमशः सुधार गरिरहेको निचोडसहितका आँकडा बाहिर ल्याएका छन्।

नेपालमा व्यवसाय गर्ने वातावरणमा सुधार भएको, शिक्षा, स्वास्थ्य एवं रोजगारीको क्षेत्रमा सकारात्मक परिवर्तन भएको, अपराधका घटनामा कमी आई सामाजिक सुरक्षाको वातावरण निर्माण हुँदै गएको लगायतका तथ्य ती प्रतिवेदनहरूमा समेटिएका छन्।




## १ व्यवसायसम्बन्धी सूचकांक

विश्व बैंकको व्यवसायसम्बन्धी सूचकांक (इज अफ डुइङ बिजनेश इण्डेक्स) ले नेपालको व्यावसायिक वातावरणमा उल्लेख्य सुधार भएको देखाएको छ। गत वर्ष ११० औं स्थानमा रहेको नेपाल यो वर्ष ९४औं स्थानमा उक्लेको छ। विश्व बैंकले गत ७ कात्तिकमा प्रकाशन गरेको 'डुइङ बिजनेश इन्डेक्स' प्रतिवेदनले नेपालमा एकीकृत भन्सार स्थापना हुनु, उद्योग दर्तामा एकल बिन्दु सेवा लागू हुनु, भूमि प्रशासनमा सुधार आउनु जस्ता कारणले नेपालमा व्यवसाय गर्न सजिलो हुँदै गएको उल्लेख गरेको छ।

TABLE 0.1 Ease of doing business ranking

| Rank | Economy | DB score | Rank | Economy | DB score |
|---|---|---|---|---|---|
| 1 | New Zealand | 86.8 | 65 | Puerto Rico (U.S.) | 70.1 |
| 2 | Singapore | 86.2 | 66 | Brunei Darussalam | 70.1 |
| 3 | Hong Kong SAR, China | 85.3 | 67 | Colombia | 70.1 |
| 4 | Denmark | 85.3 | 68 | Oman | 70.0 |
| 5 | Korea, Rep. | 84.0 | 69 | Uzbekistan | 69.9 |
| 6 | United States | 84.0 | 70 | Vietnam | 69.8 |
| 7 | Georgia | 83.7 | 71 | Jamaica | 69.7 |
| 8 | United Kingdom | 83.5 | 72 | Luxembourg | 69.6 |
| 9 | Norway | 82.6 | 73 | Indonesia | 69.6 |
| 10 | Sweden | 82.0 | 74 | Costa Rica | 69.2 |
| 11 | Lithuania | 81.6 | 75 | Jordan | 69.0 |
| 12 | Malaysia | 81.5 | 76 | Peru | 68.7 |
| 13 | Mauritius | 81.5 | 77 | Qatar | 68.7 |
| 14 | Australia | 81.2 | 78 | Tunisia | 68.7 |
| 15 | Taiwan, China | 80.9 | 79 | Greece | 68.4 |
| 16 | United Arab Emirates | 80.9 | 80 | Kyrgyz Republic | 67.8 |
| | | 80.7 | 81 | Mongolia | 67.8 |
| | | 80.6 | 82 | Albania | 67.7 |
| | | 80.3 | 83 | Kuwait | 67.4 |
| | | 80.2 | 84 | South Africa | 67.0 |
| | | 80.1 | 85 | Zambia | 66.9 |
| | | 79.7 | 86 | Panama | 66.6 |
| | | 79.6 | 87 | Botswana | 66.2 |
| | | 79.6 | 88 | Malta | 66.1 |
| | | 79.6 | 89 | Bhutan | 66.0 |
| | | 79.0 | 90 | Bosnia and Herzegovina | 65.4 |
| | | 78.7 | 91 | El Salvador | 65.3 |
| | | 78.2 | 92 | San Marino | 64.2 |
| | | 78.0 | 93 | St. Lucia | 63.7 |
| | | 77.9 | 94 | Nepal | 63.2 |
| | | 77.9 | 95 | Philippines | 62.8 |
| | | 76.8 | 96 | Guatemala | 62.6 |
| | | 76.8 | 97 | Togo | 62.3 |
| | | 76.7 | 98 | Samoa | 62.1 |
| | | 76.7 | 99 | Sri Lanka | 61.8 |
| | | 76.6 | 100 | Seychelles | 61.7 |
| | | 76.5 | 101 | Uruguay | 61.5 |
| | | 76.5 | 102 | Fiji | 61.5 |



## १ मानव विकास सूचकांक


संयुक्त राष्ट्र संघको मानव विकास प्रतिवेदनको मानव विकास सूचकांक (एचडीआइ) ले नेपाल १४९ औं स्थानबाट १४७ औं स्थानमा उक्लिएको देखाएको छ। गत वर्ष मानव विकास सूचकांक ०.५७४ थियो। यस वर्ष नेपालको यस्तो सूचकांक ०.५७९ छ। यहीकारण नेपाल प्रतिवेदनमा दुई स्थान माथि उक्लिन सफल भएको हो।

नेपालले सन् १९९० देखि २०१८ बीचको अवधिमा एचडीआईमा औसत बार्षिक ०.५२ प्रतिशतले सुधार गर्दै आएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार दक्षिण एसियाको एचडीआईमा नेपालभन्दा श्रीलंका, भारत, भुटान र वंगलादेश अगाडि छन्। दक्षिण एसियाली मुलुकमध्ये भारत १२९ औं, भुटान १३४ औं, बंगलादेश १३५ औं र पाकिस्तान १५२ औं स्थानमा छन्।

प्रतिवेदनअनुसार, नेपालमा शिक्षा, स्वास्थ्य एवं रोजगारीको क्षेत्रमा भएको सकारात्मक प्रयासले पछिल्लो २८ वर्षमा नेपालको कूल राष्ट्रिय आय १३०.५ प्रतिशतले वृद्धि भएको उल्लेख छ।

### Key to HDI countries and ranks, 2018

| | | | |
|---|---|---|---|
| Côte d'Ivoire | 165 | Maldives | 104 |
| Croatia | 46 | Mali | 184 |
| Cuba | 72 | Malta | 28 |
| Cyprus | 31 | Marshall Islands | 117 |
| | 26 | Mauritania | 161 |
| | 11 | Mauritius | 66 |
| | 171 | Mexico | 76 |
| | 98 | Micronesia (Federated States of) | 135 |
| | 89 | Moldova (Republic of) | 107 |
| | 85 | Monaco | .. |
| | 116 | Mongolia | 92 |
| | 124 | Montenegro | 52 |
| | 144 | Morocco | 121 |
| | 182 | Mozambique | 180 |
| | 30 | Myanmar | 145 |
| | 138 | Namibia | 130 |
| | 173 | Nauru | .. |
| | 98 | Nepal | 147 |
| | 12 | Netherlands | 10 |
| | 26 | New Zealand | 14 |
| | 115 | Nicaragua | 126 |
| | 174 | Niger | 189 |
| | 70 | Nigeria | 158 |
| | 4 | North Macedonia | 82 |



3


## विश्व भोकमरी सूचकांक




विश्व भोकमरी सूचकांक (ग्लोबल हङ्गर इण्डेक्स- आईएफ पीआरआई) मा नेपाल ७३औं स्थानमा छ। यो सूचकले नेपाल खाद्य असुरक्षा र अभावको स्थितिमा नरहेको देखाउँछ। ग्लोबल हङ्गर इण्डेक्समा नेपालले २०.८ सूचाकांक पाएको छ। सन् २०१७ मा नेपाल यस्तो सूचकांकमा ७२औं स्थानमा थियो।

११७ देश सम्मिलित सूचीमा नेपाल छिमेकी राष्ट्र भारतभन्दा धेरै अगाडि छ। भारत यो सूचीमा १०२औं स्थानमा छ। पाकिस्तान ९४ र बंगलादेश ८८औं स्थानमा छन्।

कुपोषित बालबालिकाको संख्या, बाल मृत्युदर, बच्चाको लम्बाइअनुसार तौललगायतका विषयलाई समेटेर ग्लोबल हङ्गर इण्डेक्स तयार गरिन्छ।



## ४ शान्ति सूचक

शान्ति सूचक अर्थात् ग्लोबल पिस इण्डेक्समा नेपालले १२ बिन्दुले सुधार गरेर मध्यम् सुरक्षा भएको मुलुकमा पहिलो स्थान ओगटेको छ। सन् २०१९ को जून पहिलो साता प्रकाशित रिपोर्टअनुसार अध्ययनमा समेटिएका १६३ देशमध्ये नेपाल २.०००३ अंक प्राप्त गरी ७६ औं स्थानमा छ। बंगलादेश १०१, चीन ११०, भारत १४१ र पाकिस्तान १५३ स्थानमा छन्।

नेपालमा भयावह र पेशेवर अपराधका घटना कम हुँदै गएकाले नेपालको शान्ति सूचकमा सुधार आएको हो। तर, सामाजिक र पारिवारिक अपराधका घटनामा भने कमी आउन सकेको छैन।

अर्थशास्त्र र शान्तिका लागि संस्थान (ईआईपी)ले सन् २००८ देखि हरेक वर्ष विश्वका विभिन्न मुलुकहरूका हिंसाको तथ्याङ्क र स्थिति, शान्ति सुरक्षाको लागि गरिएको प्रयास आदिको विश्लेषण गरेर शान्ति सुरक्षा सूचकांक मापन गर्ने गर्छ। प्रतिवेदनअनुसार, यूरोपियन मुलुक आइसल्याण्ड संसारकै उच्च शान्ति सुरक्षा भएको मुलुकमा सूचीकृत भएको छ।



## ५ विधिको शासन

विधिको शासन अर्थात् 'रूल अफ ल' को सूचकअनुसार नेपाल दक्षिण एसियामा सबभन्दा राम्रो कानूनी राज्य भएको देशमा पर्छ। विश्वका १२६ देशमध्ये नेपाल ५९औं स्थानमा रहेको छ। वर्ल्ड जस्टिस प्रोजेक्टले प्रकाशन गर्ने रूल अफ ल इण्डेक्स २०१९ मा अफगानिस्तान १२३, बङ्गलादेश ११२, भारत ६८, पाकिस्तान ११७ र श्रीलङ्का ६३औं स्थानमा छन्।


अध्ययनमा विश्वभरका एक लाख २० हजार घरधुरी र तीन हजार ८०० विज्ञहरूलाई समावेश गरिएको थियो। मुख्य आठवटा सूचाकांकलाई आधार मानेर विधिको शासन मापन गरिन्छ। यसमा सरकारी शक्तिमा अवरोध, भ्रष्टाचारको कमी, खुला सरकार, मौलिक अधिकार, नागरिक न्याय, अपराधबाट न्याय लगायतका सूचक मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने वर्ल्ड जस्टिस प्रोजेक्टले बताएको छ।

### Overview of Scores & Rankings

The table below shows the overall scores and rankings of the *WJP Rule of Law Index 2019* in alphabetical order. Scores range from 0 to 1, with 1 indicating the strongest adherence to the rule of law.

| Country/Jurisdiction | Score* | Score Change* | Global Rank | Global Rank Change† |
|---|---|---|---|---|
| Chile | 0.68 | 0.01 | 25 | ▲2 |
| China | 0.49 | -0.01 | 82 | ▼2 |
| Colombia | 0.50 | -0.01 | 80 | ▼3 |
| Congo, Dem. Rep. | 0.33 | | 124 | |
| Costa Rica | 0.69 | 0.00 | 24 | 0 |
| Cote d'Ivoire | 0.46 | -0.01 | 93 | ▼4 |
| Croatia | 0.61 | 0.00 | 42 | ▼4 |
| Czech Republic | 0.73 | -0.01 | 19 | ▼2 |
| Denmark | 0.90 | 0.01 | 1 | 0 |
| Dominica | 0.59 | -0.01 | 45 | ▼1 |
| Dominican Republic | 0.46 | 0.00 | 95 | 0 |
| Ecuador | 0.48 | 0.01 | 87 | ▲3 |
| Egypt | 0.36 | 0.00 | 121 | 0 |
| El Salvador | 0.48 | 0.00 | 84 | 0 |
| Estonia | 0.81 | 0.01 | 10 | ▲2 |
| Ethiopia | 0.39 | 0.01 | 118 | 0 |
| Finland | 0.87 | 0.00 | 3 | 0 |
| France | 0.73 | 0.00 | 17 | ▲1 |
| Georgia | 0.61 | 0.00 | 41 | 0 |
| Germany | 0.84 | 0.00 | 6 | 0 |
| Ghana | 0.58 | -0.01 | 48 | ▼2 |
| Greece | 0.62 | 0.01 | 36 | ▲4 |
| Grenada | 0.60 | -0.01 | 43 | ▼4 |
| Guatemala | 0.46 | 0.02 | 96 | ▲5 |
| Guinea | 0.44 | | 105 | |
| Guyana | 0.50 | 0.00 | 75 | ▲2 |
| Honduras | 0.40 | 0.00 | 115 | ▼1 |
| Hong Kong SAR, China | 0.77 | 0.00 | 16 | 0 |
| Hungary | 0.53 | -0.01 | 57 | ▼4 |
| India | 0.51 | -0.01 | 68 | ▼3 |

| Country/Jurisdiction | Score* | Score Change* | Global Rank | Global Rank Change† |
|---|---|---|---|---|
| Nepal | 0.53 | 0.00 | 59 | ▲2 |
| Netherlands | 0.84 | -0.01 | 5 | 0 |
| New Zealand | 0.82 | 0.00 | 8 | ▼1 |
| Nicaragua | 0.40 | -0.03 | 114 | ▼4 |
| Niger | 0.44 | | 104 | |
| Nigeria | 0.43 | 0.00 | 106 | 0 |



## ६ भ्रष्टाचार नियन्त्रण र पारदर्शिता

भ्रष्टाचार नियन्त्रण र पारदर्शितासम्बन्धी सूचाकांक (करप्सन पर्सेप्सन इण्डेक्स) मा नेपाल ११ औं स्थान माथि उक्लिएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको करप्सन पर्सेप्सन इन्डेक्स (सीपीआई) २०१९ को प्रतिवेदनमा नेपाल भ्रष्टाचारसम्बन्धी विश्वव्यापी सूचकांकको ११३ औं स्थानमा छ। अघिल्लो वर्ष नेपाल १२४ औं स्थानमा थियो।

नेपालले सन् २०१८ मा ३१ अंक पाएको थियो। यस वर्ष नेपालले तीन अंक बढी पाएर कूल ३४ अंक बनाएको छ। भ्रष्टाचार अवधारणा सूचकांकमा १०० अंकले अति स्वच्छ र शून्यले अति भ्रष्टाचारलाई जनाउँछ।


प्रतिवेदनमा समावेश गरिएका १८० देशमध्ये सबभन्दा कम ९ अंक प्राप्त गरी सोमालिया सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सूचीकृत भएको छ। डेनमार्कले सबैभन्दा बढी ८९ अंक प्राप्त गरेर सबैभन्दा कम भ्रष्टाचार हुनेमध्ये पहिलो देश भएको छ।

खासगरी नेपाली सेनामा शुरू भएको भ्रष्टाचारविरोधी एक्सनले भ्रष्टाचारमा न्यूनरूपमा नै भए पनि सुधार आएको रिपोर्टले उल्लेख गरेको छ। अख्तियारको छानविनको दायराबाट बाहिर रहेर पनि नेपाली सेनाको उच्च ओहोदामा रहेकाहरूले व्यक्तिगत सम्पत्ति सार्वजनिक गर्ने तथा जनशक्ति भर्ना गर्ने क्रममा हुने गरेका आर्थिक अनियमितता रोकिएकाले रिपोर्टमा केही सुधार देखिएको हो।

| | | |
|---|---|---|
| 39 | Serbia | 91 |
| 39 | Turkey | 91 |
| 38 | Ecuador | 93 |
| 38 | Sri Lanka | 93 |
| 38 | Timor-Leste | 93 |
| 37 | Colombia | 96 |
| 37 | Ethiopia | 96 |
| 37 | Gambia | 96 |
| 37 | Tanzania | 96 |
| 37 | Vietnam | 96 |
| 36 | Bosnia and Herzegovina | 101 |
| 36 | Kosovo | 101 |
| 36 | Panama | 101 |
| 36 | Peru | 101 |
| 36 | Thailand | 101 |
| 35 | Albania | 106 |
| 35 | Algeria | 106 |
| 35 | Brazil | 106 |
| 35 | Cote d'Ivoire | 106 |
| 35 | Egypt | 106 |
| 35 | North Macedonia | 106 |

| | | |
|---|---|---|
| 34 | Kazakhstan | 113 |
| 34 | Nepal | 113 |
| 34 | Philippines | 113 |
| 34 | Eswatini | 113 |
| 34 | Zambia | 113 |
| 33 | Sierra Leone | 119 |
| 32 | Moldova | 120 |
| 32 | Niger | 120 |
| 32 | Pakistan | 120 |
| 31 | Bolivia | 123 |
| 31 | Gabon | 123 |
| 31 | Malawi | 123 |
| 30 | Azerbaijan | 126 |
| 30 | Djibouti | 126 |
| 30 | Kyrgyzstan | 126 |
| 30 | Ukraine | 126 |
| 29 | Guinea | 130 |
| 29 | Laos | 130 |
| 29 | Maldives | 130 |
| 29 | Mali | 130 |
| 29 | Mexico | 130 |

| | |
|---|---|
| 28 | Dominican Republic |
| 28 | Kenya |
| 28 | Lebanon |
| 28 | Liberia |
| 28 | Mauritania |
| 28 | Papua New Guinea |
| 28 | Paraguay |
| 28 | Russia |
| 28 | Uganda |
| 26 | Angola |
| 26 | Bangladesh |
| 26 | Guatemala |
| 26 | Honduras |
| 26 | Iran |
| 26 | Mozambique |
| 26 | Nigeria |
| 25 | Cameroon |
| 25 | Central African Republic |
| 25 | Comoros |



## ७ खुशी मापन सूचक

विश्वव्यापी खुशी मापन सूचक (वर्ल्ड ह्याप्पिनेस इण्डेक्स) मा नेपाल तीन तहमाथि उक्लिएको छ। सन् २०१९ मा प्रकाशन भएको प्रतिवेदन अनुसार नेपाल खुशी मापन सूचकांकमा १००औं स्थानमा छ। सन् २०१८ मा नेपाल १०१औं स्थानमा थियो। नेपालको खुशी सूचाकांक ४.९१३ छ। गत वर्ष नेपालको यस्तो सूचाकांक ४.८८ थियो।





Table 2.2: Happiness League Tables (continued)

| Country (region) | Ladder | SD of ladder | Positive affect | Negative affect | Social support | Freedom | Corruption | Generosity | Log of GDP per capita | Healthy life expectancy |
|---|---|---|---|---|---|---|---|---|---|---|
| South Asia | | | | | | | | | | |
| Pakistan | 67 | 53 | 130 | 111 | 130 | 114 | 55 | 58 | 110 | 114 |
| Bhutan | 95 | 6 | 37 | 98 | 68 | 59 | 25 | 13 | 95 | 104 |
| Nepal | 100 | 128 | 137 | 134 | 87 | 67 | 65 | 46 | 127 | 95 |
| Bangladesh | 125 | 52 | 145 | 68 | 126 | 27 | 36 | 107 | 119 | 90 |
| Sri Lanka | 130 | 91 | 32 | 81 | 80 | 55 | 111 | 35 | 79 | 54 |
| India | 140 | 41 | 93 | 115 | 142 | 41 | 73 | 65 | 103 | 105 |
| Afghanistan | 154 | 25 | 152 | 133 | 151 | 155 | 136 | 137 | 134 | 139 |

८ **राष्ट्रको आर्थिक-सामाजिक कार्यसम्पादन र संस्थागत मूल्याङ्कनसम्बन्धी विश्व सूचक (कण्ट्री परफर्मेन्स एण्ड इन्स्टिच्यूसनल एसिसिमेण्ट)** मा नेपाल एक तह ९३.४ बाट ३.५० अघि बढेको छ। यसका कारण विश्व बैंकबाट नेपालले बढी सहायता पाउने हैसियत राख्ने भएको छ।

९ **विश्व प्रतिस्पर्धासम्बन्धी सूचक (ग्लोबल कम्पिटेटिभ इण्डेक्स)** मा नेपाल १०९ औं स्थानबाट एक स्थान तल (१०८ औं) आएको छ। वर्ल्ड इकोनोमिक फोरमले सार्वजनिक गरेको रिपोर्ट अनुसार नेपाल ५१.६ अङ्क प्राप्त गरी एक स्थान अघि बढ्न सफल भएको हो।

## The Global Competitiveness Index 4.0 2019 Rankings

| Rank | Economy | Score[1] | Diff. from 2018[2] Rank | Diff. from 2018[2] Score |
|---|---|---|---|---|
| 48 | Mexico | 64.9 | –2 | +0.3 |
| 49 | Bulgaria | 64.9 | +2 | +1.3 |
| 50 | Indonesia | 64.6 | –5 | –0.3 |
| 51 | Romania | 64.4 | +1 | +0.9 |
| 52 | Mauritius | 64.3 | –3 | +0.5 |
| 53 | Oman | 63.6 | –6 | –0.8 |
| 54 | Uruguay | 63.5 | –1 | +0.8 |
| 55 | Kazakhstan | 62.9 | +4 | +1.1 |
| 56 | Brunei Darussalam | 62.8 | +6 | +1.3 |
| | | 62.7 | +3 | +1.1 |
| | | | +11 | +2.7 |
| | | | –2 | +0.5 |
| | | | +7 | +1.7 |
| | | | — | +0.5 |
| | | | –7 | –0.1 |
| | | | +5 | +1.8 |
| | | | –8 | –0.3 |
| | | | –2 | +0.4 |
| | | | –2 | +0.6 |
| | | | +10 | +3.5 |
| | | | –10 | –0.7 |
| | | | +1 | +1.4 |
| | | | +3 | +1.6 |
| 95 | Kenya | 54.1 | –2 | +0.5 |
| 96 | Kyrgyz Republic | 54.0 | +1 | +1.0 |
| 97 | Paraguay | 53.6 | –2 | +0.3 |
| 98 | Guatemala | 53.5 | –2 | +0.2 |
| 99 | Iran, Islamic Rep. | 53.0 | –10 | –1.9 |
| 100 | Rwanda | 52.8 | +8 | +1.9 |
| 101 | Honduras | 52.7 | — | +0.2 |
| 102 | Mongolia | 52.6 | –3 | –0.1 |
| 103 | El Salvador | 52.6 | –5 | –0.2 |
| 104 | Tajikistan | 52.4 | –2 | +0.2 |
| 105 | Bangladesh | 52.1 | –2 | — |
| 106 | Cambodia | 52.1 | +4 | +1.9 |
| 107 | Bolivia | 51.8 | –2 | +0.4 |
| 108 | Nepal | 51.6 | +1 | +0.8 |
| 109 | Nicaragua | 51.5 | –5 | — |
| 110 | Pakistan | 51.4 | –3 | +0.3 |
| 111 | Ghana | 51.2 | –5 | –0.1 |
| 112 | Cape Verde | 50.8 | –1 | +0.6 |
| 113 | Lao PDR | 50.1 | –1 | +0.8 |
| 114 | Senegal | 49.7 | –1 | +0.7 |
| 115 | Uganda | 48.9 | +2 | +2.1 |
| 116 | Nigeria | 48.3 | –1 | +0.8 |
| 117 | Tanzania | 48.2 | –1 | +1.0 |



## १० लैङ्गिक समानताको विश्व सूचक

लैङ्गिक समानताको विश्व सूचक (ग्लोबल जेण्डर ग्याप इण्डेक्स) मा नेपाल १०१औं स्थानमा छ। वर्ल्ड इकोनोमिक फोरमले प्रकाशन गरेको प्रतिवेदनअनुसार गत वर्ष नेपालको जेण्डर ग्याप इण्डेक्स ०.६७ बाट सुधार भएर ०.६८ पुगेको छ। राजनीतिक प्रतिनिधित्वमा लैङ्गिक सुधार भएको, आर्थिक क्षेत्रमा लैङ्गिक समानता बढेको प्रतिवेदनमा उल्लेख छ।


लैङ्गिक समानताको विश्व सूचकमा नेपाल चीन ९१०६०, श्रीलङ्का ९१०२० र भारत ९११२० भन्दा अगाडि छ। बङ्गलादेश भने ५०औं स्थानमा रहेको छ।

**The Global Gender Gap Index 2020 rankings**

| Rank | Country | Score | Rank change | Score change | |
|---|---|---|---|---|---|
| | | 0–1 | 2018 | 2018 | 2006 |
| | h Republic | 0.706 | 4 | +0.014 | +0.035 |
| | olia | 0.706 | –21 | -0.007 | +0.024 |
| | vador | 0.706 | 7 | +0.016 | +0.022 |
| | an Federation | 0.706 | –6 | +0.004 | +0.029 |
| | ia | 0.705 | 35 | +0.049 | +0.111 |
| | ni | 0.703 | –3 | +0.009 | +0.043 |
| | e | 0.701 | –6 | +0.004 | +0.047 |
| | sia | 0.700 | – | +0.010 | +0.046 |
| | can Republic | 0.700 | –12 | -0.001 | +0.036 |
| | m | 0.700 | –10 | +0.001 | n/a |
| 88 | Lesotho | 0.695 | –7 | +0.001 | +0.014 |
| 89 | Cambodia | 0.694 | 4 | +0.011 | +0.065 |
| 90 | Malta | 0.693 | 1 | +0.008 | +0.042 |
| 91 | Cyprus | 0.692 | 1 | +0.008 | +0.049 |
| 92 | Brazil | 0.691 | 3 | +0.010 | +0.037 |
| 93 | Kyrgyz Republic | 0.689 | –7 | -0.002 | +0.014 |
| 94 | Azerbaijan | 0.687 | 3 | +0.007 | n/a |
| 95 | Brunei Darussalam | 0.686 | –5 | +0.001 | n/a |
| 96 | Cameroon | 0.686 | –39 | -0.028 | +0.099 |
| 97 | Liberia | 0.685 | –1 | +0.004 | n/a |
| 98 | Armenia | 0.684 | – | +0.006 | n/a |
| 99 | Senegal | 0.684 | –5 | +0.002 | n/a |
| 100 | Paraguay | 0.683 | 4 | +0.011 | +0.028 |
| 101 | Nepal | 0.680 | 4 | +0.009 | +0.132 |
| 102 | Sri Lanka | 0.680 | –2 | +0.004 | -0.040 |
| 103 | Fiji | 0.678 | 3 | +0.008 | n/a |
| 104 | Malaysia | 0.677 | –3 | +0.002 | +0.027 |
| 105 | Hungary | 0.677 | –3 | +0.003 | +0.007 |
| 106 | China | 0.676 | –3 | +0.003 | +0.020 |
| 107 | Ghana | 0.673 | –18 | -0.016 | +0.007 |
| 108 | Korea, Rep. | 0.672 | 7 | +0.014 | +0.056 |
| 109 | Kenya | 0.671 | –33 | -0.029 | +0.023 |
| 110 | Belize | 0.671 | 1 | +0.008 | n/a |
| 111 | Sierra Leone | 0.668 | 3 | +0.007 | n/a |
| 112 | India | 0.668 | –4 | +0.003 | +0.066 |

**South Asia**

| Country | Rank | | Score |
|---|---|---|---|
| | Regional | Global | |
| Bangladesh | 1 | 50 | 0.726 |
| Nepal | 2 | 101 | 0.680 |
| Sri Lanka | 3 | 102 | 0.680 |
| India | 4 | 112 | 0.668 |
| Maldives | 5 | 123 | 0.646 |
| Bhutan | 6 | 131 | 0.635 |
| Pakistan | 7 | 151 | 0.564 |



# ११ विश्व भ्रमण तथा पर्यटनसम्बन्धी सूचक

विश्व भ्रमण तथा पर्यटनसम्बन्धी सूचक (ट्राभल एण्ड टुरिज्म कम्पिटेटिभ इण्डेक्स) मा नेपाल एक स्थान सुधार गरेर १०२ औं स्थानमा छ। वर्ल्ड इकोनोमिक फोरमले प्रकाशन गरेको प्रतिवेदनअनुसार सन् २०१९ मा १४० देशमध्ये नेपाल १०२ औं स्थानमा पर्न सफल भएको हो। अघिल्लो वर्ष नेपाल यस्तो सूचाकांकको १०३ औं स्थानमा थियो। पछिल्लो वर्ष नेपालले ३.३ अङ्क पाएको छ। सन् २०१७ मा नेपालले १.९ अङ्क पाएको थियो।

छिमेकी मुलुकहरू चीन र भारत भ्रमण तथा पर्यटनसम्बन्धी सूचकमा निकै अगाडि छन्। चीन १३ औं स्थानमा छ भने भारत ३४ औं स्थानमा रहेको छ।

पछिल्लो दुई वर्षमा नेपालको भ्रमण तथा पर्यटनसम्बन्धी सूचकमा केही सुधार देखिएको भए पनि अन्य देशको तुलनामा भ्रमण र पर्यटनका दृष्टिकोणले नेपाल अझै कमजोर मुलुकमा पर्छ। भ्रमण तथा पर्यटनसम्बन्धी नीति, पूर्वाधार, प्राकृतिक र सांस्कृतिक स्रोत आदिको आधारमा यस्तो सूचाकांक प्रकाशन हुने गरेको छ।

## T&T Competitiveness Index 2019 Overall Rankings

| Rank | Economy | Score¹ | Change since 2017 Rank | Change since 2017 Score² | Diff. from Global Avg. (%) |
|---|---|---|---|---|---|
| 1 | Spain | 5.4 | 0 | 0.3 | 41.4 |
| 2 | France | 5.4 | 0 | 1.5 | 40.4 |
| 3 | Germany | 5.4 | 0 | 2.0 | 40.0 |
| 4 | Japan | 5.4 | 0 | 2.1 | 39.6 |




| Rank | Economy | Score¹ | Change since 2017 Rank | Change since 2017 Score² | Diff. from Global Avg. (%) |
|---|---|---|---|---|---|
| 48 | Hungary | 4.2 | 1 | 3.4 | 9.0 |
| 49 | Peru | 4.2 | 2 | 3.1 | 8.3 |
| 50 | Argentina | 4.2 | 0 | 2.5 | 7.9 |
| 51 | Qatar | 4.1 | –4 | 1.5 | 7.5 |
| 52 | Chile | 4.1 | –4 | 0.9 | 6.6 |
| 53 | Latvia | 4.0 | 1 | 1.8 | 5.0 |
| 54 | Mauritius | 4.0 | 1 | 2.3 | 4.2 |
| 55 | Colombia | 4.0 | 7 | 4.7 | 4.2 |
| 56 | Romania | 4.0 | 12 | 5.7 | 3.7 |
| 57 | Israel | 4.0 | 4 | 3.6 | 3.5 |
| 58 | Oman | 4.0 | 8 | 5.1 | 3.4 |
| 59 | Lithuania | 4.0 | –3 | 1.5 | 3.3 |
| 60 | Slovak Republic | 4.0 | –1 | 2.0 | 3.3 |
| 61 | South Africa | 4.0 | –8 | –0.8 | 3.2 |
| 62 | Seychelles | 3.9 | n/a | n/a | 2.1 |
| 63 | Viet Nam | 3.9 | 4 | 3.4 | 1.7 |
| 64 | Bahrain | 3.9 | –4 | 0.4 | 1.5 |
| 65 | Egypt | 3.9 | 9 | 7.0 | 1.3 |
| 66 | Morocco | 3.9 | –1 | 2.2 | 1.2 |
| 67 | Montenegro | 3.9 | 5 | 5.6 | 1.1 |
| 68 | Georgia | 3.9 | 2 | 4.7 | 0.7 |
| 69 | Saudi Arabia | 3.9 | –6 | 1.4 | 0.7 |
| 70 | Ecuador | 3.9 | –13 | –1.2 | 0.4 |
| 71 | Azerbaijan | 3.8 | 0 | 2.7 | –1.3 |
| 72 | Brunei Darussalam | 3.8 | n/a | n/a | –1.7 |
| 73 | Dominican Republic | 3.8 | 3 | 4.2 | –1.9 |

| Rank | Economy | Score¹ | Change since 2017 Rank | Change since 2017 Score² | Diff. from Global Avg. (%) |
|---|---|---|---|---|---|
| 95 | Tanzania | 3.4 | –4 | –0.5 | –10.8 |
| 96 | Kuwait | 3.4 | 4 | 2.7 | –11.1 |
| 97 | Lao PDR | 3.4 | –3 | 0.4 | –11.2 |
| 98 | Cambodia | 3.4 | 3 | 2.4 | –11.8 |
| 99 | Guatemala | 3.4 | –13 | –3.2 | –11.8 |
| 100 | Lebanon | 3.4 | –4 | 0.3 | –12.1 |
| 101 | North Macedonia | 3.4 | –12 | –3.8 | –12.7 |
| 102 | Nepal | 3.3 | 1 | 1.9 | –13.0 |
| 103 | Moldova | 3.3 | 14 | 6.4 | –14.5 |
| 104 | Tajikistan | 3.3 | 3 | 3.1 | –14.6 |
| 105 | Bosnia and Herzegovina | 3.3 | 8 | 5.2 | –14.7 |
| 106 | Senegal | 3.3 | 5 | 3.8 | –15.2 |
| 107 | Rwanda | 3.2 | –10 | –3.4 | –15.5 |
| 108 | El Salvador | 3.2 | –3 | –1.3 | –16.0 |
| 109 | Paraguay | 3.2 | 1 | 2.7 | –16.0 |
| 110 | Kyrgyz Republic | 3.2 | 5 | 4.1 | –16.0 |
| 111 | Gambia, The | 3.2 | 1 | 3.4 | –16.1 |
| 112 | Uganda | 3.2 | –6 | –0.3 | –17.0 |
| 113 | Zambia | 3.2 | –5 | –0.6 | –17.8 |
| 114 | Zimbabwe | 3.2 | 0 | 1.2 | –18.0 |
| 115 | Ghana | 3.1 | 5 | 3.5 | –18.2 |
| 116 | Algeria | 3.1 | 2 | 2.5 | –18.2 |
| 117 | Venezuela | 3.1 | –13 | –4.6 | –18.6 |
| 118 | Eswatini | 3.1 | n/a | n/a | –18.8 |
| 119 | Côte d'Ivoire | 3.1 | –10 | –1.6 | –19.1 |
| 120 | Bangladesh | 3.1 | 5 | 7.3 | –19.4 |

# १२ विद्यालय भर्ना दर

संयुक्त राष्ट्रसंघ बालकोष (युनिसेफ) को विश्व प्रतिवेदन 'अ वर्ल्ड रेडी टु लर्न' मा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्नादर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भन्दै प्रशंसा गरिएको छ।

सन् २००० मा नेपालको विद्यालय भर्नादर १२ प्रतिशत थियो। सन् २०१७ मा आइपुग्दा यो दर बढेर ८६ प्रतिशत पुगेको छ। नेपालले शिक्षा क्षेत्रमा स्पष्ट नीति बनाएकोले यो सफलता सम्भव भएको प्रतिवेदनमा उल्लेख छ। सन् २००३ मा एक हजार ३८ वटा पूर्व-प्राथमिक शिक्षा केन्द्र भएकोमा सन् २०१५ मा आइपुग्दा यस्ता केन्द्रहरू ३५ हजार ९९१ पुगेको भन्दै प्रतिवेदनमा उच्च तहको राजनीतिक सहयोग र संयोजनकारी सहकार्यले नेपालमा यो सफलता प्राप्त हुन सकेको उल्लेख छ।

**Figure 1.1**

**Percentage of children on track in early literacy and numeracy skills, based on participation in early childhood education (ECE) programmes**



## १३ महिला व्यवसाय र कानून सूचक प्रतिवेदन


विश्व बैंकले हालै सार्वजनिक गरेको महिला, व्यवसाय र कानून सूचक (वुमेन, बिजनेस एण्ड द ल रिपोर्ट-२०२०) का अनुसार महिला, व्यवसाय र कानूनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशको सूचीमा नेपाल परेको छ, त्यो पनि उत्कृष्ट तीनमा।

१९० देशमध्ये नेपाल ७३.८ सूचकका साथ ११९औं स्थानमा छ। यद्यपि यो सन् २०१९ को प्रतिवेदनको तुलनामा धेरै राम्रो सुधार हो। यस प्रतिवेदनमा नेपाल ५३.१३ सूचकका साथ १६८औं स्थानमा थियो।

जागिरे र उद्यमी बन्न कानूनीरूपमा महिला र पुरूषबीच कुनै अड्चन भए-नभएको विश्लेषण गरिएको प्रतिवेदनमा औसत सूचकांक भने ६६.१ मात्र छ, जुन नेपालको भन्दा थोरै हो।

**WOMEN, BUSINESS AND THE LAW 2020 INDEX**

| Economy | Score | Economy | Score | Economy | Score | Economy | Score |
|---|---|---|---|---|---|---|---|
| Bulgaria | 90.6 | Montenegro | 81.9 | Benin | 74.4 | Papua New Guinea | 60.0 |
| Romania | 90.6 | Bahamas, The | 81.3 | Gambia, The | 74.4 | Niger | 59.4 |
| Ecuador | 89.4 | Puerto Rico | 81.3 | India | 74.4 | Comoros | 58.8 |
| Hong Kong SAR, China | 89.4 | Zambia | 81.3 | Maldives | 73.8 | Marshall Islands | 58.8 |
| El Salvador | 88.8 | Philippines | 81.3 | Nepal | 73.8 | Myanmar | 58.8 |
| Malta | 88.8 | Grenada | 80.6 | Angola | 73.1 | Palau | 58.8 |
| | | | 80.6 | Burundi | 73.1 | Tonga | 58.8 |
| | | | 80.6 | Russian Federation | 73.1 | Vanuatu | 58.1 |
| | | | 80.0 | Uganda | 73.1 | Algeria | 57.5 |
| | | | 80.0 | Kazakhstan | 72.5 | Gabon | 57.5 |
| | | | 80.0 | Bhutan | 71.9 | Cameroon | 56.9 |
| | | | 79.4 | Ethiopia | 71.9 | Solomon Islands | 56.9 |
| | | | 79.4 | Madagascar | 71.9 | United Arab Emirates | 56.3 |
| | | | 79.4 | Central African Republic | 71.3 | Brunei Darussalam | 53.1 |
| | | | 79.4 | St. Kitts and Nevis | 71.3 | Lebanon | 52.5 |
| | | | 78.8 | Guatemala | 70.6 | Equatorial Guinea | 51.9 |
| | | | 78.8 | Saudi Arabia | 70.6 | Libya | 50.0 |
| | | | 78.8 | South Sudan | 70.0 | Malaysia | 50.0 |
| | | | 78.8 | Tunisia | 70.0 | Bangladesh | 49.4 |
| | | | 78.8 | Eritrea | 69.4 | Pakistan | 49.4 |
| | | | 78.8 | Djibouti | 68.1 | Somalia | 46.9 |



१४

## विश्वका भ्रमण गर्नैपर्ने १५ मुलुकमा नेपाल

विश्वको एक प्रसिद्ध Wanderlust Magazine ले भ्रमण गर्नैपर्ने विश्वका १५ मुलुकमध्येमा नेपाललाई समावेश गरेको छ । यसबाट पर्यटकीय विश्व बजारमा नेपाल विशेष र उल्लेखनीय गन्तव्यका रूपमा विख्यात भएको स्पष्ट हुन्छ। नेपाल भ्रमण वर्ष २०२० अभियानको सञ्चालन भइरहेका बेला यसको सफलताका लागि यो एउटा महत्वपूर्ण आधार बनेको छ। विश्वको सर्वोच्च शिखर सगरमाथा, विश्व सम्पदा सूचीको प्रसिद्ध लुम्बिनीलगायत पर्यटकीय गन्तव्यहरू प्रसिद्ध रहेको नेपालमा एकसिङ्गे गैंडा, घडियाल, गोही, हात्ती र पाटे बाघको निम्ति चितवन राष्ट्रिय निकुञ्ज विशेष रहेको उक्त पत्रिकाले औंल्याएको छ।

